निष्पक्ष समाचारको विश्वसनीय माध्यम

हिमाली बेला

₹ ३/- Pages-8

वर्ष २०: अङ्क: २८७, वि.सं. २०८३, कार्तिक १० गते, मङ्गलवार, २७ अक्टोबर, २०२६ POSTAL REGD NO. WB/SKM/119/2024-2026 RNI NO.SIKNEP/2007/21386 27 OCTOBER, 2026, TUESDAY, GANGTOK

राज्यपालले वाल्मीकि जयन्तीमा दिल्लीको वाल्मीकि मन्दिरमा गरे पूजा-अर्चना

गान्तोक, २६ अक्टोबरः आदिकवि महर्षि वाल्मीकिको जयन्तीको अवसरमा राज्यपाल दुष्यन्त गौतमले नयाँ दिल्लीको प्रसिद्ध प्राचीन वाल्मीकि मन्दिरको भ्रमण गरेका छन्। मन्दिर परिसरमा पुगेपछि मन्दिर समिति र स्थानीय श्रद्धालुहरूले राज्यपाललाई स्वागत जनाए।

राज्यपालले मन्दिरमा महर्षि वाल्मीकिको दर्शन गरे तथा पूर्ण विधि-विधानका साथ पूजा-अर्चना गरेर आरती र हवनमा भाग लिए। यस अवसरमा राज्यपालले सबैलाई वाल्मीकि जयन्तीको हार्दिक बधाई दिए र महर्षि वाल्मीकिका विचार र रामायणमा दिइएका नैतिक मूल्य आफ्नो जीवनमा अपनाउन सन्देश दिए। उनले समाजमा शान्ति, समृद्धि र सामाजिक समरसताको कामना गरे।

मन्त्री लेप्चाले लाचुङमा आगलागी पीड़ित परिवारलाई हरसम्भव सहयोग पुर्‍याउने दिए वचन

गान्तोक, २६ अक्टोबरः सिक्किमका मुख्यमन्त्री पीएस गोलेको निर्देशनमा समाज कल्याण विभागका मन्त्री तथा लाचेन-मङ्गन निर्वाचन क्षेत्रका विधायक सामडुप लेप्चाले सोमवार लाचुङको भ्रमण गरेका छन्। उनले २१ अक्टोबरमा भएको विनाशकारी आगलागीका कारण क्षति पुगेका घरहरूको निरीक्षण गरे।

भ्रमणको क्रममा मन्त्रीले पीड़ित परिवारहरूसँग भेटघाट गर्नुका साथै क्षतिको विवरण लिए तथा सरकारको तर्फबाट सम्भव भएसम्मको सहयोग उपलब्ध गराउने आश्वासन दिए। मन्त्रीले पीड़ित परिवारहरूलाई सिक्किम गरीब आवास योजनाअन्तर्गत एक हप्ताभित्र घर उपलब्ध गराइने जानकारी दिए। साथै, उनीहरूलाई राहत तथा सहयोग प्रदान गर्न आवश्यक काम यथाशीघ्र शुरु गरिने बताए।

भ्रमणपछि मन्त्रीले लाचुङको समग्र विकासका विषयमा चर्चा गर्न लाचुङ जुम्सा र स्थानीय मानिसहरूसँग बैठक गरे। बैठकमा चुङ्थाङका एसडीएम, लाचुङ पिपन, चिताम्पा, ग्याम्बो, बीआरओ, ग्रेफका ओसी तथा अन्य अधिकारी र स्थानीय सर्वसाधारणको उपस्थिति थियो। बैठकमा लाचुङको विकास र कल्याणसँग सम्बन्धित विभिन्न विषयहरूमा चर्चा गरियो।

यसका साथै, मन्त्रीले उत्तर सिक्किममा सड़क विकासका विषयमा चर्चा गर्न बीआरओ, ग्रेफका अधिकारीहरूसँग पनि बैठक गरे। चर्चा मुख्यतया सड़क सञ्जाल, विद्यमान सड़कहरूको सुधार र जनताका लागि सुरक्षित तथा सहज यातायात सुनिश्चित गर्न आवश्यक पूर्वाधार विकासमा केन्द्रित थियो।

मन्त्रीले लाचुङका जनताको कल्याण र उत्तर सिक्किमको समग्र विकासका लागि आफ्नो प्रतिबद्धता दोहोर्‍याए। उनले मुख्यमन्त्री पीएस गोलेको मार्गदर्शन र नेतृत्वमा पीड़ित परिवारहरूलाई सहयोग गर्न तथा यस क्षेत्रका विकाससम्बन्धी आवश्यकता सम्बोधन गर्न आवश्यक कदम चालिने आश्वासन दिए।

नवनियुक्त सहायता अभियन्ताहरूका लागि आयोजित पाँचदिने आधारभूत तालिमको उद्घाटन

गान्तोक, २६ अक्टोबरः नवनियुक्त सहायक अभियन्ता (विद्युत्), २०२६ ब्याचका लागि आयोजित पाँचदिने आधारभूत तालिम तथा अभिमुखीकरण कार्यक्रमको उद्घाटन सत्र सोमवार गान्तोकस्थित प्रशासनिक तालिम संस्थानमा सम्पन्न भएको छ।

तालिममा सहभागी अधिकारीहरूलाई सम्बोधन गर्दै प्रशासनिक तालिम संस्थानका निर्देशक महेश शर्माले कार्यक्रमको पृष्ठभूमिबारे जानकारी दिए। उनले सहभागीहरूलाई कार्यालयका नियम तथा कार्यविधि, सिक्किम सरकारी सेवा नियमावली, सिक्किम भ्रमण भत्ता नियमावली (१९८०), भ्रष्टाचार

➡रहल पृष्ठ ७ मा

मिस्टर सिक्किमको २५औँ र मेन्स एण्ड विमेन्स फिजिक्स च्याम्पियनशिपको आठौँ संस्करण आयोजनको तयारी

● कुणाल राई

गान्तोक, २६ अक्टोबरः सिक्किम स्टेट बडी बिल्डिङ एसोसिएशन (एसएसबीबीए)-ले आगामी ३१ अक्टोबरमा रानीपुलस्थित सरम्सा गार्डेनमा मिस्टर सिक्किमको २५औँ संस्करण तथा मेन्स एण्ड विमेन्स फिजिक्स च्याम्पियनशिपको आठौँ संस्करण आयोजन गर्ने तयारी पूरा गरेको छ।

राजधानीमा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै एसएसबीबीएका अध्यक्ष अरुण कुमार गुरुङले भने, ''सिक्किमको सबैभन्दा पुरानो बडी बिल्डिङ संस्थाका रूपमा रहेको एसएसबीबीएका लागि यो वर्ष मिस्टर सिक्किमको २५औँ संस्करण आयोजन गर्नु निकै गौरव र सम्मानको विषय हो। मिस्टर सिक्किम भने सिक्किमका बडी बिल्डरहरूका लागि

एक प्रतिष्ठित प्रतियोगिता हो।''

''एसएसबीबीएले आफ्नो रजत जयन्तीको कोसेढुङ्गा पार गरेको छ र यस वर्षको प्रतियोगिता राज्यका बडी बिल्डरहरूका लागि विशेष अर्थ राख्छ''-उनले जानकारी दिँदै भने, ''यस वर्ष कुल छः विधामा प्रतियोगिता सञ्चालन हुनेछन्। मिस्टर सिक्किमअन्तर्गत ५५ केजी, ६५ केजी, ७० केजी र ७० केजीभन्दा माथिका तौल समूह गरी चार विधामा प्रतिस्पर्धा हुनेछ। यो प्रतियोगिता विशेष गरी सिक्किमका बडी बिल्डरहरूका लागि मात्र हो। सहभागी हुन चाहनेहरूले पञ्जीकरणका लागि सीओआई, आरसी वा एसएससीजस्ता दस्तावेज पेश गर्नुपर्नेछ।''

त्यसैगरी, महिला तथा पुरुष फिजिक्स च्याम्पियनशिपको आठौँ

➡रहल पृष्ठ ७ मा

सिक्किम कला तथा साहित्य महोत्सवको तयारीलाई लिएर समन्वय बैठक सम्पन्न

गान्तोक, २६ अक्टोबरः आगामी सिक्किम कला तथा साहित्य महोत्सवको तयारी तथा आवश्यक व्यवस्थाबारे चर्चा गर्न विधायक तथा विध्यार्थी प्रकोष्ठका उपाध्याक्ष प्रभारी आदित्य गोलको नेतृत्वमा समन्वय बैठक सम्पन्न भएको छ। बैठकमा विद्यार्थी कल्याण बोर्डका अध्यक्ष सोनाम छोपेल शेर्पा, संस्कृति विभागकी अध्यक्ष भीमकुमारी शर्मा, जीएमसीका आयुक्त ग्यादेन छोपेल, वरिष्ठ पुलिस अधीक्षक डा. छिरिङ ग्याछो, अतिरिक्त पुलिस अधीक्षक कर्मा छेचुप भोटिया, उपरीक्षक मिङग्युर टेम्पो नाडिक तथा पुलिस निरीक्षक दीपा शर्मा, टिमवर्क आर्ट्सका प्रतिनिधि टेङ्गो वाङ्याल, विद्यार्थी कल्याण बोर्डका सदस्यहरू डा. सावित्री मुखिया र कुञ्जाङ छेकी, एसकेएम विद्यार्थी मोर्चाका सदस्यहरू अभिषेक छेत्री र फुर्बा भोटियाको उपस्थिति रहेको थियो।

बैठकमा महोत्सव स्थलको व्यवस्थापन, यातायात नियमन, भीड़ नियन्त्रण, सार्वजनिक सुरक्षा तथा अन्य आवश्यक व्यवस्थापकीय पक्षहरूमा मुख्य रूपमा चर्चा गरियो। महोत्सव अवधिभरि प्रभावकारी यातायात व्यवस्थापन, शान्ति तथा सुव्यवस्था कायम राख्ने, भीड़को आवागमन व्यवस्थित गर्ने र सम्भावित सुरक्षा चुनौतीहरूलाई सम्बोधन गर्ने विषयमा पुलिस प्रशासनको भूमिकामाथि विशेष जोड़ दिइयो। महोत्सवलाई सुरक्षित, व्यवस्थित र सहज रूपमा सम्पन्न गर्न पुलिस, सम्बन्धित विभाग, आयोजक समिति तथा अन्य सरोकारवालाबीच घनिष्ठ समन्वय र सहकार्यको आवश्यक्ताबारे बैठकमा चर्चा भएको बताइएको छ। सबै सरोकारवालाको सामूहिक प्रयासले सिक्किमको समृद्ध सांस्कृतिक सम्पदा, साहित्य, कला तथा सिर्जनशील अभिव्यक्तिको उत्सवका रूपमा सिक्किम कला तथा साहित्य महोत्सव २०२६ लाई सफल बनाउन साझा प्रतिबद्धता जाहेर गरिएको छ।

भाजपा सिक्किमका अध्यक्ष नयाँ दिल्लीमा आयोजित साङ्गठनिक बैठकमा सहभागी

गान्तोक, २६ अक्टोबर (हिस): भारतीय जनता पार्टीका सिक्किम प्रदेश अध्यक्ष डीआर थापा सोमवार प्रदेश महासचिव अर्जुन राईसँग नयाँ दिल्लीस्थित भाजपा मुख्यालयमा आयोजित महत्त्वपूर्ण सङ्गठनात्मक बैठकमा सहभागी बने। भाजपा सिक्किमले सामाजिक सञ्जालमार्फत दिएको जानकारीअनुसार, बैठकमा केन्द्रिय गृहमन्त्री तथा सहकारितामन्त्री अमित शाह र भाजपा राष्ट्रिय अध्यक्ष नितिन नवीनलगायत अन्य वरिष्ठ नेताहरू सहभागी थिए। पार्टीका नेतृत्वहरूको मार्गदर्शनमा सम्पन्न उक्त बैठकमा पार्टीका प्रमुख सङ्गठनात्मक विषयहरूका साथै पार्टीको विस्तार, सङ्गठनलाई थप सुदृढ़ बनाउने तथा भावी कार्यदिशासँग सम्बन्धित महत्त्वपूर्ण विषयहरूमा चर्चा गरिएको बताइएको छ।

जनसङ्ख्या गणना चरण-२ लाई लिएर मुख्य प्रशिक्षकहरूका लागि तालिम आयोजित

गान्तोक, २६ अक्टोबरः भारतको जनगणना २०२७ अन्तर्गत जनसङ्ख्या गणना चरण-२ का लागि मुख्य प्रशिक्षकहरूको तालिम कार्यक्रम सोमवार गान्तोकस्थित जिल्ला प्रशासनिक केन्द्र (डीएसी)-को सम्मेलन कक्षमा शुरु भएको छ। सिक्किमका विभिन्न जिल्लाबाट मनोनीत अधिकारीहरूको सक्रिय सहभागिता रहेको यो तालिम ३० अक्टोबरसम्म सञ्चालन हुनेछ।

तालिमको बिहानको सत्रमा गान्तोकका अतिरिक्त जिल्लापाल तथा जिल्ला जनगणना अधिकारी सिसुम वाङ्चुक भोटियाको उपस्थिति रहेको थियो। तालिम सत्रहरू राष्ट्रिय प्रशिक्षक तेजराम मेहेर (एडीसीओ, डीसीओ सिक्किम) र विमलेश कुमार (एसआई ग्रेड-१, डीसीओ सिक्किम)-द्वारा सञ्चालन भइरहेका छन्।

तालिममा सहभागी मुख्य प्रशिक्षकहरूमा नेनेला काजी, संयुक्त निर्देशक, डेस्मी, निम पिञ्चो भोटिया, महकुमा अधिकारी (मुख्यालय)-नाम्ची, भूमि राजस्व तथा आपदा प्रबन्धन विभाग, प्रवेश राई, एसईआई, ग्रेड-२, डेस्मी, सिक्किम, प्रणय आचार्य, एसआई ग्रेड-२, डीसीओ सिक्किम, सोनाम वाङ्याल लेप्चा, संयुक्त निर्देशक/डीडीएमए, भूमि राजस्व तथा आपदा प्रबन्धन विभाग, सुरेश राई, अतिरिक्त जिल्लापाल-गेजिङ, भूमि राजस्व तथा आपदा प्रबन्धन विभाग रहेका छन्।

यस कार्यक्रमको उद्देश्य मुख्य

➡रहल पृष्ठ ७ मा

कर्फेक्टारमा राज्य निजामति सेवा र सिक्किम वित्त तथा लेखा सेवा प्रशिक्षार्थीहरूका लागि आधारभूत तालिम शुरु

जोरथाङ, २६ अक्टोबरः जोरथाङको कर्फेक्टारमा अवस्थित सिक्किम सरकारको स्वायत संस्थान राज्य ग्रामीण विकास एवं पञ्चायती राज संस्थान (एसआईआरडी र पीआर)-ले राज्य निजामति सेवा र सिक्किम वित्त तथा लेखा सेवाका प्रशिक्षार्थीहरू (ब्याच २०२५-२६)-का लागि आधारभूत तालिम कार्यक्रमको उद्घाटन गरेको छ।

उद्घाटन सत्रको शुरुआत प्रशिक्षार्थीहरूको आगमन र पञ्जीकरण प्रक्रियाबाट भयो। यस क्रममा जूम-सालघारीका विधायक तथा सिक्किम सरकारको यातायात र कौशल विकास विभागका सल्लाहकार मदन सिञ्चुरीलाई न्यानो स्वागत गरियो। कार्यक्रममा प्रशिक्षार्थीहरूको शिक्षण यात्राको शुरुआतलाई सङ्केत गर्दै तालिमका लागि विशेष रूपमा तयार पारिएको सेल्फी बुथको पनि उद्घाटन गरियो।

कार्यक्रममा स्वागत सम्बोधन तथा सहभागीहरूको परिचयपछि एसआईआरडी तथा पीआर सिक्किमका गतिविधि, पहल र संस्थागत जिम्मेवारीहरूलाई समेटिएको एक प्रवर्द्धनात्मक भिडियो देखाइयो।

एसआईआरडी तथा पीआरका वरिष्ठ सङ्काय सदस्य एवं कोर्स निर्देशक चन्द्र बी मगरले तालिमको तालिका, उद्देश्य र मुख्य पक्षबारे जानकारी दिँदै कोर्स अभिमुखीकरण गराए। प्रशिक्षार्थीहरूले पनि आफ्ना अपेक्षा र शिक्षणका आकाङ्क्षाहरू साझा गरे। उनीहरूले आफ्नो ज्ञान, व्यावसायिक क्षमता र सार्वजनिक प्रशासनसम्बन्धी बुझाइलाई सुदृढ़ पार्ने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रमलाई सम्बोधन गर्दै एसआईआरडी तथा पीआरका विशेष सचिव तथा निर्देशक विशाल मुखियाले सार्वजनिक प्रशासनमा अधिकारीहरूलाई आफ्नो जिम्मेवारीका लागि तयार पार्न व्यवस्थित आधारभूत तालिमको महत्त्वमाथि प्रकाश पारे। उनले व्यावसायिक निष्ठा, समर्पण, जवाफदेहिता र नागरिककेन्द्रित शासन पद्धतिको महत्त्वमाथि जोड़ दिँदै अधिकृतहरूले इमानदारी र प्रतिबद्धताका साथ आफ्नो कर्तव्य निर्वाह गर्नुपर्ने आवश्यकता औँल्याए।

मुख्य वक्ताका रूपमा जूम-सालघारीका क्षेत्र विधायक तथा सिक्किम सरकारको यातायात एवं कौशल विकास विभागका सल्लाहकार मदन सिञ्चुरीले प्रशिक्षार्थीहरूलाई सार्वजनिक सेवाका सिद्धान्तहरू पालना गर्न, जनताको कल्याणप्रति प्रतिबद्ध रहन तथा राज्य र यसका नागरिकहरूप्रति इमानदारी, अनुशासन एवं बलियो जवाफदेहिताका साथ आफ्ना पदीय जिम्मेवारी निर्वाह गर्न प्रोत्साहित गरे। एसआईआरडी तथा पीआरकी अतिरिक्त निर्देशक चन्द्रकला राईद्वारा धन्यवाद ज्ञापनसहित उद्घाटन सत्र सम्पन्न भयो। उनले विशिष्ट अतिथि, वरिष्ठ पदाधिकारीगण, प्राध्यापक/प्रशिक्षक र प्रशिक्षार्थीहरूलाई उनीहरूको उपस्थिति तथा सहभागिताका लागि आभार व्यक्त गरे।

आधारभूत प्रशिक्षण कार्यक्रमको उद्देश्य

➡रहल पृष्ठ ७ मा

'आमाको खाना' अभ्यासको केन्द्रिय शिक्षा सहसचिवद्वारा प्रशंसा

गान्तोक, २६ अक्टोबरः हालै गान्तोकमा भारत सरकारको शिक्षा मन्त्रालयका सहसचिवको अध्यक्षतामा 'पीएम पोषण' योजनासम्बन्धी पूर्वोत्तर राज्यहरूको दुईदिने समीक्षा बैठक सम्पन्न भएको छ। उक्त बैठकमा गान्तोक जिल्लास्थित माखा एसएसएसकी प्रचार्या सरिता प्रधानद्वारा शुरु गरिएको आमाको खाना नामक असल अभ्यासको उच्च प्रशंसा गरिएको शिक्षा विभागका उपनिर्देशक (पीएम पोषण) -द्वारा जारी पत्रमा उल्लेख छ।

यस पहलअन्तर्गत पहिलोदेखि आठौँ श्रेणीसम्मका विद्यार्थीहरूका आमाहरूले पालैपालो हरेक महिना कुनै एक कक्षाका लागि विशेष खाना तयार पारी खुवाउने गर्छन्। आमाहरूले मातृस्नेहका साथ खाना पकाउँछन् र मेनुमा स्थानीय, परम्परागत तथा पौष्टिक परिकारहरू समावेश गर्छन्।

यसबाट 'पीएम पोषण' योजनामा सामुदायिक सहभागिता र अपनत्वमा वृद्धि, खानाको स्वाद, गुणस्तर र

पौष्टिक मूल्यमा सुधार, आमा र विद्यालय व्यवस्थापन समिति (एसएमसी)-को सक्रिय संलग्नता, खानाको बर्बादीमा कमी र सो दिन विद्यार्थीहरूको उपस्थितिमा वृद्धि, स्थानीय खाद्य संस्कृतिको संरक्षण उपलब्धिहरू हासिल भएका छन्।

मन्त्रालयले समुदायको नेतृत्वमा सञ्चालित यो नमुनाको प्रशंसा गरेको छ र आगामी दिनहरूमा अन्य विद्यालयहरूले पनि यस्तै अभ्यास अपनाउन् भन्ने अपेक्षा व्यक्त गरेको छ।

मुख्य निर्वाचन आयुक्तलाई बचाउन सरकारले सबै हतकण्डा अपनाउँदैछः खड्गे

नयाँ दिल्ली, २६ अक्टोबर (हिस): कङ्ग्रेस अध्यक्ष मल्लिकार्जुन खड्गेले मतदाता नामावलीको विशेष गहन पुनरीक्षण (एसआईआर) मा प्रयोग भइरहेको सफ्टवेयरबारे सूचनाको अधिकार (आरटीआई) अन्तर्गत जानकारी माग्दा निर्वाचन आयोगले यसलाई 'व्यापारिक गोपनीयता' भन्दै जानकारी दिन अस्वीकार गरेको आरोप लगाएका छन्। उनले मत चोरीको आरोप सम्बन्धी लगातार खुलासाहरू भइरहे पनि सरकारले मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारलाई बचाउन सबै हथकण्डा अपनाइरहेको आरोप लगाए। खड़गेले सामाजिक सञ्जाल एक्स मार्फत उत्तर प्रदेशमा मतदाता नामावलीसँग सम्बन्धित मामिलाहरूको उल्लेख गर्दै १६.१८ लाख फारम-६ आवेदनको विवरण सार्वजनिक नगरिएको बताए। उनले पीलीभीतमा १० हजार ४७० मतदाताको अभिलेखमा अनियमितता भएको आरोप समेत लगाए। उनले अब उत्तर प्रदेशमा फारम-६, ७ र ८ को जाँच गर्न आदेश दिनुपर्ने अवस्था आएको बताए। खड़गेल मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारसँग राजीनामा दिन माग गर्दै उनलाई संरक्षण प्रदान गर्ने भनिएको साल २०२३ को कानून फिर्ता लिन पनि माग गरे। उनले एसआईआर प्रक्रिया तत्काल रोक्न तथा कथित रूपमा अवैध ढङ्गले हटाइएका मतदाताका नाम पुनः समावेश गर्न माग गरे। उनले सबै निर्वाचन मतपत्र मार्फत गराउनुपर्ने माग समेत गरे। कङ्ग्रेस अध्यक्षले नागरिकहरूलाई १ नोभेम्बरमा दिल्लीको रामलीला मैदान पुगेर 'भोट बचाऔँ-देश बचाऔँ' मार्च तथा विशाल जनसभामा सहभागी हुन अपील गरे। उनले मतदाता नामावली र निर्वाचन प्रक्रियासँग सम्बन्धित विषयमा यस अभियानमा सहभागी हुन पनि सर्वसाधारणलाई आग्रह गरे।

खड़गेको टिप्पणीको विरोधमा दिल्ली भाजपाको प्रदर्शन

प्रधानमन्त्री नरेन्द्र मोदीविरुद्ध कङ्ग्रेस अध्यक्ष मल्लिकार्जुन खड़गेले गरेको कथित टिप्पणीको विरोधमा सोमवार भारतीय जनता पार्टी(भाजपा) का दिल्ली प्रदेश अध्यक्ष हर्ष मल्होत्राको नेतृत्वमा पार्टीक वरिष्ठ नेता एवं कार्यकर्ताहरूले राजा जी मार्गमा प्रदर्शन गरे। भाजपाका नेताहरू सेना भवन सर्कल, राजा जी मार्ग, विजय चोक नजिकै भेला भएर कङ्ग्रेस तथा यसका अध्यक्ष मल्लिकार्जुन खड़गेको विरोधमा प्रदर्शन गरे। खड़गेले प्रधानमन्त्री नरेन्द्र मोदीको सम्बन्धमा आपत्तिजनक शब्द प्रयोग गरेको आरोप भाजपले लगायो। विरोध प्रदर्शन अवधि दिल्ली पुलिसले दिल्ली भाजपाका अध्यक्ष हर्ष मल्होत्रा, उपाध्यक्ष राजेश भाटिया, महासचिव मोहनलाल गिहारा तथा अन्य नेताहरूलाई हिरासतमा लियो। पुलिसले ती सबैलाई मन्दिर मार्ग पुलिस स्टेशनमा लिएर गयो। भाजपाका नेताहरूले कङ्ग्रेस अध्यक्षको टिप्पणीप्रति विरोध व्यक्त गर्दै यसलाई प्रधानमन्त्रीमाथि अनुपयुक्त भाषाको प्रयोग बताए।

आसियानका रक्षामन्त्रीहरूको बैठक २८-२९ अक्टोबरमा फिलिपिन्समा

नयाँ दिल्ली, २६ अक्टोबर (हिस): फिलिपिन्सको सेबुमा २८ देखि २९ अक्टोबरसम्म आयोजना हुने दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको सङ्गठन (आसियान) को १३औँ रक्षा मन्त्रीस्तरीय बैठक (एडीएमएम-प्लस) मा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व रक्षामन्त्री राजनाथ सिंहले गर्नेछन्। उनले क्षेत्रीय तथा अन्तरराष्ट्रिय सुरक्षा मुद्दाहरूमा बैठकलाई सम्बोधन गर्नेछन्।

रक्षामन्त्रीले एडीएमएम-प्लस बैठकका क्रममा सहभागी देशका आफ्ना समकक्षीहरूसँग द्विपक्षीय वार्ता गर्नेछन्। उनले आसियान देशहरूसँग जारी रक्षा सम्बन्धको समीक्षा गर्नुका साथै रणनीतिक साझेदारीलाई थप सुदृढ़ बनाउने उपायहरूबारे छलफल गर्नेछन्। यो मञ्च सदस्य राष्ट्रहरूबीच सुरक्षा तथा रक्षा सहयोगलाई बलियो बनाउने महत्त्वपूर्ण माध्यम हो।

दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन (आसियान) र यसका आठ संवाद साझेदारहरू सहभागी रहेको यो एक महत्त्वपूर्ण रक्षा मञ्च हो। साल २०१० मा स्थापना भएको यस मञ्चमा आसियानका ११ सदस्य राष्ट्र-ब्रुनाई, कम्बोडिया, इन्डोनेसिया, लाओ पीडीआर, मलेसिया, म्यान्मार, फिलिपिन्स, सिङ्गापुर, थाइल्यान्ड, तिमोर-लेस्ते र भियतनाम-का साथै आठ साझेदार राष्ट्र भारत, चीन, रुस, अमेरिका, जापान, दक्षिण कोरिया, अस्ट्रेलिया र न्युजिल्यान्ड सहभागी छन्। यस मञ्चको उद्देश्य एसिया-प्रशान्त तथा हिन्द-प्रशान्त क्षेत्रमा शान्ति, स्थिरता र रक्षा तथा सुरक्षा मामिलामा पारस्परिक सहयोगलाई प्रवर्द्धन गर्नु हो। यस अन्तर्गत आतङ्कवाद नियन्त्रण, समुद्री सुरक्षा, प्राकृतिक विपद् व्यवस्थापन, शान्ति अभियान, सैन्य चिकित्सा, मानवीय खानी कारबाही तथा साइबर सुरक्षा जस्ता विषयमा सहकार्य गरिन्छ।

भारत साल १९९२ मा आसियानको संवाद साझेदार बनेको थियो। पहिलो एडीएमएम-प्लस बैठक १२ अक्टोबर २०१० मा भियतनामको हनोईमा आयोजना भएको थियो। साल २०१७ देखि आसियान र साझेदार राष्ट्रहरूबीच रक्षा सहयोगलाई सुदृढ़ बनाउने उद्देश्यले यस मञ्चका रक्षामन्त्रीहरू प्रत्येक वर्ष बैठकमा सहभागी हुँदै आएका छन्।

साल २०२६ का लागि फिलिपिन्स एडीएमएम-प्लसको अध्यक्ष राष्ट्र रहेको छ। एडीएमएम-प्लस अन्तर्गत भारतले साल २०२४ देखि २०२७ सम्मको कार्यकालका लागि मलेसियासँग मिलेर आतङ्कवाद नियन्त्रण सम्बन्धी विशेषज्ञ कार्यसमूहको सहअध्यक्षता गरिरहेको छ। एडीएमएम-प्लस प्रणालीमा भारतको सक्रिय सहभागिताले 'एक्ट इस्ट' नीति अन्तर्गत दक्षिणपूर्वी एसियामा भारतको बढ्दो रक्षा कूटनीतिलाई प्रतिबिम्बित गर्छ। यस नीतिको उद्देश्य उक्त क्षेत्रमा शान्ति, स्थिरता र सामूहिक विकास सुनिश्चित गर्नु हो।

सहभागिता जनाउन खड्गेको अपील

नयाँ दिल्ली, २६ अक्टोबर (हिस): कङ्ग्रेस अध्यक्ष मल्लिकार्जुन खड़गेले मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा तथा मतदाता नामावलीको विशेष गहन पुनरीक्षण (एसआईआर) प्रक्रिया तत्काल रोक्नुपर्ने मागसहित १ नोभेम्बरमा दिल्लीको रामलीला मैदानमा आयोजना हुने 'भोट बचाऔँ, देश बचाऔँ' ऱ्यालीमा ठूलो सङ्ख्यामा सहभागी हुन सर्वसाधारणलाई अपील गरेका छन्। खड़गेले सोमवार सामाजिक सञ्जाल एक्समा भीडियो जारी गर्दै चाड़पर्वको समयमा मानिसहरू अत्यधिक महँगीको मारमा परिरहेको तर सरकारलाई यसप्रति कुनै चिन्ता नरहेको बताए। उनले करोड़ौँ भारतीय नागरिकको मतदान गर्ने संवैधानिक अधिकार खतरामा रहेको उल्लेख गर्दै यसका लागि निर्वाचन आयुक्त ज्ञानेश कुमारलाई जिम्मेवार ठहर गरे। खड़गेले सबै विपक्षी दलहरूको माग ज्ञानेश कुमारले राजीनामा दिनुपर्ने र एसआईआर प्रक्रिया तत्काल रोक्नुपर्ने रहेको बताए।

दिल्लीमा आईएमए-आयुषको ४०औँ धन्वन्तरी जयन्ती समारोह १ नोभेम्बरमा

नयाँ दिल्ली, २६ अक्टोबर (हिस): इन्टिग्रेटेड मेडिकल एसोसिएशन (आईएमए-आयुष) को आयोजनामा भगवान् धन्वन्तरि जयन्तीको ४०औँ समारोह १ नोभेम्बरमा यहाँ स्थित एनडीएमसी अडिटोरियममा आयोजना गरिने भएको छ। समारोहको उद्घाटन दिल्लीका महापौर प्रवेश वाहीले गर्नेछन् भने दिल्लीका स्वास्थ्य मन्त्री डा.पङ्कज कुमार सिंह प्रमुख अतिथिका रूपमा सहभागी हुनेछन्।कार्यक्रमको अध्यक्षता अखिल भारतीय आयुर्वेद संस्थानका निदेशक डा.पीके प्रजापतिले गर्नेछन्। संस्थाका प्रवक्ता तथा कानुनी समितिका अध्यक्ष डा.रामफल पाँचालले सोमवार जारी गरेको एक विज्ञप्तिमा समारोहका क्रममा आयुर्वेद तथा भारतीय चिकित्सा पद्धतिको विकास, प्रचारप्रसार र स्वास्थ्य सेवामा उल्लेखनीय योगदान पुऱ्याउने चिकित्सक, शिक्षाविद् तथा अन्य विशिष्ट व्यक्तित्वहरूलाई सम्मानित गरिने जानकारी दिएका छन्।

डा. पाँचाल अनुसार, यस वर्ष धन्वन्तरि पुरस्कारबाट दिल्ली स्थित आयुर्वेदिक तथा युनानी तिब्बिया कलेजका पूर्व प्राचार्य एवं दिल्ली विश्वविद्यालयको चिकित्सा विज्ञान संकायका पूर्व डिन डा.केके सिजोरिया र डाबर इन्डिया लिमिटेडका निदेशक डा. दुर्गा प्रसादलाई सम्मानित गरिनेछ। यस बाहेक आयुर्वेद चिकित्सा क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्तिहरूलाई सुश्रुत तथा चरक पुरस्कार प्रदान गरिनेछ। त्यस्तै, संस्थाका गतिविधिहरूमा विशिष्ट योगदान दिने व्यक्तिहरूलाई डा. जेएस पँवार स्मृति पुरस्कार तथा डा.हरिशङ्कर देव शर्मा स्मृति पुरस्कारबाट सम्मानित गरिनेछ। चिकित्सा क्षेत्रसँगै पत्रकारितामा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिहरूलाई सम्मानित गर्नु पनि संस्थाको परम्परा रहँदै आएको छ। यसै क्रममा यस वर्ष पत्रकारिताको क्षेत्रमा विशिष्ट योगदानका लागि सुश्री सर्जना शर्मालाई विशेष सम्मान प्रदान गरिनेछ।

डा.पाँचालले आईएमए-आयुषले विगत ४० वर्षदेखि नियमित रूपमा भगवान् धन्वन्तरि जयन्ती समारोह आयोजना गर्दै आएको बताए। संस्थाले आयुर्वेद तथा अन्य भारतीय चिकित्सा पद्धतिको विकास, प्रवर्द्धन र यस क्षेत्रमा अध्ययन पूरा गरेका स्नातकहरूको हितका लागि निरन्तर काम गर्दै आएको छ। साथै, भारतीय चिकित्सा पद्धतिलाई प्रोत्साहन गर्न तथा यससँग सम्बन्धित विषयमा भारत सरकारसँग सहकार्य गर्दै आएको छ।

उनले देशमा आयुष मन्त्रालय तथा दिल्लीमा भारतीय चिकित्सा पद्धतिसँग सम्बन्धित छुट्टै निदेशनालयको स्थापना यस क्षेत्रको संस्थागत विकासतर्फको महत्त्वपूर्ण कदम भएको बताए। गैरसरकारी संस्थाका रूपमा आईएमए-आयुषले चिकित्सा गतिविधिका अतिरिक्त सामाजिक तथा जनकल्याणकारी कार्यहरूमा पनि सक्रिय भूमिका निर्वाह गर्दै आएको छ। कोरोना महामारीका क्रममा संस्थाका चिकित्सकहरूले विभिन्न चुनौतीका बाबजुद जनसेवामा योगदान पुर्याएका थिए। डा. पाँचालले संस्थाले प्रत्येक वर्ष देशका विभिन्न राज्यका आयुर्वेदिक तथा युनानी चिकित्सा महाविद्यालयमा प्रथम स्थान हासिल गर्ने विद्यार्थीहरूलाई पुरस्कार प्रदान गरी सम्मानित गर्दै आएको पनि बताए। यसको उद्देश्य प्रतिभाशाली विद्यार्थीहरूको उत्साहवर्धन गर्नुका साथै भारतीय चिकित्सा पद्धतिका क्षेत्रमा शैक्षिक उत्कृष्टतालाई प्रोत्साहन गर्नु रहेको छ। उनले भगवान् धन्वन्तरि जयन्तीको ४०औँ समारोहले आयुर्वेद, भारतीय चिकित्सा पद्धति, चिकित्सा शिक्षा तथा जनसेवाका क्षेत्रमा कार्यरत व्यक्तिहरूलाई साझा मञ्च प्रदान गर्ने विश्वास व्यक्त गरे। साथै, यस समारोहले नयाँ पुस्ताका चिकित्सक तथा विद्यार्थीहरूलाई समाजप्रतिको आफ्नो दायित्व निर्वाह गर्न प्रेरित गर्ने उनले बताए। समारोहमा विशिष्ट अतिथिका रूपमा राष्ट्रिय भारतीय चिकित्सा पद्धति आयोगको नैतिकता तथा दर्ता बोर्डका अध्यक्ष डा. सुश्रुत कन्नौजिया, लालबहादुर शास्त्री राष्ट्रिय संस्कृत विश्वविद्यालयका कुलपति प्रा.मुरली मनोहर पाठक तथा नेसनल युनियन अफ जर्नालिस्ट्सका अध्यक्ष राकेश थपलियाललाई आमन्त्रण गरिएको छ।

कश्मीरमा चिसो बढ्यो, लेहमा माइनस ४.१ डिग्री सेल्सियस

श्रीनगर, २६ अक्टोबर (हिस): कश्मीर उपत्यकामा चिसो बढ्न थालेको छ। शोपियाँ उपत्यकाकै सबैभन्दा चिसो क्षेत्र रह्यो, जहाँ न्यूनतम तापक्रम माइनस ०.१ डिग्री सेल्सियस रेकर्ड गरिएको छ। लद्दाखको लेहमा न्यूनतम तापक्रम माइनस ४.१ डिग्री सेल्सियस रह्यो। राजौरीमा तापक्रम ७.६ डिग्री सेल्सियस र किश्तवाड़मा ७.९ डिग्री सेल्सियस रेकर्ड गरिएको छ।

प्रमुख पर्यटकीय स्थलहरूको कुरा गर्दा पहलगाममा न्यूनतम तापक्रम ०.२ डिग्री सेल्सियस रेकर्ड गरिएको छ भने गुलमर्ग र सोनमर्गमा क्रमशः ०.६ र ०.५ डिग्री सेल्सियस रहेको छ। श्रीनगरमा न्यूनतम तापक्रम ३.३ डिग्री सेल्सियस रेकर्ड गरिएको छ। काजिगुन्डमा तापक्रम २.६ डिग्री सेल्सियस र कुपवाड़ामा २.८ डिग्री सेल्सियस रहेको छ। श्रीनगर विमानस्थलमा न्यूनतम तापक्रम १.८ डिग्री सेल्सियस रेकर्ड गरिएको छ भने अवन्तिपोरा र बडगाममा क्रमशः १ र २ डिग्री सेल्सियस रहेको छ। पुलवामामा न्यूनतम तापक्रम ०.६ डिग्री सेल्सियस रेकर्ड गरिएको छ भने पम्पोरको कोनिबलमा २.१ डिग्री सेल्सियस रहेको छ। बारामुला र बाँदीपोरामा न्यूनतम तापक्रम क्रमशः ४.२ र ३.३ डिग्री सेल्सियस रेकर्ड गरिएको छ। जम्मु क्षेत्रमा जम्मु शहरको न्यूनतम तापक्रम १४.४ डिग्री सेल्सियस रहेको छ भने कठुआ र जम्मु विमानस्थलमा क्रमशः १५.२ र १६.३ डिग्री सेल्सियस रेकर्ड गरिएको छ। बनिहालमा न्यूनतम तापक्रम ६ डिग्री सेल्सियस रहेको छ भने भद्रवाहमा ४.२ डिग्री सेल्सियस रेकर्ड गरिएको छ।

भाजपाले पैसा र धम्कीको बलमा मानिसहरूलाई प्रभावित पारिरहेको छः ममता ब्यानर्जी

कोलकाता, २६ अक्टोबर (हिस): पश्चिम बङ्गालकी पूर्व मुख्यमन्त्री तथा तृणमूल कङ्ग्रेसकी प्रमुख ममता ब्यानर्जीले भाजपामाथि पैसा र धम्कीको बलमा मानिसहरूलाई प्रभावित पारेको आरोप लगाएकी छन्। उनले भनिन्, पुलिसको ज्यादती निकै बढ़ेको छ। आयोगले उनलाई सबै दस्तावेजहरू जमा गर्न भनेको छ जबकि जिल्लाधिकारी, खण्ड विकास अधिकारी (बीडीओ), थाना अधिकारी तथा पुलिस अधीक्षकहरूको माध्यमबाट मानिसहरूलाई धम्काइँदैछ। ममता ब्यानर्जीले आरोप लगाइन्, सरकारले मानिसहरूलाई कानुनी दस्तावेज, स्ट्याम्प पेपर एवं नोटरीबाट प्रमाणित शपथ पत्रहरू उपलब्ध गरिरहेको छ भने अर्कोतिर उनको पार्टीको लागि सबै कुराहरू रोकिदिएको छ। यहाँसम्म कि व्यक्तिगत रूपमा उनलाई भेट्न आउने मानिसहरूलाई समेत उनको कार्यालयमा प्रवेश गर्ने अनुमति दिरहेको छैन।

उनले प्रश्न उठाइन्, के अब हामी यस देशमा स्वतन्त्र छौँ? के यस देशमा मानिसहरूलाई अब स्वतन्त्रता छैन? हाम्रा महान नेताहरूले स्वतन्त्रताका लागि सङ्घर्ष गरे अनि आफ्नो जीवन बलिदान दिए। आज भाजपाले पैसा दिएर मानिसहरूलाई आफ्नो पक्षमा पार्ने तथा तृणमूल कङ्ग्रेसका कार्यकर्ता, विधायक अनि सांसदहरूलाई पर्टीमा सामेल भए जेलमा थुन्ने धम्की दिरहेका घटनाहरू हामीले देख्न परिरहेको छ।

ममता ब्यानर्जीले भाजपालाई चुनौती दिँदै भनिन्, यदि साहस छ भने उसले राजनीतिक रूपमा लड़ोस्। उनीहरूलाई राजनीतिक लडाईंसित कुनै आपत्ति छैन, तर पैसा र धम्कीको माध्यमबाट मानिसहरूलाई प्रभाव पार्नु उचित होइन।

अब्दुल्लाको विरोधमा नेशनल एन्टी टेररिज्म फ्रण्टको प्रदर्शन

जम्मू, २६ अक्टोबर (हिस): नेशनल कन्फ्रेन्सका अध्यक्ष तथा पूर्व मुख्यमन्त्री डा. फारुख अब्दुल्लाको कथित विवादास्पद बयानलाई लिएर नेशनल एन्टी टेररिज्म फ्रन्टको पक्षबाट विरोध प्रदर्शन गरियो। यस अवधि सङ्गठनका सदस्यहरूले डा. फारुख अब्दुल्लाको भनाइमाथि कड़ा आपत्ति जनाउँदै आफ्नो विरोध दर्ता गराए। प्रदर्शनकारीहरूले भने, ''जिम्मेवार राजनीतिक पदमा रहिसकेका नेताहरूले सार्वजनिक मञ्चबाट बयानबाजी गर्दा सतर्कता अप्नाउनु पर्छ।'' सङ्गठनका सदस्यहरूले जम्मू-कश्मीर जस्ता संवेदनशील क्षेत्रसँग सम्बन्धित मुद्दाहरूमा नेताहरूले जिम्मेवारीको साथमा आफ्नो कुरा राख्नुपर्ने बताए। नेशनल एन्टी टेररिज्म फ्रन्टले डा.फारुख अब्दुल्लाको कथित बयानमाथि आपत्ति जनाउँदै भन्यो, राजनीतिक नेताहरूले यस्ता विषयमा बयान दिंदा शान्ति, एकता एवं आपसी भाइचारालाई ख्याल राख्नुपर्छ।

अमित शाहमाथि टिप्पणी सम्बन्धी मानहानि मुद्दामा राहुल गान्धी बरी

सुलतानपुर, २६ अक्टोबर (हिस): उत्तर प्रदेशको सुलतानपुर जिल्ला स्थित सांसद-विधायक अदालत (एमपी-एमएलए कोर्ट) ले तत्कालीन भाजपा अध्यक्ष एवं वर्तमान केन्द्रिय गृहमन्त्री अमित शाहमाथि कथित आपत्तिजनक टिप्पणी गरेको आरोपसँग सम्बन्धित मानहानि मुद्दामा लोकसभामा विपक्षी दलका नेता राहुल गान्धीलाई प्रमाणको अभावमा बरी गरेको छ।

विशेष मजिस्ट्रेट शुभम वर्माको अदालतले सोमवार यो फैसला सुनाएको हो। फैसला सुनाउँदा राहुल गान्धी अदालतमा उपस्थित थिए। यस मुद्दाको सुनुवाइ सांसद-विधायक मजिस्ट्रेट अदालतमा भइरहेको थियो। दुवै पक्षका तर्फबाट लामो बहसपछि गत १३ अक्टोबरमा सुनुवाइ पूरा भएको थियो। मुद्दामा राहुल गान्धीका अधिवक्ताले आफ्नो लिखित बहसमा विवादित बयान दिएको स्वीकार गरेका थिए। तर, उक्त बयान सद्भावपूर्वक दिइएको, कसैलाई अपमानित गर्ने उद्देश्य नरहेको तथा बयानलाई तोड़मोड़ गरेर प्रस्तुत गरिएको लगायतका तर्क उनले राखेका थिए। त्यसैगरी, उजुरीकर्ता पक्षका अधिवक्ताले विवादित बयान दिएको स्वीकार गरिएको आधारमा राहुल गान्धीलाई दोषी ठहर गर्न अदालत समक्ष माग गरेका थिए। त्यसपछि अदालतले फैसलाका लागि २६ अक्टोबरको मिति तय गरेको थियो।

सोमवार अदालतले फैसला सुनाउँदै राहुल गान्धीलाई ठूलो राहत प्रदान गर्दै दोषमुक्त गरेको छ। राहुल गान्धीमाथि ८ मई २०१८ मा बेङ्गलुरुमा भाजपाका तत्कालीन राष्ट्रिय अध्यक्ष एवं वर्तमान केन्द्रिय गृहमन्त्री अमित शाहविरुद्ध आपत्तिजनक टिप्पणी गरेको आरोप लागेको थियो। राहुल गान्धीविरुद्ध ४ अगस्त २०१८ मा कोतवाली देहात पुलिस थाना अन्तर्गत हनुमानगञ्ज निवासी जिल्ला सहकारी ब्याङ्कका पूर्व अध्यक्ष एवं भाजपा नेता विजय मिश्रले अदालतमा मानहानि सम्बन्धी उजुरी दर्ता गराएका थिए।

२७ नोभेम्बर २०२३ मा अदालतले राहुल गान्धीलाई मुद्दाको सुनवाइका लागि उपस्थित हुन आदेश दिएको थियो। यता, अदालतको फैसलापछि राहुल गान्धीका समर्थकहरूले खुशी व्यक्त गरेका छन्। कङ्ग्रेस नेता दीपक सिंहले यसलाई सत्यको विजय भएको बताएका छन्।

राहुल गान्धीको काफिलामा रहेका सवारीसाधन ठोक्किएको घटनाको छानबिन गर्न एसआईटी गठित

लखनउ, २६ अक्टोबर (हिस): उत्तर प्रदेशको सुलतानपुर जाने क्रममा लोकसभामा विपक्षी दलका नेता एवं कङ्ग्रेस सांसद राहुल गान्धीको काफिलामा रहेका सवारीसाधन एकापसमा ठोक्किएको घटनाको छानबिन गर्न उत्तर प्रदेश पुलिसले विशेष अनुसन्धान टोली (एसआईटी) गठन गरेको छ। पुलिस महानिदेशक राजीव कृष्णको निर्देशमा गठित यस टोलीले दुर्घटनाका कारण, परिस्थिति तथा सुरक्षा र यातायात व्यवस्थामा सम्भावित त्रुटिहरूबारे विस्तृत छानबिन गर्नेछ। राहुल गान्धी सोमवार सड़कमार्ग हुँदै सुलतानपुर स्थित सांसदह्वविधायक अदालत (एमपीह्वएमएलए कोर्ट) मा उपस्थित हुन गइरहेका थिए। यसै क्रममा पूर्वाञ्चल एक्सप्रेसवेमा राहुल गान्धीको काफिलामा रहेका सवारीसाधन एकापसमा ठोक्किएका थिए। पुलिस मुख्यालयले सोमवार जारी गरेको आदेश अनुसार एसआईटीको नेतृत्व लखनउ क्षेत्रका पुलिस महानिरीक्षक किरण एसले गर्नेछन्। टोलीमा सुलतानपुरका अतिरिक्त पुलिस अधीक्षक बृज नारायण सिंह र यातायातका पुलिस नायब उपरीक्षक रामकृष्ण चतुर्वेदीलाई सदस्य बनाइएको छ। एसआईटीले दुर्घटनाको वास्तविक कारण र त्यससँग सम्बन्धित परिस्थितिहरूको अनुसन्धान गर्नेछ। यसका साथै राहुल गान्धीको भ्रमणका क्रममा सुरक्षा, एस्कर्ट तथा यातायात व्यवस्थापनको पनि समीक्षा गरिनेछ। घटनाको पछाड़ी कुनै लापरवाही वा सुरक्षा सम्बन्धी त्रुटि थियो कि थिएन भन्ने पत्ता लगाउने प्रयास गरिनेछ। पुलिस मुख्यालयले एसआईटीलाई घटनाका सबै पक्षको समग्र अनुसन्धान गरी यथाशीघ्र विस्तृत प्रतिवेदन बुझाउन निर्देश दिएको छ। साथै, भविष्यमा यस्ता घटनाहरू दोहोरिन नदिन आवश्यक सुझाव दिन पनि भनिएको छ।



CHANGE OF NAME

I, **Sunita Subba**, d/o Chandra Man Rai, resident of Yangyang, Namchi District, Sikkim do hereby declare that I have changed my name from **Sunita Subba** to **Sunita Rai** and henceforth I shall be known as **Sunita Rai** in all-purpose, vide affidavit no. A 519063 sworn before the Oath Commissioner at **Gangtok, Sikkim** on **26th day of October 2026**. **Sunita Subba** and **Sunita Subba** both are same and one identical person.

CHANGE OF NAME

I, **Deepak Subba**, s/o Late Bishnu Limboo, resident of Yangyang, Namchi District, Sikkim do hereby declare that I have changed my name from **Deepak Subba** to **Deepak Limboo** and henceforth I shall be known as **Deepak Limboo** in all-purpose, vide affidavit no. A 519274 sworn before the Oath Commissioner at **Gangtok, Sikkim** on **26th day of October 2026**. **Deepak Limboo** and **Deepak Subba** both are same and one identical person.

TO WHOM IT MAY CONCERN

This is certify that Shri Chin Kazi Shrestha, holder of Permanent Account Number (PAN) DAPPS8910F, resident of Kengbari House, Upper Sichey, Below Tamang Gumpa, Gangtok, East Sikkim, is a Sikkimese whose name is duly recorded in the Sikkim Subject Register under Serial No.215, Vol. XII, Hee Block, wherein his name has been recorded as Chin Kazi Newar.

It is further certified, based on official records and the Affidavit that the name Chin Kazi Shrestha, Chin Kazi Newar, and Chin Kazi Pradhan refer to one and the same identical Sikkimese individual.

Sd/-
Chandan S. Limboo
Sub- Divisional magistrate (HQ)
DAC- Gangtok
Government of Sikkim

सियाङ बाँध चीनविरुद्ध सुरक्षा ढाल बन्ने सरकारको दाबी

अरुणाचलमा युवाहरूको व्यापक विरोध जारी

इटानगर, २६ अक्टोबरः भारतको प्रस्तावित ११,२०० मेगावाट क्षमताको सियाङ बाँध परियोजनालाई ब्रह्मपुत्र नदीमा चीनले निर्माण गर्न लागेको विशाल परियोजनाविरुद्ध रणनीतिक सुरक्षा ढालका रूपमा प्रस्तुत गरिँदैछ। तर, अरुणाचल प्रदेशका स्थानीय आदि समुदायले यस परियोजनाको निरन्तर विरोध गरिरहेका छन्। २३ अक्टोबरमा प्रदर्शनले उग्र रूप लिएपछि विरोध हिंसात्मक बनेको थियो। यस क्रममा स्थानीय नेताहरूका आवास, एउटा पुलिस चौकी र बाँध निर्माणको जिम्मेवारी पाएको राष्ट्रिय जलविद्युत् ऊर्जा निगम (एनएचपीसी) को कार्यालयमा तोडफोड तथा आगजनीका घटना भएका छन्।

हिंसाका घटनापछि केही दिन बितिसक्दा पनि अरुणाचल प्रदेशको पूर्वी सियाङ जिल्लामा तनाव कायम छ। सुरक्षालाई ध्यानमा राख्दै केन्द्रीय सशस्त्र पुलिस बलका जवानहरू परिचालन गरिएको छ। सियाङ नदी तिब्बतबाट निस्किएर अरुणाचल प्रदेश हुँदै बग्छ। यो नदी स्थानीय समुदायका लागि जीवनरेखाजस्तै छ। अगाडि गएर अन्य नदीहरूसँग मिसिएपछि यही नदी ब्रह्मपुत्रका रूपमा बग्छ र असम हुँदै बाङ्लादेश प्रवेश गर्छ। यही क्षेत्र अर्थात् पूर्वी अरुणाचल प्रदेशको पूर्वी सियाङ जिल्लामा भारतले चीनको तुलनामा आफ्नो जलसुरक्षा सुनिश्चित गर्न बाँध निर्माण गर्ने योजना बनाइरहेको छ।

स्थानीय समुदायको प्रमुख सङ्गठन आदि बन्ने केबाङले यस विरोध प्रदर्शनको नेतृत्व गरिरहेको छ। सङ्गठनले प्रस्तावित सियाङ अपर बहुउद्देश्यीय परियोजना (एसयूएमपी) र यसको प्रारम्भिक सम्भाव्यता प्रतिवेदन (पीएफआर) खारेज गर्न माग गरेको छ। मुख्यमन्त्री पेमा खाण्डुको नेतृत्वमा रहेको अरुणाचल प्रदेश सरकारले बाँध निर्माणका लागि एनएचपीसीलाई नदीको सम्भाव्यता अध्ययन गर्न दिने आफ्नो निर्णय दोहोऱ्याएपछि विरोध प्रदर्शन, हिंसा र आगजनीका घटना भएका हुन्।

एनएचपीसी सरकारी सार्वजनिक क्षेत्रको उपक्रम हो। यसलाई प्रस्तावित सियाङ अपर बहुउद्देश्यीय परियोजनाका लागि प्रारम्भिक सम्भाव्यता सर्वेक्षण, प्राविधिक मूल्याङ्कन र निर्माण कार्य पूरा गर्ने जिम्मेवारी दिइएको छ। हिंसापछि केन्द्र सरकारले अरुणाचल प्रदेशमा केन्द्रीय रिजर्भ पुलिस बल (सीआरपीएफ) को द्रुत कारबाही बल (आरएएफ) का दुई कम्पनी परिचालन गरेको छ। यसमा करिब २५० जवान रहेका छन्। केन्द्र सरकारका अनुसार प्रस्तावित बाँध ब्रह्मपुत्र नदीको माथिल्लो बहावको पानीमाथि चीनको बढ्दो नियन्त्रणविरुद्ध रणनीतिक सुरक्षा उपाय हो।

अर्कोतर्फ, विरोध गरिरहेका आदि समुदायका मानिसहरूको भनाइमा यस 'पवित्र नदी' मा बाँध निर्माण गर्दा उनीहरूको पुर्ख्यौली भूमि, जीविकोपार्जन, सांस्कृतिक पहिचान र पुस्तौँदेखि बसोबास गर्दै आएको सम्पूर्ण क्षेत्र जोखिममा पर्नेछ। सियाङ नदीमा कुनै पनि परियोजना निर्माण गर्ने योजनाको विरोध गत ४० वर्षदेखि हुँदै आएको छ। हालैको बाँध परियोजनाका कारण व्यापक विरोध प्रदर्शन शुरु भएको छ र पछिल्ला तीन वर्षमा यो विरोध झनै तीव्र बनेको छ।

'अरुणाचल टाइम्स' समाचारपत्रसँग आबद्ध रीना नामकी पत्रकारका अनुसार, अरुणाचल प्रदेशमा महिला प्रदर्शनकारीहरूमाथि पुलिसले अश्रुग्यास प्रयोग गरेपछि मुख्य रूपमा 'जेन जी' पुस्ताका युवाहरू आक्रोशित भएका हुन्। यसैबीच, अरुणाचल प्रदेशका मुख्यमन्त्री पेमा खाण्डुले बाँध निर्माणबारे अहिलेसम्म कुनै अन्तिम निर्णय नभएको पटकपटक बताउँदै आएका छन्। विशेषज्ञहरूले यस परियोजना उपयुक्त नभएको निष्कर्ष निकालेमा सरकारले सम्भाव्यता अध्ययनको चरणभन्दा अगाडि काम नबढाउने उनको भनाइ छ।

खाण्डुका अनुसार कुनै पनि व्यावहारिक प्रस्ताव अघि बढाउन वातावरणीय तथा सामाजिक प्रभावको मूल्याङ्कन, विस्तृत परियोजना प्रतिवेदन, कानुनी स्वीकृति र प्रभावित समुदायसँग परामर्श आवश्यक हुनेछ। आइतवार उनले भने, सियाङ अपर बहुउद्देश्यीय परियोजनाबारे फैलाइँदै आएको गलत सूचना र गलत बुझाइका कारण हाम्रा मानिसहरूको मनमा आशङ्का उत्पन्न भइरहेको छ।

हिंसाप्रभावित पासीघाटमा आरएएफ तैनाथ

अरुणाचल प्रदेशको 'सियाङ अपर मल्टिपर्पज प्रोजेक्ट' को विरोध गर्दै पूर्वी सियाङ जिल्लाका युवाहरूले पासीघाटमा व्यापक हिंसा मच्चाएपछि केन्द्र सरकारले कानून–व्यवस्था नियन्त्रणमा लिन र्यापिड एक्सन फोर्स (आरएएफ) र केन्द्रिय रिजर्भ पुलिस बल (सीआरपीएफ) का दुई कम्पनी त्यहाँ तैनाथ गरेको छ। प्राप्त विवरण अनुसार, आइतवार साँझदेखि नै आरएएफको तैनाथी शुरु भएको हो। भारतीय वायुसेनाको विमान मार्फत लगभग २५० जना आरएएफका जवान पासीघाट पुर्याइएका थिए। स्रोतहरू अनुसार, केन्द्रिय गृह मन्त्रालयले शनिवार दिएको निर्देशपछि लगभग २५० जवान सम्मिलित आरएएफका दुई कम्पनीलाई नवी मुम्बईबाट भारतीय वायुसेनाको एउटा मालवाहक विमान मार्फत हवाई मार्गबाट त्यहाँ लगिएको थियो। ती टोलीहरू आइतवार नै पासीघाट पुगेका थिए। हाल उनीहरूलाई त्यहाँ तैनाथ गरिएको छ। अरुणाचल प्रदेशको सियाङ क्षेत्रमा विद्यमान परिस्थितिलाई ध्यानमा राख्दै र्‍यापिड एक्सन फोर्सलाई पासीघाट पठाइएको हो। 'सियाङ अपर मल्टिपर्पज प्रोजेक्ट' लाई लिएर यस क्षेत्रमा तनावको अवस्था कायम रहेकाले आरएएफ तैनाथ गरिएको बताइएको छ।

चक्रवात 'अर्नब' आन्ध्र प्रदेशको तटतर्फ बढ्दै : १४० किमी प्रतिघण्टाको गतिमा हावाहुरी चल्ने

कोलकाता, २६ अक्टोबरः चक्रवात अर्नब बङ्गालको खाडीबाट भारतको आन्ध्र प्रदेशको तटतर्फ बढिरहेको छ। मौसम विभागका अनुसार यो अक्टोबर २७ सम्ममा भीषण आँधीको रूपमा परिणत हुन सक्छ। यो २८ अक्टोबरको बिहान आन्ध्र प्रदेशको तटमा ठोक्किने आशङ्का गरिएको छ। यस अवधिमा प्रतिघण्टा १४० किलोमिटरसम्मको गतिमा तीव्र हवाहुरी चल्न सक्ने अनुमान छ। आँधीको जोखिमलाई ध्यानमा राख्दै आन्ध्र प्रदेशमा करिब ६ लाख मानिसलाई सुरक्षित स्थानमा पुर्याउने तयारी गरिएको छ। तटीय जिल्लाहरूमा भारी वर्षाको अलर्ट जारी गरिएको छ भने माछा मार्नेहरूलाई अक्टोबर २९ सम्म समुद्रमा नजान सल्लाह दिइएको छ।

ओडिशामा पनि यस चक्रवातको ठुलो असर पर्ने आशङ्का गरिएको छ। उद्धार तथा राहत कार्यका लागि ६० वटा रेस्क्यु टोली तैनाथ गरिनेछ भने त्यहाँका छ वटा जिल्लामा अक्टोबर २८ र २९ गते स्कुल–कलेज बन्द रहनेछन्। यो चक्रवातको प्रभावका कारण मध्य प्रदेश र उत्तर प्रदेशसहित १० राज्यहरूमा वर्षाको सम्भावना रहेको छ। अर्कोतर्फ तमिलनाडुमा विगत ३ दिनदेखि लगातार वर्षा भइरहेको छ। अरनिको भास्कर नगर जलमग्न भएको छ भने मानिसहरू आफ्नै घरभित्र थुनिएका छन्। कोडाइकनालमा पर्यटकहरूको प्रवेशमा रोक लगाइएको छ। तिरुवारुर जिल्लामा पनि तीव्र वर्षा भएको छ, यद्यपि त्यहाँ स्कुल र कलेजहरू भने खुला नै रहेका छन्।

मौसम पूर्वानुमान अनुसार मङ्गलबार आन्ध्र प्रदेशमा भारी वर्षाको रेड अलर्ट र ओडिशामा ओरेन्ज अलर्ट जारी गरिएको छ। साथै छत्तीसगढ, तेलङ्गाना, तमिलनाडु, पुडुचेरी, केरला, कर्नाटक र रायलसीमामा वर्षाको यलो अलर्ट रहेको छ। त्यस्तै बुधबार आन्ध्र प्रदेश, छत्तीसगढ, तेलङ्गाना र ओडिशामा अति भारी वर्षाको रेड अलर्ट जारी गरिएको छ भने झारखण्डमा ओरेन्ज अलर्ट छ। यसका साथै पश्चिम बङ्गाल, नागाल्याण्ड, मणिपुर, मिजोरम, त्रिपुरा, पूर्वी मध्य प्रदेश, विदर्भ र कर्नाटकमा वर्षाको यलो अलर्ट जारी गरिएको छ।



चार राज्यमा उच्च सतर्कता

बङ्गालको खाडीमा विकसित चक्रवाती आँधी 'अर्नब' आन्ध्र प्रदेशको तटतर्फ अघि बढिरहेको छ। बुधवार बिहान यसले तटमा प्रवेश गर्ने सम्भावनालाई ध्यानमा राख्दै चार राज्यमा उच्च सतर्कता अपनाइएको छ। प्रशासनले चक्रवाती आँधीको जोखिमलाई ध्यानमा राख्दै तयारी तीव्र पारेको छ। आन्ध्र प्रदेशको तटमा प्रवेश गर्नुअघि यो आँधी क्रमशः अझ शक्तिशाली बन्ने अनुमान गरिएको छ। आन्ध्र प्रदेश, ओडिशा, तेलङ्गाना र छत्तीसगढका साथै पुदुचेरीलाई पनि सतर्क रहन भनिएको छ।

भारतीय मौसम विज्ञान विभागले सोमवार बिहान जारी गरेको सूचनाअनुसार, बिहान ५:३० बजे यो आँधी बङ्गालको खाडीको पूर्वी–मध्य भाग र त्ससँग जोडिएको पश्चिमी–मध्य क्षेत्रमा अवस्थित थियो। यो विशाखापट्टनमबाट करिब ६५० किलोमिटर पूर्व–दक्षिणपूर्वमा रहेको थियो। आँधी प्रतिघण्टा १५ किलोमिटरको गतिमा पश्चिमतर्फ अघि बढिरहेको थियो। सोमवार मध्यरातसम्म यो आँधी अझ तीव्र भएर 'गम्भीर चक्रवाती आँधी' मा परिणत हुने सम्भावना छ। मङ्गलबारसम्म यसको शक्ति अझ बढेर 'अति गम्भीर चक्रवाती आँधी' बन्न सक्ने अनुमान गरिएको छ। यो आँधी यानम नजिकै बापटला र विशाखापट्टनमबीचको तटबाट प्रवेश गर्ने अनुमान गरिएको छ। त्यस समयमा हावाको निरन्तर गति प्रतिघण्टा ११५ देखि १२५ किलोमिटर रहनेछ भने हावाको झोक्काको गति प्रतिघण्टा १४० किलोमिटरसम्म पुग्न सक्नेछ। यसैबीच, भारतीय मौसम विज्ञान विभागले पश्चिम बङ्गालको तटनजिक र समुद्रमा सोमबारदेखि नजान माछा मार्नेहरूलाई सल्लाह दिएको छ। यस क्षेत्रमा तीव्र गतिमा हावा चल्ने सम्भावना छ। साथै, चक्रवाती आँधीका कारण दार्जिलिङको उपहिमाली क्षेत्रमा पहिरो जान सक्ने चेतावनी पनि दिइएको छ। यसैबीच, आन्ध्र प्रदेशका मुख्यमन्त्री एन. चन्द्रबाबु नायडूले अधिकारीहरूलाई चौबीसै घण्टा सतर्क रहन, जिल्ला नियन्त्रण कक्ष स्थापना गर्न र तटीय क्षेत्रमा निरन्तर चेतावनी जारी गर्न निर्देशन दिएका छन्। प्रशासनले प्रसूति हुने मिति नजिकिएका गर्भवती महिलाहरूलाई अस्पतालसम्म पुऱ्याउने तयारी पनि गरिरहेको छ। ओडिशामा दक्षिणी क्षेत्रका छ जिल्लाहरू–गञ्जाम, गजपति, रायगडा, मलकानगिरी, कोरापुट र नबरङ्गपुरलाई जोखिमयुक्त क्षेत्रका रूपमा पहिचान गरिएको छ। जोखिमयुक्त क्षेत्रमा विपद् प्रतिकार्य टोलीहरू परिचालन गरिएका छन्। साथै, केही पहाडी क्षेत्र, झरना र बाँधनजिक माछा मार्न तथा पर्यटकहरूलाई जान प्रतिबन्ध लगाइएको छ।

निर्माणसम्बन्धी विवादमा गोली चल्दा तीन जनाको मृत्यु

लखनउ, २६ अक्टोबरः भारतको उत्तर प्रदेशस्थित लखनउमा बाउन्ड्री वाल निर्माणसम्बन्धी विवादमा गोली चल्दा तीन जनाको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन्। सोमबार बिहान लखनउको नौबस्तास्थित सआदतगन्ज क्षेत्रमा बरगदको रुखनजिक बाउन्ड्री वाल निर्माण र गाडी पार्किङको विषयलाई लिएर दुई पक्षबीच विवाद भएको थियो। विवाद चर्किएपछि ऋषभ शुक्लाले पेस्तोलबाट गोली चलाएको प्रारम्भिक जानकारी छ। मृत्यु हुनेमा शिवाजी तिवारी (६० वर्ष), उनका छोरा सुयश तिवारी (३०वर्ष) र भाइ शम्भु तिवारी (५५वर्ष) रहेको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। घटनापछि प्रहरीले आरोपी ऋषभलाई हतियारसहित नियन्त्रणमा लिएको छ। प्रहरीका अनुसार घाइतेहरूलाई अस्पताल लगिएको थियो, जहाँ तीन जनाको मृत्यु भएको हो। पुलिसले घटनामा प्रयोग गरिएको पेस्तोल बरामद गरेको छ। उक्त हतियार वैध हो वा अवैध भन्नेबारे अनुसन्धान भइरहेको छ। विवाद बाउन्ड्री वाल निर्माणका कारण सुरु भएको हो वा गाडी पार्किङको विषयले उग्र रूप लिएको हो भन्नेबारे पनि पुलिसले थप अनुसन्धान गरिरहेको छ।

सेना र नौसेनाको मारक क्षमता बढ्ने

डीएसीले २.१२ लाख करोड़को रक्षा खरिद प्रस्तावलाई दियो स्वीकृति

नयाँ दिल्ली, २६ अक्टोबरः रक्षामन्त्री राजनाथ सिंहको अध्यक्षतामा बसेको रक्षा अधिग्रहण परिषद् (डीएसी) ले सोमवार रक्षा बलका लागि करिब २ लाख १२ हजार करोड रूपियाँको अनुमानित लागतमा विभिन्न पूँजीगत खरिद प्रस्तावहरूलाई 'आवश्यकताको स्वीकृति' (एओएन) प्रदान गरेको छ। यो खरिद प्रक्रियाका लागि दिइने सैद्धान्तिक प्रशासनिक स्वीकृति हो।

रक्षा मन्त्रालयका अनुसार, भारतीय सेनाका लागि उच्च गतिशीलता भएका सवारीसाधन (एचएमभी), स्वचालित ट्र्याकयुक्त तोप प्रणाली, तोप प्रहार प्रतिक्रिया प्रणाली (जीएसआरएस), हलुका बहुउद्देश्यीय हेलिकप्टर (एलएमआरएच), अति छोटो दूरीको हवाई रक्षा प्रणाली (भीएसएचओआरएडीएस), मञ्चमा आधारित मानवरहित हवाई उपकरण प्रतिरोधी प्रणाली (सी–यूएएस), मानवरहित हवाई प्रणाली (यूएएस), निगरानीका लागि मानवरहित हवाई यान, एकीकृत निगरानी तथा प्रहार प्रणाली र लामो दूरीका कामिकाजे ड्रोन प्रणाली खरिद गर्न स्वीकृति दिइएको छ।

उच्च गतिशीलता भएका सवारीसाधनले कठिन भूभागमा सैन्य परिचालन, रसद सहयोग र आवागमन क्षमता बढाउनेछन्। स्वचालित ट्र्याकयुक्त तोप प्रणालीले यान्त्रिक सैन्य एकाइहरूलाई समान स्तरको गतिशीलता र मारक क्षमता प्रदान गर्नेछ। तोप प्रहार प्रतिक्रिया प्रणालीले सैन्य बलको क्षमता बढाउने साधनका रूपमा काम गर्नेछ। यसले सेनालाई वास्तविक समयमा परिस्थितिबारे जानकारी उपलब्ध गराउनेछ।

मन्त्रालयका अनुसार, हलुका बहुउद्देश्यीय हेलिकप्टर भारतीय सेना र भारतीय वायुसेना दुवैले प्रयोग गर्नेछन्। यी हेलिकप्टरबाट खोजी तथा निगरानी, युद्ध सञ्चालन, सैनिकहरूको खोजी तथा उद्धार, मानवीय सहायता र विपद् राहतलगायतका कार्य गरिनेछ।

अति छोटो दूरीको हवाई रक्षा प्रणालीले नयाँ पुस्ताका साना हवाई खतराहरूको सामना गर्न सक्नेछ। यस्तै, मानवरहित हवाई उपकरण प्रतिरोधी प्रणालीले आधुनिक युद्धमैदानमा ट्याङ्कहरूको सुरक्षा र टिकिरहने क्षमता बढाउनेछ। निगरानी प्रणाली र ड्रोनहरूले भारतीय सेनाको निगरानी तथा लक्ष्य पहिचान र प्रहार गर्ने क्षमतामा सुधार ल्याउनेछन्। भारतीय नौसेनाका लागि 'एक्टिभ अफबोर्ड डिकॉय सिस्टम' (एओडीएस) लगायत प्रमुख नौसैनिक उपकरण तथा प्रणाली खरिद गर्न पनि स्वीकृति दिइएको छ। एओडीएसले विशेषगरी शत्रुपक्षका आधुनिक जहाजभेदी क्षेप्यास्त्रविरुद्ध क्षेप्यास्त्र प्रतिरक्षा क्षमतालाई अझ प्रभावकारी बनाउनेछ। स्वदेशमै डिजाइन तथा निर्माण गरिने प्रमुख नौसैनिक उपकरण र प्रणालीहरू आधुनिक युद्ध क्षमताले सुसज्जित हुनेछन्। यसले नौसेनाको युद्ध सञ्चालन क्षमता बढाउने मन्त्रालयले जनाएको छ।

रक्षामन्त्रीका अनुसार, भारतीय वायुसेनाका लागि हेलिकप्टर, हवाई रक्षा प्रणाली, हतियार तथा चलायमान एक्स–ब्यान्ड डप्लर मौसम राडार प्रणाली खरिद गर्न स्वीकृति दिइएको छ। यी उपकरणले वायुसेनाको हवाई रक्षा र युद्ध लड्ने क्षमता सुदृढ बनाउनेछन्।

विशेष प्रयोजनका हेलिकप्टर खरिदले भारतीय वायुसेनाको महत्त्वपूर्ण हवाई यातायातसम्बन्धी आवश्यकता पूरा गर्न मद्दत गर्नेछ। एक्स–ब्यान्ड डप्लर मौसम राडार प्रणालीले अग्रिम क्षेत्रमा उच्च स्पष्टतासहित स्थानीय मौसमको निगरानी गर्न सहयोग पुर्याउनेछ। रक्षा मन्त्रालयका अनुसार, स्वीकृति दिइएका कुल खरिद प्रस्तावमध्ये करिब ८२ प्रतिशत खरिद भारतीय उद्योगहरूबाट गरिनेछ।

युद्ध जहाँसुकै भए पनि त्यसको असर विश्वभर पर्छः एस जयशङ्कर

नयाँ दिल्ली, २६ अक्टोबरः विदेशमन्त्री एस. जयशङ्करले आइतवार आतङ्कवाद र विश्वका विभिन्न भागमा भइरहेका द्वन्द्वबारे भारतको धारणा स्पष्ट पारेका छन्। उनले आतङ्कवादलाई राज्यको नीतिको एउटा साधन का रूपमा प्रयोग गर्नु पूर्ण रूपमा गलत र अस्वीकार्य भएको बताए। आतङ्कवादलाई कुनै पनि अवस्थामा उचित ठहर गर्न नसकिने उनले स्पष्ट पारे।

नयाँ दिल्लीमा चिन्मय अभियानको ७५औँ वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा विदेशमन्त्रीले विश्वमा शान्ति कायम राख्न, संवाद अघि बढाउन र आतङ्कवादविरुद्ध मिलेर कारबाही गर्नुपर्ने आवश्यकताबारे चर्चा गरे। जयशङ्करले आतङ्कवाद शान्तिका लागि ठूलो र गम्भीर खतरा भएको बताए। यसलाई कुनै पनि कारण देखाएर उचित ठहर गर्न नसकिने र यसका पक्षमा कुनै तर्क दिन नसकिने उनले स्पष्ट पारे।

उनले भने, विश्वले यस साझा खतराप्रति अझ बढी सतर्क र सचेत हुनुपर्छ। आतङ्कवादका सबै स्वरूप र अभिव्यक्तिविरुद्ध मुकाबिला गर्न अझ दृढ सङ्कल्पका साथ एकजुट हुनुपर्छ। विदेशमन्त्रीले विश्वका सबै देश आतङ्कवादविरुद्ध मिलेर र अझ दृढताका साथ उभिनुपर्ने बताए। कुनै देशको नाम नलिई जयशङ्करले इतिहासबाट धेरै पाठ सिक्न सकिने भए पनि केही देशले अझै राजनीतिक लाभ र हानिलाई बढी महत्त्व दिने गरेको बताए। सबै देशले यस समस्याविरुद्ध शून्य सहनशीलताको नीति नअपनाएकाले आतङ्कवादको खतरा कायम रहेको उनले बताए। विश्वका विभिन्न भागमा जारी तनावको उल्लेख गर्दै जयशङ्करले भने, आउनुहोस्, हामी शान्तिको आवश्यकताबारे विचार गरौँ। आजको समयमा जहाँसुकै हुने युद्धले सबै ठाउँको शान्तिलाई खतरामा पार्छ।

विदेशमन्त्रीले युक्रेन युद्ध र पश्चिम एशियामा जारी तनावको पनि उल्लेख गरे। उनले भारतले विश्व समुदायको भावनालाई प्रतिनिधित्व गर्दै कुनै पनि विवादको समाधान संवाद र कूटनीतिबाट मात्रै हुनुपर्ने मान्यता राख्ने बताए। जयशङ्करले आतङ्कवादको साझा खतराप्रति विश्व अझ बढी सतर्क हुनुपर्ने बताए। विश्व समुदाय दृढ सङ्कल्पका साथ अघि आउनुपर्ने र सबै प्रकारका आतङ्कवादविरुद्ध मिलेर कारबाही गर्नुपर्ने उनले बताए।

ब्रिक्स मञ्चमा भारत–इरान सम्बन्धमा जोड़

प्रधानमन्त्री मोदी र जयशङ्करले इरानी प्रतिनिधिमण्डलसँग गरे छलफल

नयाँ दिल्ली, २६ अक्टोबरः नयाँ दिल्लीमा आयोजित १२औँ ब्रिक्स संसदीय मञ्चका क्रममा प्रधानमन्त्री नरेन्द्र मोदी, विदेशमन्त्री एस. जयशङ्कर र कङ्ग्रेसका सांसद शशि थरुरले इरानी संसदीय प्रतिनिधिहरूसँग भेटवार्ता गरेका छन्। इरानी दूतावासका अनुसार यो भेटवार्ताका क्रममा भारत र इरानबीचको द्विपक्षीय सम्बन्धको महत्त्वमा जोड दिइएको थियो। भारतले राजधानी नयाँ दिल्लीस्थित संसद् भवन परिसरमा ब्रिक्सका सदस्य तथा साझेदार देशका संसदीय प्रतिनिधिमण्डलहरूको आतिथ्य गरिरहेका बेला यी बैठकहरू भएका हुन्। सोमबार प्रधानमन्त्री मोदीले १२औँ ब्रिक्स संसदीय मञ्चको उद्घाटन समारोहमा भाग लिए र कार्यक्रममा सहभागी हुन आएका विदेशी प्रतिनिधिमण्डलहरूको स्वागत गरे। कङ्ग्रेसका सांसद शशि थरुरले संसदीय कूटनीतिको महत्त्वमा जोड दिँदै यस मञ्चले सांसदहरूलाई आफ्ना अन्तर्राष्ट्रिय समकक्षीहरूसँग छलफल गर्ने अवसर प्रदान गर्ने बताए। उनका अनुसार, यस्तो छलफल सरकारी स्तरमा हुने औपचारिक भेटवार्ताको तुलनामा धेरै अनौपचारिक हुन्छ।

सञ्चारमाध्यमसँग कुरा गर्दै थरुरले गत वर्ष 'अपरेसन सिन्दूर' पछि विदेश पठाइएका संसदीय प्रतिनिधिमण्डलहरूको उल्लेख गरे। उनले ती भ्रमणहरूले सांसदहरूबीच प्रत्यक्ष संवादको महत्त्व प्रमाणित गरेको बताए। थरुरले भने, सरकारहरूले आफ्ना सबै औपचारिक काम त गरिरहेका हुन्छन्। तर, गत वर्ष 'अपरेसन सिन्दूर' पछि जब हामी संसदीय प्रतिनिधिमण्डलका रूपमा विदेश गएका थियौँ, त्यहाँका मानिसहरूले सांसदहरूसँग प्रत्यक्ष कुराकानी गर्न पाउनु आफ्ना लागि कति उपयोगी भएको बताएका थिए। उनले औपचारिक कूटनीतिक सम्बन्धका अतिरिक्त संसदीय आदानप्रदानले पनि महत्त्वपूर्ण भूमिका खेल्ने बताए। उनले भने, सबै कुरा भूराजनीति वा सरकारहरूबीचको सम्बन्धमा मात्र सीमित हुँदैन। यसमा सांसदहरूको पनि अत्यन्त महत्त्वपूर्ण भूमिका हुन्छ। भारतीय संसद्ले आयोजना गरेको यस दुईदिने मञ्चमा सहभागी हुन ब्रिक्सका ११ सदस्य देश र १० साझेदार देशका संसदीय प्रतिनिधिमण्डलहरू नयाँ दिल्ली पुगेका छन्।

तृणमूलको लक्ष्य थियो 'ग्रेटर बाङ्ग्लादेश': शुभेन्दु अधिकारी

कोलकाता, २६ अक्टोबर (हिस)ः पश्चिम बङ्गालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले माकपाको ३४ वर्षको शासन र तृणमूल कङ्ग्रेसको १५ वर्षको शासनमाथि कड़ा प्रहार गरेका छन्। उनले सोमवार तामलुक साङ्गठनिक जिल्लामा भारतीय जनता पार्टी (भाजपा) को कार्यालयको भूमि पूजन कार्यक्रममा पनि यी दुई पूर्ववर्ती सत्ताधारी दलहरूमाथि एकसाथ प्रहार गरे। सोमवार भाजपाको तामलुक साङ्गठनिक जिल्लाको नयाँ पार्टी कार्यालयको भूमिपूजन कार्यक्रम आयोजना गरियो जसमा मुख्यमन्त्री सामेल भए।

तमलुकको काकगाछियामा विशाल कार्यालय बनाइने छ। मुख्यमन्त्रीको उपस्थितिमा वैदिक अनुष्ठान एवं हवनको साथमा अनुष्ठान सम्पन्न भयो। कार्यक्रमपछि शुभेन्दु अधिकारीले वामपन्थी एवं तृणमूलमाथि लक्षित गरे। उनले गम्भीर आरोप लगाउँदै भने, तृणमूल कङ्ग्रेसले विगत १५ वर्षमा राज्यलाई 'ग्रेटर बङ्गालादेश' बनाउने प्रयास गरेको थियो। अर्कोतिर वामपन्थीहरूमाथि कटाक्ष गर्दै उनले भने, ३४ वर्षसम्म राज्यमा शासन गर्ने वामपन्थी नेताहरूका पुर्खाहरू सीमा पारीबाट आएका थिए। वामपन्थी नेताहरू आज ब्राजिलमा भएको आफ्नो राजनीतिक विजयमा उफ्रिरहेका छन्।

उनले भने, ''उनीहरूको घरमा स्वामी विवेकानन्द, खुदीराम बोस वा मातङ्गिनी हजराको तस्वीर भेटिँदैन, तर विदेशी नेताहरूको तस्वीर भने पाइन्छ।

हिमाली बेला

वर्ष–२०; अङ्क–२८७; वि.सं. २०८३, कात्तिक १० गते; गान्तोक, मङ्गलवार, २७ अक्टोबर, २०२६

तिमीले आफ्नो भविष्य बदल्न सक्दैनौँ, तर प्रवृत्ति बदल्न सक्छौँ। जब प्रवृत्ति बदल्छौँ, भविष्य आफै बद्लिन्छ। ❑ अज्ञात

सम्पादकीय

सत्ताभन्दा व्यवस्था परिवर्तन जरुरी

देशका वर्तमान चुनौतीहरूलाई सम्बोधन गर्न समाज, सरकार, विपक्ष र उद्योगपतिहरूले भारत रत्न नानाजी देशमुखको व्यक्तित्व र कामबाट प्रेरणा लिन सक्नेछन्। जेएन–जीको आन्दोलन र सड़कमा भइरहेको विरोध सबैभन्दा अधिक चर्चामा छन्। नानाजीले जेपीसँगै मिलेर आपतकालविरुद्ध सबैभन्दा ठूलो युवा आन्दोलनमार्फत सफलतापूर्वक शक्ति परिवर्तन हासिल गरे। जनता पार्टी सरकारमा मन्त्री पद अस्वीकार गरेपछि उनले सक्रिय राजनीतिबाट अवकाश लिए। चित्रकूटमा रहेको दीनदयाल अनुसन्धान संस्थान र ग्रामोदय विश्वविद्यालयको माध्यमद्वारा उनले गाउँहरूको सशक्तिकरणद्वारा विकसित भारतको लागि रोडम्याप बनाए। पूर्व राष्ट्रपति डा. एपीजे अब्दुल कलाम उत्तर प्रदेश र मध्य प्रदेशको सिमानामा रहेका ८० गाउँहरू मुद्दाबाट मुक्त देखेर गहिरो रूपमा प्रभावित भए। उनका अनुसार, १९८० को दशकपछि मानवीय स्पर्शसँग जोड़िएको सामाजिक व्यवस्था कमजोर भयो र अदालतमा मुद्दा बढ्यो।

२००६ मा भारतको आबादी लगभग ११७ करोड़ थियो र अदालतहरूमा २.८७ करोड़ मुद्दा विचाराधीन थिए। २० वर्षपछि आबादी लगभग २५ प्रतिशतले बढ्यो, तर मुद्दाहरूको सङ्ख्या दोब्बरभन्दा अधिक भएको छ, जुन ५.८४ करोड़ पुगेको छ। मुद्दाहरूको बढ्दो सङ्ख्याबाट तीन निष्कर्ष निकाल्न सकिन्छ। पहिलो, सरकारी अधिकारीहरू आफ्नो जिम्मेवारी पूरा गर्न असफल भइरहेका छन्, जसले न्यायपालिकाको भूमिका बढ़ाइरहेको छ। दोस्रो, पुलिस सुधारको अभावका कारण गिरफ्तारी र जमानतसँग सम्बन्धित मुद्दाहरूको सङ्ख्या निरन्तर बढ़िरहेको छ। तेस्रो, संविधान लागू भएको ७६ वर्ष बितिसक्दा पनि न्यायिक प्रणालीमा आवश्यक सुधार देखिएको छैन। प्रधानमन्त्रीको आर्थिक सल्लाहकार परिषद्का सदस्य सञ्जीव सन्यालका अनुसार, बढ्दो मुद्दाको बोझले उत्पादकत्व घटाउने मात्र होइन विदेशी लगानीलाई पनि असर गर्छ। केन्द्र सरकारले सार्वजनिक ट्रस्ट ऐनमार्फत धेरै अपराधलाई अपराधमुक्त गरेको छ र तीन नयाँ फौजदारी कानून लागू गरेको छ। डिजिटल संसारमा सञ्चार, भुक्तानी र व्यापार सबै द्रुत गतिमा भइरहेका छन्, तर देशको न्यायिक प्रणाली अझै पनि कछुवाको गतिमा चलिरहेको छ। सड़कमा बढ्दो अराजकता र अदालतमा भीड़ शासनलाई नियन्त्रण गर्न पुलिस र न्यायिक सुधार आवश्यक छन्। चीनबाट बढ्दो आयात र अमेरिकाको दबाउले आदिवासी अर्थतन्त्रमा ठूलो दबाउ दिइरहेको छ। गाउँहरूलाई द्वन्द्वबाट मुक्त गर्नुका साथै नानाजीले शिक्षा, स्वास्थ्य र घरेलु उद्योगहरूको विकासमार्फत आत्मनिर्भरता प्रवर्द्धन गर्न परियोजनाहरूलाई सशक्त बनाए। यस उद्देश्यका लागि उनले आदिवासी पूँजी, ग्रामीण श्रम, आधुनिक विज्ञान र सार्वजनिक सहयोगलाई एकीकृत गर्न प्रयास गरे। चार दशकअघि उनले उद्योगीहरूलाई बुन्देलखण्डको चित्रकूट जस्ता पिछड़िएका क्षेत्रहरूमा लगानी गर्न र आधुनिक प्रविधि ल्याउन प्रेरित गरे। नानाजीले देशको पहिलो ग्रामीण विश्वविद्यालयको नाम महात्मा गान्धीको नाममा राखे। विनोबा भावेको भूदान आन्दोलनमा सामेल भएर उनले भूमिहीन र विपन्नहरूलाई सशक्त बनाए। उनले गोण्डाको जयप्रभा गाउँको नाम जयप्रकाश नारायण र उनकी पत्नी प्रभावतीको नाममा राखे। उनको बाल्यकाल भोकमरी र सङ्घर्षमा बित्यो, तर उनी हिंसात्मक वा माओवादी बनेनन्। सबै दलका नेताहरूले जनआन्दोलनमार्फत चुनावी राजनीति र शक्ति रूपान्तरण गर्ने नानाजीको सफलताबाट प्रेरणा लिन सक्नेछन्। २०१७ मा नानाजीको स्मृतिमा जारी गरिएको डाक टिकट अनुसार, ग्राम उदय समाजमा पारस्परिक सहयोगबाट मात्र प्राप्त गर्न सकिन्छ। अनुदान र कल्याणकारी योजनाहरू विपन्नका लागि आवश्यक छन्, तर चुनावी लाभका लागि आत्मनिर्भरता र नि:शुल्क उपहारको सट्टा रिलबाजीको बढ्दो संस्कृति विकसित भारतको लागि प्रमुख बाधा हो। भारतको शासनमा विदेशी हस्तक्षेप कम गर्न एफसीआरए कानून कड़ा बनाइँदैछ, तर विदेशी सामाजिक सञ्जाल कम्पनीहरूलाई चुनावी राजनीति र सार्वजनिक आन्दोलनहरूलाई प्रभाव पार्नबाट रोक्न कानूनहरू लागू गरिँदैनन्। सामाजिक सञ्जाल र अनलाइन गेमिङबाट बालकबालिकाहरूलाई जोगाउने र ई–वाणिज्यको फास्ट–फूड युगमा स्वस्थ आहार कायम राख्ने, परिवारहरूको लागि महत्त्वपूर्ण चुनौतीहरू खड़ा गर्ने, सरकारको ध्यान आवश्यक छ। यूपीआई, ओटीटी, ई–कमर्स, सीसीटीभी स्पेस सेटेलाइट जस्ता प्रमुख क्षेत्रहरूमा विदेशी कम्पनीहरूको प्रभुत्व चिन्ताजनक छ। डेटा केन्द्रहरूबाट पर्यावरणीय क्षति सम्बन्धी कानूनहरूको उचित चर्चा र अनुपालन पनि आवश्यक छ। डेटा सुरक्षा कानूनहरूको कार्यान्वयनको अभाव र ठूलो नाफा कमाउने विदेशी प्राविधिक कम्पनीहरूमाथि कर सङ्कलन गर्न असफलताले साइबर अपराध र आर्थिक असमानतालाई बढ़ावा दिइरहेको छ। चुनावी राजनीतिबाट परिवर्तनपछि नानाजीले के महसुस गरेका थिए भने प्रणालीगत परिवर्तनको लागि गाउँ र समाजलाई सशक्त बनाउनु आवश्यक छ। संविधान र कानूनको शासनमा जेन–जीको विश्वास कायम राख्न, नानाजीले परिकल्पना गरे अनुसार न्यायिक प्रणालीमा आधारभूत स्तरमा सुधारहरू आवश्यक छन्।

सिर्जनधर्मीहरूसँग अनुरोध

विचार तपाईंको, तपाईंको विचारलाई सम्प्रेषण गर्ने जिम्मा हाम्रो। घटनाहरू अनेकथरी हुनसक्छन् तर घटनामाथि समीक्षात्मक दृष्टि राख्ने जिम्मेवारी तपाईं–हाम्रो। प्रत्येक युगको इतिहासले यही प्रमाणित गरेको छ। समाज बौद्धिक जगत्को मार्गदर्शनमा अघि बढ्दै प्रगतिको फाँटमा पुगेको छ। यस्तै इतिहासलाई साक्षी राख्दै सिक्किमको बौद्धिक जगत् पनि जागोस् भन्ने हिमाली बेलाको चाहना हो। हिमाली बेलाको चाहनालाई हैंसे तपाईंहरूले पनि दिनुहुनेछ भन्ने आशाका साथ हामी समस्त बौद्धिक जमातबाट विचारपूर्ण, प्रगतिशील एवं समयसापेक्ष रचनाहरूका निम्ति आह्वान गर्दछौं। हिमाली बेलाले के ठानेको भने कारक जहिले पनि बौद्धिक झुण्ड हुन्छ अनि कारकको विचारलाई सम्प्रेषण दिने हामी निमित्त मात्र हौं।

गणेश बहादुर गिरी उर्फ गणु गिरी

विष्णु ठकुरी
दिलाराम, खरसाङ

व्यक्तित्व

जन्मपछि मृत्यु सबैको लागि एउटा सत्य क्रम हो। ठूला–साना, धनी–गरीब, साधारण व्यक्ति, प्रतिष्ठित व्यक्ति, महान् साहित्यकार, कवि, खेल जगतका खेलाड़ी, सङ्गीत जगतका गायक, गीतकार, सङ्गीतकार आदि–आदि सबैले वरण गर्नुपर्ने यो तीतो सत्य हो मृत्यु। र आज म खेल जगतमा ख्यातिप्राप्त एक विशेष व्यक्तिको व्यक्तित्व विषयमा कुरा राख्न गइरहेछु, जसको विषयमा आजका नानीहरूलाई थाहा नहुन सक्छ। उनी हाम्रो गोर्खे भूमिमा मात्र नभएर विश्वमै प्रसिद्धि पाएका एक त्यस्ता व्यक्ति हुन्, जसले खेल जगतमा विभिन्न खेलहरूमा ख्याति प्राप्त गरेका थिए, जसको नलेखिएको इतिहास लेखिनुपर्छ भन्ने मेरो अवधारणा छ।

त्यस ताकाको नगरपालिका सुपरिटेण्डेन्ट चार्ली डनको पालाको दार्जीलिङ जस्तो स्वच्छ अनि स्वास्थ्यकर, रमणीय पहाड़ी भेकमा जन्म लिनु भाग्यको कुरा हो। त्यस ताकाको कति सुन्दर, स्वास्थ्यकर अनि शान्त वातावरण हुने गर्दथ्यो। हुनसक्छ, उनी सानैदेखि आफ्नो शरीरलाई स्वस्थ अनि सठिक राख्ने रहरले नै एक जोश र जाँगरले भरिएका अब्बल दर्जाको शरीर सौष्ठव (बडी बिल्डर) व्यक्तित्व हुनुहुन्थ्यो। उहाँ नै दार्जीलिङ बडी बिल्डिङ अर्थात शरीर सौष्ठवको प्रवर्धन संस्थापक हुनुहुन्थ्यो। यसका साथै विश्वले मानिलिएका राष्ट्रिय, अन्तरराष्ट्रिय मान्यता प्राप्त शरीर सौष्ठव (बडी बिल्डर) प्रतिस्पर्धाका निर्णायक हुनुहुन्थ्यो। देश–विदेशमा गएर उहाँले अनेकन् शरीर सौष्ठव प्रतिस्पर्धामा प्रथम भएर ख्याति प्राप्त गर्नु भएको छ। रूस, थाइल्याण्ड, स्पेन, भूटान अनि असममा यस्ता कैयौं प्रतिस्पर्धात्मक खेलमा निर्णायकको भूमिका निर्वाह गरेर प्रसिद्धि कमाएका व्यक्तित्व हुनुहुन्छ गणु गिरी। उहाँले कम्तीमा पनि १५ वटाभन्दा बढ़ी राष्ट्रमा शरीर सौष्ठवको कार्यक्रममा सहभागिता र निर्णायकजस्तो चुनौतीपूर्ण कार्यलाई सहजै सम्पन्न गर्नुभएको विषयमा जानकारी प्राप्त गर्न सकिन्छ।

उहाँको जन्म १५ अप्रेल १९३६ मा जर्ज बजारमा बाबु श्री सार्की गिरी र माता श्रीमती रोहिणी गिरीको कोखबाट भएको थियो। उहाँ भन्नुहुन्छ, ''ईश्वरकोभन्दा उच्च स्थान आफ्ना आमा–बाबुको हुन्छ र हामीले जहिल्यै पनि आमा–बाबुको श्रद्धापूर्वक सम्मान गर्नुपर्छ र नै आफूले सङ्कल्प गरेको कामना पूरा हुन्छ। उहाँहरू जीवित भगवान् हुन्। उहाँहरूले देखाएका बाटो, संस्कार, संस्कृति नै हाम्रोलागि ईश्वरको कृपाभन्दा महान् र महत्त्वपूर्ण हुन्छन्। आमा–बाबुको सेवा गर्नु नै महान् कार्य ठहरिन्छ।''

उहाँले सर्वप्रथम व्यायाम तथा शरीर बलिष्ठ बनाउने कला १९५३ सालदेखि शुभारम्भ गर्नुभएको हो भनिन्छ। एकपल्ट उहाँरू सिलगढ़ीमा सायद १९५३ सालतिर नै होला, शरीर सौष्ठव प्रतियोगितामा भाग लिन जाँदा हामी पनि यस्तो शरीर बलिष्ठ बनाउने कलामा प्रशिक्षण लिनुपर्ने रहेछ भन्ने उद्देश्यले त्यस ताकाको गोर्खा दुःख निवारक सम्मेलनका सभाध्यक्ष श्री एच.डी. लामाले एउटा कोठा उपलब्ध गराइदिएका थिए। शुरु–शुरुमा युवाहरू त्यहाँ व्यायाम गर्ने गर्थे भनिन्छ। पहिलो व्यायामशाला नै गोदुनिसको प्रेक्षालयमुनि श्रृङ्गारकक्षको एउटा कोठामा थियो।

त्यसपछि श्री गणु गिरीले एकजना गुरु थापेर आफ्नो शरीर सौष्ठवको (Bodybuilding) प्रशिक्षण श्री मन्तोष रायबाट प्राप्त गर्नु भएको थियो। श्री मन्तोष राय १९५१ सालमा दार्जीलिङ आएका थिए। उनी मिस्टर युनिभर्स पनि भएका थिए। उनैबाट प्रभावित भएको कारण उहाँले यस कलाक्षेत्रमा सदैव एक दत्तचित्तले अघि बढ्दै गएर अरूलाई पनि साथमा लिएर शरीर सुगठन बनाउने क्रममा अघि बढ्नु भएको हो। उहाँका गुरु श्री मन्तोष राय एक दक्षता प्राप्त प्रशिक्षक थिए र उहाँ खुबै अनुशासित हुनुहुन्थ्यो। र उहाँको सान्निध्यमा शरीर सौष्ठव प्रशिक्षणको उत्कृष्ट तालीम प्राप्त गर्नु भएको थियो। तालीम लिन सिलगढ़ी अथवा कलकत्तासम्म पुगेर प्रशिक्षण लिनुभएको थिएछ। अनि शरीर सौष्ठवमा अनुशासनको ठूलो महत्त्व राखिनुपर्ने श्री गणु गिरीले आफ्ना शिष्य–साथीहरूलाई पनि ज्ञान दिनुभएको बुझिन्छ। अनुशासित भएर गर्न सके मात्रै कुनै पनि कार्य सफलतापूर्वक गर्न सकिन्छ भन्ने विषयमा उहाँले सबैलाई जोड़ दिनुहुन्थ्यो। अनुशासनका साथसाथै अहम् भावनादेखि सधैँ टाढ़ा रहनुपर्ने विषयमा पनि सजग हुनुपर्छ भन्नुहुन्थ्यो।

एक शरीर सौष्ठवलाई मजबुत बनाउन निरामिष हुनु अति उत्तम भन्नुहुन्थ्यो अनि छरितो कमर भएको शरीर, छाती फराकिलो, हातखुट्टा सुडौल अनि शरीरमा बोसो हुनुहुँदैन भन्नुहुन्थ्यो। शरीर सुगठनको निम्ति मदमदिरा र धूम्रपान गर्नु असल होइन र यस विषयमा सदैव सजग गराउनुहुन्थ्यो। व्यायामको यात्रामा लाग्नु भएको १९५१ साल हो, जब कि मिस्टर युनिभर्स श्री मन्तोष राय दार्जीलिङ आएर गोर्खा दुःख निवारक सम्मेलनमा आफ्नो शारीरिक सुगठन प्रदर्शन गरेको देखेर चासो लिएर घरैमा खाली हात तथा (freehand) व्यायाम गर्नु शुरु गर्नुभएको भनिन्छ। अनि १९५३ सालको मार्चदेखि प्रशिक्षक बाबी सिङसँग शरीर सौष्ठवको तालीम लिने मौका पाउनु भएछ। तर केही कारणवश् उहाँको व्यायामशाला बन्द भएपछि श्री मन्तोष रायसँग प्रशिक्षण लिनुभएको थिएछ। व्यायामलाई निरन्तरता दिने उद्देश्यले उनी कलकत्ता गएर व्यायामको निम्ति चाहिने आवश्यक सामान किनेर ल्याएका थिएछन् र गोर्खा दुःख निवारक सम्मेलनका अध्यक्ष श्री एच. डी. लामाले निरन्तरता दिनुका साथै स्वयंसेवकको काम पनि गर्नुपर्छ भन्ने शर्तमा श्रृङ्गारकक्षमा एउटा कोठा उपलब्ध गराइदिएको ठाउँमा उहाँले कलकत्ताबाट ल्याएका सामानहरू हातेगाड़ीमा हालेर गोर्खा दुःख निवारक सम्मेलनको हलमा पुऱ्याउन सहयोग गर्नेहरूमा सर्वश्री चित्रकुमार छेत्री, धुर्बचन्द्र खाती, याङ्काई नेपाली, प्रदीप लोहार र अञ्जु लामाहरू थिएछन्, जो पछि उनीहरू पनि व्यायामशालाका प्रशिक्षणार्थी बनेर त्यो कार्यको शुरुवात भएको उदाहरण पाइन्छ।

यसरी शुरु गरेको बडी बिल्डिङ तालिमले धेरै युवाहरूले राष्ट्रिय अनि अन्तरराष्ट्रिय प्रतिस्पर्धामा भाग लिन र ख्यातिप्राप्त गर्न सकेका धेरै उदाहरणहरूको श्रेय वरिष्ठ बडी बिल्डर गणु गिरीलाई जान्छ भन्दा अत्युक्ति नहोला।

सधैँ फरासिलो र आत्मीयताको भावना लिएर अघि बढ़े सफलता प्राप्त गर्न सहज हुने र आपसमा मित्रता कायम गर्न सकिन्छ भन्ने विषयमा विश्वस्त हुनुहुन्थ्यो। १९५५ सालमा उहाँको पहिलो प्रदर्शन गोदुनिसको प्रेक्षालयमा भएको थियो। उहाँ इन्डियन बडी बिल्डिङ फिटनेसका उपाध्यक्ष अनि बडी बिल्डिङ फेडरेसनका अन्तरराष्ट्रिय निर्णायक हुनुभएको थियो।

सन् १९७१ सालमा फ्रान्सको पेरिस शहरमा मिस्टर बडी बिल्डिङ च्याम्पियनशिपमा प्रथमपल्ट पहाड़ी भेकबाट भारतीय बडी बिल्डिङ दलको प्रतिनिधित्व गर्दै टिम म्यानेजरको रूपमा जानुभएको थियो।

सन् १९७२ मा इराकको बगदाद शहरमा विश्व अनि एशियन बडी बिल्डिङको प्रतिस्पर्धामा भारतीय दलको आधिकारिक प्रतिनिधित्व गर्नुभएको थियो।

सन् १९७६ सालमा अन्तरराष्ट्रिय शरीर सौष्ठवको निर्णायकको परीक्षामा सफलतापूर्वक उत्तीर्ण भएको प्रमाणपत्र प्राप्त गर्नुभएको थियो।

सन् १९७७ सालमा कलकत्तामा भएको एशियन बडी बिल्डिङ च्याम्पियनसिपका निर्णायकहरूमध्ये एकजना निर्णायक हुनुहुन्थ्यो। सन् १९८० सालमा फिलिपिन्सको मनीला शहरमा आयोजित मिस्टर युनिभर्स को प्रतियोगितामा भारतीय दलको टिम म्यानेजरको भूमिका निभाउनु भएको थियो।

सन् १९८५ सालमा श्रीलङ्कामा आयोजित बडी बिल्डिङ च्याम्पियनशिपमा भारतीय दलका प्रशिक्षक अनि खेलका निर्णायक हुनुहुन्थ्यो। उनी त्यसबेला फ्रान्स, इराक, सिङ्गापुर, ताइवान, स्पेन, लण्डन अनि चीनसहित विश्वभरका बडी बिल्डिङ प्रतियोगिताका निर्णायक थिए। उहाँको अतुलनीय योगदानको निम्ति स्पेन, लन्डन र चीनमा स्वर्णपदकले विभूषित गरिएको थियो।

२२ फरवरी १९८६ मा पश्चिम बङ्गाल सरकारको स्पोर्ट्स एन्ड युथ सर्भिसेस डिपार्टमेन्टद्वारा अतुलनीय सेवा र योगदान पुर्याउनुभएकोमा युवा तथा खेलकुद मन्त्री श्री सुभाष चक्रवर्तीद्वारा प्रशस्तिपत्रसहित पाँच हजार रुपियाँको साथ अभिनन्दन जनाइएको थियो। पहाड़का सम्पूर्ण जनता गर्वले प्रफुल्लित बनेका थिए।

सन् १९८८ मा सिङ्गापुरमा भारतीय दलको प्रशिक्षक भएर जानुभएको थियो, साथै विशेष सम्मानसहित एकजना निर्णायकको भार पनि उहाँलाई दिइएको थियो।

सन् १९९५ सालमा चीनको मिन्हुमिङ सिटीमा भारतीय दलको प्रशिक्षक, टिम म्यानेजर अनि निर्णायक भएर गएका थिए।

१५ अगस्त १९९६ सालमा स्वतन्त्रता दिवसको उपलक्ष्यमा दागोपाप अध्यक्ष श्री सुवास घिसिङको बाहुलीबाट प्रशस्तिपत्र र पाँच हजार रुपियाँसहित उहाँको अतुलनीय योगदानको निम्ति प्रदान गरिएको थियो।

ख्यातिहरू:–

१) १९७१ ईसवीमा राष्ट्रिय–अन्तरराष्ट्रिय शरीर सौष्ठव प्रतियोगितामा निर्णायक अनि भारतीय बडी बिल्डिङ दलको टिम म्यानेजरको रूपमा मिस्टर युनिभर्स र ओलम्पियाको प्रतियोगितामा पेरिस, लन्डन, रोम, जर्मनी जाने अवसर प्राप्त भएको थियो।

२) १९७४ मा इराकको बगदादमा मिस्टर एशिया, मिस्टर युनिभर्स बडी बिल्डिङ प्रतियोगितामा अन्तरराष्ट्रिय निर्णायक।

३) १९७७ मा एशियन बडी बिल्डिङ फेडरेशनको निर्णायक।

४) १९८० मा फिलिपिन्समा टिम अफिसियल्स र अब्जर्भरको रूपमा।

५) १९८५ मा एशियन बडी बिल्डिङ प्रतियोगितामा।

६) १९८८ मा सिङ्गापुरमा निर्णायकको रूपमा।

७) १९९० मा हङकङमा ।

८) १९९५ मा चीनमा ।

९) १९९६ मा नयाँ दिल्ली एशियन बडी बिल्डिङ प्रतियोगितामा प्रोटोकल अफिसर जजको स्थानमा।

१०) १९९९ मा चीनको ताइवानमा भारतीय दलको प्रशिक्षक र अन्य निर्णायकमध्ये एक निर्णायक।

११) २००४ मा श्रीलङ्का साउथ एशियन बडी बिल्डिङ खेलमा।

१९७०–२००६ सम्म सिक्किम र भारतका विभिन्न स्थानहरूमा भएको राष्ट्रिय स्तरका प्रतियोगितामा अनि साथसाथै नेपालमा भएका राष्ट्रिय स्तरका तथा नेपालश्री प्रतियोगिताहरूमा।

१९७६ देखि लगातार २००२ अनि २००५ मा नेपाल बडी बिल्डिङ संस्थाको दशौं प्रतियोगिता तथा स्वर्ण जयन्तीको प्रमुख निर्णायक।

स्थानीय स्तरमा उहाँको योगदान चाखलाग्दो छ। उहाँले नै दार्जीलिङमा १९६५ सालमा सर्वप्रथम 'मिस्टर दार्जीलिङ' अनि 'स्ट्रङ म्यान'को प्रतिस्पर्धी खेलको आयोजना गरेका थिए। उहाँले शरीर सौष्ठवमा आफ्नो कार्यकुशलता र कढ़ा परिश्रमको कारण नै १९७५ सालदेखि राष्ट्रिय निर्णायकको भूमिका बहन गर्ने अवसर पाउनु भएको थियो। सर्वप्रथम कलकत्ता, त्यसपछि मुम्बई अनि असममा राष्ट्रिय निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो।

सिलगढ़ीको मेथीबारीमा भएको हिमालयन व्यायामशाला पनि उहाँको बाहुलीबाट नै उद्घाटन भएको थियो भन्ने धेरैको भनाइ छ। भनिन्छ, उनी दार्जीलिङ शरीर सौष्ठव (बडी बिल्डिङ) अनि भार उत्तोलक (weightlifting) को पिता तथा प्रमुख संस्थापक हुनुहुन्थ्यो। उहाँले पहाड़का अनि सिक्किम, कालेबुङका धेरै युवाहरूलाई प्रशिक्षण दिएर राष्ट्रिय शरीर सौष्ठवको प्रतिस्पर्धी बनाउन सफल हुनुभएको थियो। उनीहरूको विजयी मुस्कानलाई आफ्नो विजय ठान्नुहुन्थ्यो र हँसिलो मुहारले सधैँ युवाहरूलाई प्रोत्साहित तुल्याउनुहुन्थ्यो। उहाँले शरीर सौष्ठव अनि भार उत्तोलकमा धेरै ख्याति प्राप्त गरेपश्चात् राष्ट्रिय–अन्तरराष्ट्रिय शरीर सौष्ठव प्रतियोगिताका निर्णायक अनि टिम इन्डियाका प्रशिक्षकजस्तो गौरवशाली भूमिका निर्वाह गर्ने अवसर प्राप्त गरेर हामीलाई गौरवान्वित तुल्याउनुभएको छ। सायद १९७२ सालमा गोदुनिसमा चलाउँदै गरेको व्यायामशालामा तत्कालीन अधिकारीले ताला लगाएर बन्द गरिदिंदा पनि रत्तिभर विचलित नभई सो व्यायामशाला अन्यत्र ठाउँमा चलाएर उक्त व्यायामशालाको वर्चस्व कायम राख्नुभएको महत्त्वपूर्ण जानकारी रहिआएको हामी पाउँदछौँ। उहाँ २००४ सालमा सिक्किम सरकारको 'सिक्किम पुरस्कार'को साथमा पाँच हजार नगद रुपियाँका प्रापक पनि हुनुहुन्थ्यो। त्यसबेला पाँच हजार भनेको धेरै राशि हुने गर्दथ्यो। अनि बङ्गाल सरकारद्वारा २०२० सालमा बङ्ग रत्न पुरस्कारले पनि सम्मानित हुनुभएको थियो।

दार्जीलिङ गोर्खा हिल काउन्सिलबाट उहाँ पाँच हजार नगद राशिसहित त्यसबेलाका दागोपाप प्रमुख श्री सुवास घिसिङको बाहुलीबाट सम्मानित हुनुभएको थियो। यसबाहेक उहाँले भारतीय बडी बिल्डिङ फेडरेशनजस्तो देशकै सर्वोच्च गौरवशाली निर्णायकको संस्थामा मूल सचिवको पद सम्हाल्नुभएको थियो।

–रहल आगामी अङ्कमा

युरोपका जेन–जी किन आन्दोलन हाँक्दैछन्?

युरोपभरि युवा पुस्ता शिक्षा क्षेत्रमा बजेटको अभावदेखि आवासको बढ्दो लागत सम्मका विभिन्न मुद्दालाई लिएर प्रदर्शनमा उत्रिएको छ। यसले पहिल्यै दबाबमा रहेका सरकारहरूका लागि ठुलो चुनौती खड़ा गरेको छ। साथै, आफ्ना अभिभावकको पुस्ताले पाएका अवसर आफूहरूले नपाउने हो कि भन्ने चिन्ताले जेन–जी पुस्तामा बढ़िरहेको असन्तुष्टिलाई पनि यी आन्दोलनले स्पष्ट रूपमा उजागर गरेका छन्। युरोपका बालबालिका र युवा पुस्ताको अवस्था राम्रो छैन। विभिन्न देशमा आन्दोलन शुरु हुनुका कारण फरक–फरक छन्। स्पेनमा ८७ वर्षीया मारिकार्मेन अबास्कललाई घरबाट निकालिएको घटनाले प्रदर्शनको लहर निम्त्यायो। फ्रान्समा हड्तालमा उत्रिएका शिक्षकहरूको समर्थनमा विद्यार्थीहरू सड़कमा आए।

अल्बानियामा भने महिनौँदेखि विद्यार्थी आन्दोलन जारी छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका ज्वाइँ जारेड कुस्नरको समर्थनमा अघि सारिएको विलासी आवासीय परियोजनाको योजनाका कारण त्यहाँ आन्दोलन शुरु भएको थियो। यद्यपि, आन्दोलन शुरु हुनुका कारण फरक भएपनि यी सबै युरोपभरका आन्दोलनले युवा पुस्तामा रहेको असन्तुष्टिलाई एकै ठाउँमा जम्मा गरेका छन्। त्यसपछि त्यो असन्तुष्टि व्यापक आक्रोशका रूपमा विस्फोट भइरहेको छ। आफ्ना अभिभावकले जस्तै अवसर प्राप्त गर्न नसक्ने डरले युवाहरूलाई सड़कमा उतारेको छ। यी आन्दोलनले एक अर्कालाई प्रेरित पनि गरेका छन्। इटाली र ग्रिसका प्रदर्शनकारीहरूले आफ्ना नारामा फ्रान्सका आन्दोलनकारीहरूको उल्लेख गरेका छन्। स्पेनमा आवासको समस्या समाधानको माग गर्दै शुरु भएको आन्दोलन पोर्चुगलसम्म फैलिएको छ। युरोपभरिका विद्यार्थी सङ्गठनहरूले पनि एक अर्कासँग अनुभव र सुझाव आदान प्रदान गरिरहेका छन्।

फ्रान्सको प्रमुख विद्यार्थी सङ्गठन युएनइएफकी उपाध्यक्ष एलिस डे ब्रिटो भन्छिन्, 'यी आन्दोलन बिच भिन्नता भन्दा समानता धेरै पाइन्छ।' उनी भन्छिन्, 'हामी सबै शिक्षामा, विश्वविद्यालयमा र समग्र युवा पुस्तामा लगानी बढाउनुपर्ने विषयमा कुरा गरिरहेका छौँ। त्यस्तै, जीवन यापनको बढ्दो लागत र आवासको समस्याबारे पनि कुरा गरिरहेका छौँ।' गत सप्ताहान्त इटालीको विद्यार्थी सङ्गठनकी नेतृ सब्रिना ब्रिजोलाले पनि यस्तै माग राखेकी थिइन्। ऱ्यालीलाई सम्बोधन गर्दै उनले भनिन्, 'हाम्रो टाउकोमाथि विद्यालयका भवन नखसुन्, सुरक्षित र सम्मानजनक रोजगारी होस्, सार्वजनिक स्वास्थ्य सेवा उपलब्ध होस् र सामाजिक न्याय सुनिश्चित होस् भन्ने मागका लागि हामीले आफ्नो आवाज बुलन्द गर्नुपर्छ।'

युरोपियन करेस्पोन्डेन्ट नामक दैनिक समाचार पत्रका सह संस्थापक तथा प्रधान सम्पादक जुलियस फिन्टेलमानका अनुसार यी आन्दोलनले 'युरोपको राजनीति आगामी पुस्ताका लागि अपेक्षित परिणाम दिन असफल भइरहेको छ भन्ने निराशा' झल्काउँछन्। शिक्षा र आवासबाहेक रोजगारीको अनिश्चितता पनि युवा आक्रोशको अर्को कारण हो। एआईको विस्तारले विशेषगरी करिअरको शुरुवाती चरणमा रहेका कामदारका रोजगारीमा बढ़ी असर पारिरहेको छ। जलवायु सङ्कटले पनि युवाहरूको चिन्ता थपेको छ। फिन्टेलमान भन्छन्, 'मूलतः अहिले हामी उदार लोकतन्त्रले गरेको एउटा वाचाको अन्त्य देखिरहेका छौँ। त्यो वाचा के थियो भने आगामी पुस्ताले वर्तमान पुस्ताभन्दा राम्रो जीवन बिताउनेछ। तर अब त्यो वाचा पूरा हुने अवस्था देखिँदैन।'

आन्दोलनबाट सबैभन्दा बढ़ी प्रभावित युरोपेली सङ्घका सदस्य राष्ट्रहरू ग्रिस, इटाली, फ्रान्स, बेल्जियम, स्पेन र पोर्टुगलको आर्थिक अवस्था पनि चुनौतीपूर्ण छ। यी देशमा सार्वजनिक ऋण उच्च छ, जसका कारण सरकारी खर्च बढ़ाउन कठिन भइरहेको छ। उदाहरणका लागि, फ्रान्समा सरकारी ऋणपत्रको प्रतिफल बुधवार सन् २००२ यताकै उच्च बिन्दुमा पुगेको थियो। यसले सरकारी बजेटमाथि थप दबाब सिर्जना गरेको छ।

'जवाफको प्रतीक्षामा थाकिसकेका छौँ'

फ्रान्समा विद्यालय वर्ष शुरु हुने सेप्टेम्बर र अक्टोबर महिनामा विद्यार्थी आन्दोलन हुनु नौलो होइन। पछिल्ला नौ वर्षदेखि विद्यालय फर्किएका विद्यार्थीले पर्याप्त शिक्षक र राम्रो शैक्षिक सामग्री नभएको महसुस गरेपछि यस्ता प्रदर्शन गर्दै आएका छन्। तर यस वर्ष आन्दोलन झन् व्यापक बन्यो। विद्यार्थीहरूले कक्षा कोठामा विद्यार्थीको सङ्ख्या घटाउन, शिक्षकका लागि लगानी बढ़ाउन, जलवायु सङ्कटको सामना गर्न सक्ने पूर्वाधार निर्माण गर्न र युवामाथि हुने पुलिस हिंसा अन्त्य गर्न माग गरेका छन्। डे ब्रिटोले भनिन्, 'मानिसहरू जवाफको प्रतीक्षा गर्दागर्दै थाकिसकेका छन्।' बुधवार ग्रिसको राजधानी एथेन्समा शिक्षक र विद्यार्थीहरूले शिक्षामा सुधार तथा जीवन यापनको बढ्दो लागत नियन्त्रण गर्न माग गर्दै प्रदर्शन गरे।

रोयटर्सका अनुसार हजारौँ विद्यार्थी र शिक्षक ग्रिसका विभिन्न ठाउँमा सड़कमा उत्रिएका थिए। एथेन्समा संसद् भवन बाहिर भेला भएका प्रदर्शनकारीहरूले 'ग्रिसदेखि फ्रान्ससम्म, हामीलाई सार्वजनिक र निःशुल्क शिक्षा चाहिन्छ' भन्ने नारा लगाएका थिए। इटालीको रोममा ७ अक्टोबरमा विद्यार्थीहरूले पहिलो पटक रहल पृष्ठ ७ मा

जीवन ऊर्जा के हो?

कुनै पनि सामान, वस्तुलाई एक ठाउँबाट अर्को ठाउँमा सार्न वा त्यसको रूप परिवर्तन गर्न शक्तिको आवश्यकता पर्दछ। अव्यक्त तत्त्वलाई व्यक्तिमा ल्याउन पनि शक्ति नै चाहिन्छ। त्यही शक्तिलाई हामी ऊर्जा भन्दछौँ। ब्रह्माण्डमा भएका प्रत्येक वस्तु ऊर्जाले नै बनेका छन्। बालुवाको कण, ढुङ्गा, माटो, काठको टुक्रा, पात पतिङ्गर आदि जसलाई हामी निर्जीव भन्छौँ, ती सम्पूर्ण पनि ऊर्जाबाट नै बनेका छन् किनकि सुकेको काठ बालेपछि अग्नि उत्पन्न हुन्छ। पात पतिङ्गर आदि कुहिएर माटोको उर्वराशक्ति बढ्छ। ढुङ्गा, माटो, काठ आदिको प्रयोगले भवन निर्माणको कार्य हुन्छ। त्यसैले यहाँ ऊर्जा मात्र छ। पञ्चतत्त्वबाट बनेका सम्पूर्ण वस्तुहरू ऊर्जाको कारण अन्त्यमा पञ्चतत्त्वमा नै गएर मिल्छन्। तारा, नक्षत्र, सूर्य, चन्द्र, ग्रह सबै ऊर्जाका विस्तारित रूपहरू हुन्।

विज्ञानको भाषामा जसलाई हामी सजीव भन्छौँ चाहे तिनीहरू एक कोषीय जीव हुन् वा वनस्पति, कीट पतङ्ग, पशुपक्षी, मानव आदिमा ऊर्जाको साथमा जीवन छ। जीवन छ र त बढ्ने, एक ठाउँबाट अर्को ठाउँमा जानसक्ने क्रिया गर्दछन्। वनस्पतिले आफ्नो दुःख–सुख बुझ्न सक्दैनन्, तर पशुपक्षी आदिले अरूको दुःख बुझ्न नसके पनि आफ्नो दुःख बुझ्न सक्दछन्। वनस्पतिमा भन्दा पशुपक्षीमा बढी जीवन्तता छ। पशुपक्षीमा भन्दा पनि मानवमा अझ बढी जीवन्तता छ, किनकि उसले आफ्नो साथै अरूको पनि दुःख बुझ्न सक्दछ। त्यसैले त मानवलाई सर्वश्रेष्ठ प्राणी भनिन्छ। जसरी बीउलाई रोपेपछि उपयुक्त चिस्यान, मलखाद, ताप आदिको कारण निश्चित समयमा उम्रिन्छ, बढ्छ, फूल लाग्छ, फल लाग्छ अन्तमा हजारौँ गुणा भएर फेरि बीउ बन्छ। यदि त्यसमा जीवन थिएन भने त्यो उम्रने थिएन। त्यसैगरी मानव जन्मिनुभन्दा पहिला जीवन थिएन भने अकस्मात् कहाँबाट आउँछ? त्यही जीवन छ र त मानिसको नश नाडीहरू चल्छन्, श्वास–प्रश्वास क्रिया, मुटुको घड्कन आदि सञ्चालित हुन्छन्। दश इन्द्रियहरू मन, बुद्धि, चित्त, अहङ्कार आदिले कार्य गर्दछन्। अनन्त अनन्त सम्भावनाहरू मानिसभित्र छन्। त्यही जीवनबाट मानिसले ऊर्जा प्राप्त गर्दछ। हामीसँग मन छ हृदय छ जसको माध्यमद्वारा हामी हाम्रो जीवन ऊर्जालाई पहिचान गर्न सक्दछौँ। ब्रह्माण्डको मूल विचारसँग जोडिएर विचार गर्न सक्दछौँ भने आफूभित्र दिव्य गुणहरू प्रेम, करुणा, दया, क्षमा, सेवा आदि भावको विकास गरेर सत्त, चिद्, आनन्दमा उपलब्ध हुन सक्छौँ। यो पूरै अस्तित्वमा मानव मात्र यस्तो प्राणी हो जसले आफ्नो जीवन ऊर्जालाई चिन्न सक्दछ। जति बढी हामी बाहिर गएका हाम्रा इन्द्रियहरूलाई फर्काएर आफ्नो आन्तरिक स्वकेन्द्रमा लगाउन सक्छौँ त्यति नै बढी हामी हाम्रो जीवन ऊर्जालाई पहिचान गर्न सक्दछौँ किनकि जति पनि सम्पदा हामीभित्र छन् तिनीहरू बहिरबाट प्राप्त हुन सक्दैनन्। हामीले अरूबाट लिएको ज्ञान जतिबेला आवश्यक पर्दछ त्यतिबेला प्रयोग गर्न सक्दैनौँ त्यही कारण त हामी दुःखी बन्छौँ, तनाउमा जान्छौँ। जति बढी आफूभित्र फर्किन्छौँ त्यति नै बढी आफ्ना कमजोरीहरू हामी देख्न थाल्छौँ।

जुन गुणहरू परमात्मामा छन्, तिनै गुणहरू हामीभित्र विकास हुन थाल्दछन्। एउटा कीरा देख्दा पनि कसले चलायो त्यसलाई, वनस्पति देख्दा त्यसको पात कसरी हरियो भयो कसरी बढ्यो आदि प्रति हाम्रो दृष्टि जान थाल्दछ। त्यसभित्र पनि जीवन छ र त त्यसमा अनेकौँ रूपान्तरण हुन्छ। आफूभित्र जे हुन्छ बाहिर पनि त्यही हुन्छ त्यसको बोध हुन्छ। जति आफूभित्र जीवनको अनुभूति हुन्छ त्यति बाहिर हुन्छ। जति ऊर्जा अनुभूतिमा आउँछ त्यति नै ऊर्जा बाहिर देखिन्छ। यो सम्पूर्ण ब्रह्माण्ड जीवन अर्थात् चेतना ध्यान वा बोध र शक्ति अर्थात् ऊर्जाको खेल हो। जीवनको अस्तित्वको न आदि हुन्छ न अन्त हुन्छ। जति पनि ज्ञान, सिर्जनशीलता, व्यक्तिभित्रका प्रतिभाहरू प्रेम, करुणा, दया, क्षमा, आनन्द, सेवा, संवेदनशीलता सबै यही जीवनबाट आउँछ।

कवि, लेखक, वैज्ञानिक, दार्शनिक, कलाकार, कुशल व्यवस्थापक, सङ्गीतज्ञ, नर्तक, विशेषज्ञ आदि सम्पूर्ण प्रतिभा जीवन ऊर्जासँग जोडिएपछि प्रकट हुन्छन्। ज्ञानी व्यक्तिमा जति जीवन ऊर्जा छ त्यति नै अज्ञानी, बेहोशी व्यक्तिमा छ। प्रत्येक व्यक्तिभित्र छुट्टा–छुट्टै विषयमा विज्ञता हासिल गर्न सक्ने क्षमता छ, खाली आफ्नो मूल रोजाइ पहिचान गर्न आवश्यक छ। आफ्नो स्वभाव आफ्नो पथप्रति जागरूक हुन जरुरी छ किनकि स्वभावमा खुशी छ भने प्रभावमा दुःख। प्रतिस्पर्धा, देखासिकी, होडबाजी, अहङ्कार आदिका कारण जीवन ऊर्जा हामीभित्र छ भन्ने हामीलाई बोध हुँदैन। हामीभित्र श्वास छ जसले हामीलाई जीवन ऊर्जासँग जोडेको छ। श्वास छुट्ने बित्तिकै शरीरमा विचलन आउँछ। जीवन थिएन भने जन्मसँगै कसरी शरीर प्रकट रूपमा आयो? जे पनि पहिला अप्रकट रूपमा हुन्छ। जब त्यसको कार्य बाहिरी संसार देखिन्छ प्रकट रूपमा आउँछ। जीवन ऊर्जा परम ऊर्जाको सानो रूप हो। जीवन शरीरबाट छुट्ने बित्तिकै निर्माणको प्रक्रिया तत्काल अवरुद्ध बनिहाल्छ। जीवन छ र त निर्माण र सिर्जना सम्भव छ। त्यसैले खोजी गर्नु छ जीवन ऊर्जाको आफूभित्र फर्किएर आफ्नो स्वभावमा रहेर। बाहिरी रूपलाई सजाउनुभन्दा पनि आन्तरिक सौन्दर्यलाई खोजी गर्नु छ।

आफ्नो रोजाइ, पथ, स्वभाव जान्न हामीलाई स्वकेन्द्रमा फर्किनु जरुरी छ। सद्गुरुदेवद्वारा प्राप्त निर्देशन, ज्ञान, प्रेम, करुणाले हामीलाई स्वकेन्द्रमा जोड्दै लैजान्छन्। ब्रह्माण्डको मूल विचारसँग एकाकार बनाउँदै लैजान्छन्। ब्रह्माण्डको मूल विचार ज्ञान नै ज्ञानले र प्रेम नै प्रेमले भरिएको छ। यो विचारसँग जोडिएपछि प्रतिभाहरू प्रकट हुन थाल्दछन्। त्यसपछि व्यक्ति शान्त, आनन्दित, इमानदार, प्रेमल खुशी बन्न थाल्दछ। जगत् ऊर्जा अर्थात् बाहिरका शक्ति पद प्रतिष्ठा धन–सम्पत्ति, बाहिरी ज्ञानभन्दा पनि महत्त्वपूर्ण जीवन उर्जामा हामी सद्गुरुदेवको कृपा प्रसादबाट प्रतिष्ठित हुने सुअवसर प्राप्त गर्दछौँ। ऐश्वर्य विज्ञान, स्वसंवाद, दिव्य संवाद, समृद्धि संवाद, चक्र विज्ञान, बोध विज्ञान, लय विज्ञान, प्रशिक्षक प्रशिक्षण आदि जति पनि जीवन विज्ञानबाट प्रदान गरिने साधना पद्धतिहरू छन् ती सम्पूर्ण जीवन ऊर्जाका खोजी हुन्। जीवन विज्ञानका समय र मनस्थिति अनुकूलका साधना पद्धतिहरूले अध्यात्म र विज्ञान एक हुन् भन्ने स्पष्ट पार्दछ।

विधि, नयाँ विचार, नयाँ नयाँ भाव तरङ्गहरू सद्गुरुदेवका सान्निध्यबाट मात्र प्राप्त हुन्छ। सिर्जनशीलताले व्यक्तिलाई पूर्ण बनाउँछ। पूर्ण मानव बनाउने सङ्कल्पका साथमा सद्गुरुदेवले हामीभित्र त्यही अनुरूप ज्ञान, मन, भाव, बनाउँदै लैजानुहुन्छ। त्यसैले सबै मानवहरूलाई सद्गुरुदेवको प्रेमलाई अनुभूति गर्ने अवसर प्राप्त हुन्छ।

विधि, नयाँ विचार, नयाँ नयाँ भाव तरङ्गहरू सद्गुरुदेवका सान्निध्यबाट मात्र प्राप्त हुन्छ। सिर्जनशीलताले व्यक्तिलाई पूर्ण बनाउँछ। पूर्ण मानव बनाउने सङ्कल्पका साथमा सद्गुरुदेवले हामीभित्र त्यही अनुरूप ज्ञान, मन, भाव, बनाउँदै लैजानुहुन्छ। त्यसैले सबै मानवहरूलाई सद्गुरुदेवको प्रेमलाई अनुभूति गर्ने अवसर प्राप्त हुन्छ।

अल्युमिनियमको भाँड़ोमा खानु कति स्वस्थकर?

खाना पकाउनका लागि पीतल, काँस, चाँदी, फलाम, अल्युमिनियम, स्टिल र ननस्टिक कूकवेयरको उपयोग हुन्छ। यी सबै भाँडामा खाना पकाउनुका आआफ्नै फाइदा र नोक्सानी छन्, तर अल्युमिनियममा खाना पकाएर खानु चाहिँ स्वास्थ्यमा खेलवाड गर्नु नै हो।

पहिलेको जमानामा माटोको भाँडोमा खाना पकाइन्थ्यो, तर आजकल जमाना बद्लिँदै जाँदा मानिसहरू नयाँ भाँडाकुँडामा खाना पकाउन थालेका छन्।

खाना पकाउनका लागि पीतल, काँस, चाँदी, फलाम, अल्युमिनियम, स्टिल र ननस्टिक कूकवेयरको उपयोग हुन्छ। यी सबै भाँडामा खाना पकाउनुका आआफ्नै फाइदा र नोक्सानी छन्, तर अल्युमिनियममा खाना पकाएर खानु चाहिँ स्वास्थ्यमा खेलवाड गर्नु नै हो।

तर अचम्मको कुरा चाहिँ अल्युमिनियम नै आजभोलि भान्सामा अत्यधिक उपयोग हुन्छ। यो दुई कारणले हुन्छ : पहिलो, यसमा खाना छिट्टो पाक्छ र दोस्रो, यो अरू भाँडोभन्दा सस्तो हुन्छ। तर सस्तो खोज्ने नाममा स्वास्थ्यसँग सम्झौता गर्नु ठीक होला त?

अल्युमिनियमको भाँडोमा पकाएको खानाको स्वाद र रङ्ग दुवै बद्लिन्छ किनकि चारदेखि पाँच मिलिग्राम अल्युमिनियमको मात्रा प्रत्येक दिन हाम्रो भोजनमा पर्छ र त्यसले भोजनको प्राकृतिक पोषणलाई नष्ट गर्छ।

अझ महत्त्वपूर्ण त, यो धातुलाई हाम्रो शरीरले निकाल्न पनि सक्दैन र अलि अलि गर्दै हाम्रो शरीरमा जम्मा हुन थाल्छ। यसले स्लो पोइजनको काम गर्छ।

अल्युमिनियम बक्साइटबाट बन्छ। शरीरका अन्य विषाक्त पदार्थ मलमूत्रद्वारा शरीरबाट निस्के पनि अल्युमिनियमको कण चाहिँ शरीरबाट निस्किँदैन। यो त पेटमा जम्मा भएर शरीरको कार्यप्रणालीलाई बिगार्न थाल्छ।

लामो समयसम्म यस्तो भाँडोमा खाना खाँदा यो धातु कलेजो र नर्भस सिस्टममा पस्छ र अनेकौं रोगको कारण बन्छ। दम, पेटको रोग, अल्झाइमर्स, बाथ, मानसिक रोग, क्षयरोग र हाडको रोग पनि यसले गराउँछ।

यसले मिर्गौला र मस्तिष्कका कोशिकाहरूमा क्षति पुऱ्याउँछ।

अल्युमिनियम नून र एसिडको सम्पर्कमा आउनेबित्तिकै पग्लिन थाल्छ र यसको कण खानेकुरामा सजिलै मिसिन्छ।

भोजनमा भएको आइरन र क्याल्सियमलाई अल्युमिनियमले सजिलै सोसिदिन्छ। यसले गर्दा हाड कमजोर हुन्छ।

नानीहरूलाई यसले अत्यधिक असर गर्छ। अनुसन्धानले देखाएअनुसार, अल्युमिनियमले बालक–बालिकाको मानसिक विकासलाई रोकिदिन्छ। उनीहरू मानसिक रूपमा थाक्छन् र खेल्न तथा अरू काम गर्न उनीहरूलाई मन लाग्दैन।

अल्युमिनियमभन्दा फलामको भाँडो ठीक हुन्छ। यसमा खाना पकाउँदा भरपूर आइरन पाइन्छ। तर फलामको भाँडोमा पकाउँदा अमिलो प्रयोग नगर्नुहोला। स्टेनलेस स्टिल पनि सुरक्षित भाँडोमा पर्छ।

आफू र आफ्नो परिवारको स्वास्थ्यका लागि आजैबाट अल्युमिनियमको भाँडो त्यागिहाल्नुस्।

यसकारण मानिसहरू रक्सी पिउन रुचाउँछन्

नशामा मात्तिने बाँदरलाई ध्यानमा राख्दै अमेरिकी वैज्ञानिकहरू अब मानिसहरू किन यति धेरै रक्सी मन पराउँछन् भन्ने कुरा पत्ता लगाउन खोजिरहेका छन्। यसका लागि उनले ब्ल्याक ह्याण्डेड स्पाइडर बाँदरमा अनुसन्धान शुरु गरेका छन्।

पानामामा ब्ल्याक ह्याण्डेड स्पाइडर नामक बाँदरको प्रजातिलाई पामको फल मन पर्छ। यो फल खाएपछि उनीहरूलाई नशा लाग्छ। पामको फलमा इथानोल नामक अल्कोहल हुन्छ, जसका कारण बाँदरलाई खाएपछि निन्द्रा लाग्छ।

अनुसन्धानकर्ताहरूले दुईवटा स्पाइडर बाँदरको पिसाबको नमूना लिएका थिए। परीक्षण गर्दा पिसाबमा इथानोल भएको प्रमाण भेटिएको थियो। बाँदरको शरीरले इथानोललाई पचाएर प्रयोग गर्ने गरेको वैज्ञानिकहरूले बताएका छन्। उनीहरूले मदिरालाई आफ्नो थकान मेटाउने र निद्राको माध्यम बनाएका छन्। नर्थरिज क्यालिफोर्निया स्टेट युनिभर्सिटीकी वैज्ञानिक क्रिस्टिना क्याम्पबेलका अनुसार जङ्गलमा बस्ने बाँदरहरू नसामा हुने कुरा पहिलोपटक सन् २००० मा जीवविज्ञानी रोबर्ट डडलीले रिपोर्ट गरेका थिए। बाँदर रक्सीको स्वाद र गन्धमा आकर्षित हुने डुडले बताउँछन्। बादँरहरूले यस्ता फलहरू चिनेर खान्छन्।

अनुसन्धानमा समावेश गरिएका बाँदरहरूलाई इथानोल भएको फलफूल खुवाउने प्रयास गरिएको थियो। बाँदरहरूले यी फलहरूबाट आफूलाई टाढा राखे। तर, बाँदरहरूलाई जङ्गलमा छोड्दा उनीहरू आफैँले पाम फल पत्ता लगाएर खान थाले। बाँदरहरूले नशाको लागि मात्र नभएर पाचनलाई स्वस्थ राख्न राख्छ।

साथै, ऊर्जाको स्तर बढाउनको लागि इथानोल युक्त फर्मेन्सटेड फलफूल खान रुचाउने गरेको अध्ययनले देखाएको छ। क्रिस्टिनाको अनुसार मानिसको सोच पनि बाँदरको जस्तो हुनसक्छ। मानिसहरू पनि शरीरको ऊर्जा बढाउन र थकान हटाउन रक्सीको सेवन गर्न रुचाउँछन्। मध्य र दक्षिण अमेरिकाका स्थानीय मानिसहरूले पामको फल प्रयोग गर्छन्।

फरमेन्टेड फलफूलको सेवनले शरीरलाई शक्ति प्रदान हुन्छ। करोडौँ वर्षमा बाँदरबाट मानिसमा क्रमविकासका गुणहरू सरेको वैज्ञानिकहरू विश्वास गर्छन्। मानिस, चिम्पाञ्जी, बोनोबोस र गोरिल्लाको जीन धेरै समान हुन्छ। जसकारण बाँदर होस् वा मानिस सबैलाई रक्सी मन पर्छ।

मुटुमा समस्या भएको कसरी थाहा पाउने?

वरिष्ठ मुटुरोग विशेषज्ञ डा. अरुण मास्के भन्छन्– हृदयाघात वा मुटुरोगसम्बन्धी समस्या जोसुकैलाई हुनसक्छ। लक्षण देखिएमा अनिवार्य चिकित्सकसँग परामर्श लिनुपर्छ।

मुटुरोगको जोखिम केही दशकयता संसारभरि नै बढ्दै गइरहेको छ। अव्यवस्थित जीवनशैली, अस्वस्थ खानपान, मधुमेह, उच्च रक्तचाप, उच्च कोलेस्ट्रोल र धूम्रपानका कारण युवाहरूमा समेत हृदयाघातको जोखिम बढिरहेको चिकित्सकहरूको भनाइ छ।

अहिले मुटुको समस्या लिएर अस्पताल पुग्ने ४० वर्षमुनिका बिरामीमध्ये २० देखि २५ प्रतिशत हृदयाघातका हुने गरेको अस्पतालहरूको तथ्याङ्क छ। अस्पताल पुग्ने कुल बिरामीमध्ये मुटुसम्बन्धी समस्या भएकाहरू दोस्रो–तेस्रो नम्बरमा हुन्छन्। सामान्यतया मुटुसम्बन्धी रोगको समस्या विश्वभरि नै बढ्दो छ। तर, दक्षिण एसियाली देशहरूमा तुलनात्मक रूपमा अझै बढी रहेको विभिन्न अध्ययनले देखाएका छन्। मुटुमा समस्या देखिए अन्य अङ्गमा पनि असर पर्ने भएकाले मुटुरोगबाट टाढै बस्नु बुद्धिमानी हुने चिकित्सकहरूको सुझाउ छ। शरीरमा यस्ता परिवर्तन देखिए चिकित्सकसँग परामर्श लिनुपर्ने उनीहरूको भनाइ छ।

अत्यधिक चिन्ता र धड्कनमा गडबडी

विभिन्न अध्ययनले मुटुमा समस्या देखिए अत्यधिक तनाउ र

मुटुको धड्कनमा परिवर्तन महसुस हुन्छ। अत्यधिक चिन्ता लिने व्यक्तिमा शारीरिक र मानसिक बराबर असर पर्ने हुँदा मुटुको चालमा आउने परिवर्तनलाई समेत यसकै सङ्केतका रूप मानिन्छ। धड्कनमा गडबडी देखिए मुटुमा समस्या भएको हुनसक्छ।

पाखुरामा दुखाइ

अधिकांश हृदयाघातका घटनामा शुरुमा छातीमा दुखाइ हुने गरेको छ। जुन बिस्तारै पाखुरा, घाँटी र शरीरको अन्य भागमा फैलिँदै जान्छ।

यस्तो दुखाइ केही समयसम्म मात्रै रहन्छ। तर, बायाँ हात दुखाइ हृदयाघातको सबैभन्दा सामान्य लक्षणमध्ये एक हो। अमेरिकन हर्ट एसोसिएशनका अनुसार अचानक देब्रे हातमा हुने दुखाइ हृदयाघातको सङ्केत हो, यसलाई बेवास्ता गर्नुहुँदैन।

बान्ता हुने वा भोक नलाग्ने

अपच हुने, पेट दुख्ने, बान्ता हुने र भोक नलाग्ने समस्या पनि मुटुसम्बन्धी रोगका लक्षण हुन सक्छन्।

यस्ता लक्षणहरू ग्यासट्राइटिसमा देखिने भए पनि चिकित्सकसँग परामर्श र स्वास्थ्य परीक्षण गर्नुपर्ने हुन्छ।

रिङ्गटा लाग्ने वा बेहोस हुने

रोग नियन्त्रण र रोकथाम केन्द्रको एक रिपोर्टअनुसार मुटुरोग पीडित व्यक्तिहरूमा कमजोरीपन हुने, हल्का टाउको दुख्ने वा बेहोस हुनेजस्ता समस्या हुन सक्छन्। मुटुले रगत राम्रोसँग पम्प नगर्दा, मस्तिष्कमा हुन जाने कम रक्तसञ्चारका कारण रिँगटा लाग्ने वा बेहोस हुने हुन्छ।

छाला पहेँलो हुने

रक्तसञ्चारमा कमी आउँदा प्रत्येक कोषिकामा असर देखिन थाल्छ। जुन छालामा प्रस्ट देखिने गर्छ। छाला पहेँलो हुनुलाई गम्भीर लक्षणका रूपमा लिने गरिन्छ। वरिष्ठ मुटुरोग विशेषज्ञ डा. अरुण मास्के भन्छन्, ''हृदयाघात वा मुटुरोगसम्बन्धी समस्या जोसुकैलाई हुनसक्छ। केही दशकयता कम उमेरमै मुटुरोगको जोखिम बढेको अध्ययनले समेत देखाएको छ। तसर्थ, यस्ता लक्षण देखिएमा अनिवार्य चिकित्सकसँग परामर्श लिनुपर्ने हुन्छ।''

यस्ता सामान्य गल्तीका कारण पेटमा भरिन्छ ग्यास

धेरैजसो मानिसलाई ग्यास्ट्रिकको समस्याले लगातार सताउने हुन्छ। पेटमा ग्यास भरिनुलाई सामान्य मानिन्छ। पाचन नलीमा हावा भरिएपछि पेटमा ग्यास बन्न शुरु हुन्छ। सामान्य व्यक्तिले प्रतिदिन एकदेखि चार पोइण्ट ग्यास पास गर्ने गर्छ। पेटमा ग्यास बनेपछि मानिसलाई ब्लोटिङ (पेट फुल्ने समस्या) पनि हुनसक्छ। यसबाहेक पेटमा बन्ने ग्यासले छाती, पिठ्यूँमा समेत असर पार्न सक्छ। पाचन प्रक्रिया सही नभएका व्यक्तिमा ग्यासको समस्या धेरै हुन्छ। खाना निल्दा, खानासँगै थोरै हावा पेटमा जान्छ। यो हावा सामान्यतया सानो आन्द्रामार्फत शरीरबाहिर निस्कन्छ। बाँकी ग्यास ठूलो आन्द्रामा रहिरहन्छ। पाचनसम्बन्धी रोग भएका मानिसमा पनि ग्यासको समस्या हुन्छ। खाना खाएको समयमा पानी पिउँदा पेटमा ग्यास भरिन्छ, जसले पाचन प्रक्रियामा नराम्रो असर गरी ब्लोटिङ हुने र ग्यास बन्ने समस्या हुन्छ। व्यायाम गर्दा पनि ग्यास बन्ने समस्या हुनसक्छ। व्यायाम गर्दा पसिना आएपछि शरीरमा सोडियम निस्किन्छ र ब्लोटिङको समस्या निम्तिन सक्छ। यस्तो अवस्थाबाट बच्नका लागि शरीरलाई हाइड्रेट राख्न जरुरी हुन्छ। खोकीको औषधिको सेवन गर्दा पेटमा ब्लोटिङ हुने र ग्यास भरिने सम्भावना हुन्छ।

आर्टिफिसियल स्वीटनर्सको प्रयोग गरिने हुँदा यस्ता औषधिलाई पचाउन पेटलाई धेरै गाह्रो पर्ने भएकाले पेटका ब्याक्टेरियाहरू झन् धेरै बढ्छन् जसकारण ग्यास भरिने र पेटमा दुखाइ हुने गर्छ। तनाउको कारण, धूम्रपान, धेरै छिटो खाना खाने बानी भएमा पनि पेटमा बढी हावा भित्र पस्छ जसकारण ग्यासको समस्या हुन्छ।पेटमा बन्ने ग्यासको कारण केही खानेकुराहरू पनि हुन सक्छन्। पचाउन गाह्रो हुने खाना, धेरै कार्बोहाइड्रेट भएको खाना वा फ्याटी फुडको सेवन गर्दा पेटमा ग्यास बन्ने गर्छ। यो खानेकुरा पेटमा पुगेपछि ठूलो आन्द्रामा हुने ब्याक्टेरियाले यसलाई टुक्र्याउने काम गर्छ जसकारण पेटमा ग्यास पैदा हुन्छ।

अधिक मात्रामा यस्ता खानेकुरा खाँदा पेटमा ब्लोटिङ र अत्यधिक मात्रामा ग्यास पैदा हुन्छ। केही फलफूलको जुसले कार्बोहाइड्रेट र चिनी उत्पादन गर्ने भएकाले पेटमा ग्यास बन्ने तथा पेट दुखाइसमेत शुरु हुनसक्छ। यसकारण जुसको सट्टामा फलफूलको सेवन उपयुक्त मानिन्छ।

अमेरिकी ड्रोन खसालेको इरानी सेनाको दाबी

तेहरान, २६ अक्टोधबरः इरानी सेनाले आफ्नो दक्षिणी बन्दरगाह सहर बन्दर अब्बासको आकाशमा एउटा अमेरिकी 'लुकास' ड्रोन खसालेको दाबी गरेको छ। इरानको सरकारी समाचार संस्था 'आईआरएनए' का अनुसार, इरानी एयर डिफेन्स प्रणालीअन्तर्गत कार्यरत एक एयर डिफेन्स युनिटले उक्त ड्रोनलाई लक्षित गरी नष्ट गरेको हो। यद्यपि, यो घटना कहिले भएको हो वा उक्त ड्रोन कुन उद्देश्य (मिसन) का लागि त्यहाँ थियो भन्नेबारे रिपोर्टमा केही खुलाइएको छैन। इरानी सेनासँग सम्बद्ध 'दीफा न्युज एजेन्सी'ले पनि बन्दर अब्बासको आकाशमा ड्रोनलाई निशाना बनाइएको दाबी गरेको छ।

अर्कोतर्फ, इरानको 'मेहर न्युज एजेन्सी'ले सेनाको जनसम्पर्क विभागलाई उद्धृत गर्दै अक्टोबर २५ को बिहान जास्क क्षेत्रमा एउटा लुकास ड्रोन खसालिएको जनाएको छ। यी दुवै सहर इरानको होर्मुजगान प्रान्तमा पर्दछन्। अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) ले दिसम्बर २०२५ मा मध्यपूर्वमा अमेरिकी सेनाको पहिलो 'एकतर्फी आक्रमण गर्ने ड्रोन' को स्क्वाड्रन बनाएको घोषणा गरेको थियो। उक्त स्क्वाड्रन लुकास ड्रोनहरूले सुसज्जित छ। समाचार संस्था रोयटर्सका अनुसार, लुकास ड्रोन इरानको साहेद ड्रोनकै शैलीमा तयार पारिएको हो। यसको एक युनिटको लागत करिब ३५ हजार अमेरिकी डलर पर्दछ।

चीनमा सीको नेतृत्व र पार्टी अनुशासनबारे महत्त्वपूर्ण बैठक

बेजिङ, २६ अक्टोधबरः चिनियाँ राष्ट्रपति सी जिनपिङले पार्टीभित्र अनुशासन कड़ा बनाउने, भ्रष्टाचार नियन्त्रण गर्ने र कार्यकर्ताको कार्यक्षमता तथा वफादारी बढ़ाउने विषयमा छलफल गर्न सोमबार बेजिङमा चिनियाँ कम्युनिष्ट पार्टीको महत्त्वपूर्ण बैठक शुरु गरेका छन्। आगामी वर्ष हुने पार्टी महाधिवेशन र नेतृत्वको सम्भावित फेरबदलअघि शुरु भएको बैठकलाई चीनको भावी राजनीतिक दिशा बुझ्ने महत्त्वपूर्ण अवसरका रूपमा हेरिएको छ। पाँचौं पूर्ण अधिवेशन भनिने बैठकमा सत्तारूढ़ कम्युनिष्ट पार्टीको केन्द्रिय समितिका करिब ३०० सदस्य सहभागी छन्। सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार राष्ट्रपति सीले बैठकमा पार्टीको अनुशासन र स्वशासन सुदृढ़ गर्ने रणनीतिक योजनासहितको मस्यौदा निर्णय प्रस्तुत गरेका छन्।

बन्द कोठामा कड़ा सुरक्षाबीच भइरहेको बैठकका विस्तृत निर्णय बिहीवार बैठक सकिएपछि सार्वजनिक हुने अपेक्षा

गरिएको छ। आगामी वर्ष हुने पार्टी महाधिवेशनमा ७३ वर्षीय सीले ऐतिहासिक चौथो कार्यकाल सुनिश्चित गर्ने र नेतृत्वमा फेरबदल गर्ने सम्भावना रहेकाले बैठकलाई विशेष महत्त्वका साथ हेरिएको छ। सीले १४ वर्षदेखि भ्रष्टाचारविरोधी अभियान सञ्चालन गर्दै आएका छन्। यस क्रममा केन्द्रिय समितिका सदस्यसहित हजारौं अधिकारी कारबाहीमा परेका छन्। तर, आफ्ना निर्देशन कार्यान्वयन नगर्ने तथा पार्टीप्रति पूर्ण वफादार नहुने अधिकारीप्रति उनी असन्तुष्ट रहेको सरकारी सञ्चारमाध्यममा प्रकाशित सामग्रीले देखाएको छ। यस वर्षको बैठकमा केन्द्रिय समितिका आठ स्थान रिक्त छन् भने अन्य १५ सदस्य अनुसन्धानमा रहेकाले पद गुमाउने जोखिममा छन्। सीको अभियानले सेनालाई समेत प्रभावित पारेको छ। केन्द्रिय सैन्य आयोगका सात सदस्यमध्ये पाँच जना पदबाट हटाइएका छन्। एसिया सोसाइटी पोलिसी इन्स्टिच्युटका अनुसार सन् २०२२ मा केन्द्रिय समितिमा नियुक्त ४४ सैन्य सदस्यमध्ये दुई जना मात्र कारबाहीमा नपरेको वा सम्पर्कविहीन नभएको अवस्था छ।

फ्लाभियो बोल्सोनारोलाई पराजित गर्दै लुला दा सिल्भा चौथोपटक राष्ट्रपति बने

बार्जीलिया, २६ अक्टोधबरः ब्राजिलका वामपन्थी राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले दक्षिणपन्थी उम्मेदवार फ्लाभियो बोल्सोनारोलाई पराजित गर्दै राष्ट्रपतिमा चौथो कार्यकाल जितेका छन्। आइतवार सम्पन्न दोस्रो चरणको निर्वाचनमा ८० वर्षीय लुलाले ५१ प्रतिशतभन्दा बढ़ी मत प्राप्त गर्दै करिब चार दशकयता पहिलो चरणमा पछि परेर पनि दोस्रो चरणमा जित हासिल गर्ने राष्ट्रपति उम्मेदवारको इतिहास रचेका छन्।

विभिन्न सञ्चारमाध्यमका अनुसार लुलाको पुनरागमनका पाँच प्रमुख पक्ष यस्ता छन्:

पहिलो चरणको हारबाट ऐतिहासिक पुनरागमन

४ अक्टोबरमा भएको पहिलो चरणको निर्वाचनमा फ्लाभियोले ४७.०३ प्रतिशत मत पाउँदा लुलाले ४५.१६ प्रतिशत मत प्राप्त गरेका थिए। दुवै उम्मेदवारबिच करिब २२ लाख मतको अन्तर थियो। त्यसैले दोस्रो चरणमा लुलाको जित निश्चित थिएन। त्यसपछिका तीन सातामा लुलाले पहिलो चरणमा मतदान नगरेका मतदातालाई आकर्षित गर्ने र महँगी, जीवनयापनको लागत तथा सामाजिक सुरक्षा कार्यक्रमबारे चिन्तित मतदातालाई आफ्नो पक्षमा ल्याउने प्रयास गरे। उनले श्रमिक वर्गका मतदातालाई पुनः सक्रिय बनाउन सार्वजनिक यातायातसम्बन्धी सुविधा विस्तार गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे।

मतगणनाको प्रारम्भिक चरणमा फ्लाभियो अगाड़ि देखिएका थिए। तर उत्तरपूर्वी ब्राजिलबाट मतपरिणाम आउन थालेपछि लुलाले अग्रता लिए। उत्तरपूर्वी क्षेत्र लुला र उनको वर्कर्स पार्टी (पीटी) को परम्परागत बलियो आधार हो। यसको विपरीत दक्षिण र दक्षिणपूर्वी क्षेत्र तथा मध्यपश्चिममा फ्लाभियोको उल्लेख्य समर्थन थियो। यो परिणामले पहिलो चरणको अग्रता मात्रै अन्तिम जितको आधार हुँदैन भन्ने देखाएको छ। दोस्रो चरणमा मतदाताको सहभागिता, क्षेत्रीय समर्थन र उम्मेदवारले उठाएका आर्थिक तथा सामाजिक मुद्दाले परिणाम परिवर्तन गर्न सक्छन्।

मतदान अवधि थप्ने निर्णयले विवाद

निर्वाचनको अन्तिम घण्टामा मतदान अवधि दुई घण्टा थप्ने निर्णय विवादको केन्द्र बन्यो। शुरुमा ब्राजिलको स्थानीय समयअनुसार साँझ ५ बजे मतदान समाप्त हुने तालिका थियो। तर दुवै उम्मेदवारका पक्षबाट मतदान अवधि थप्न माग आएपछि सर्वोच्च अदालतका न्यायाधीश क्रिस्टियानो जानिनले मतदान केन्द्रहरू साँझ ७ बजेसम्म खुला राख्न आदेश दिए। लुलाको चुनावी टोलीले केही सहरमा सार्वजनिक यातायात सेवा घटाइँदा न्यून आय भएका मतदातालाई मतदान केन्द्र पुग्न कठिन भएको आरोप लगाएको थियो। फ्लाभियोको पक्षले भने भारी वर्षा र बाढ़ीबाट प्रभावित क्षेत्रका मतदातालाई थप समय दिनुपर्ने माग गरेको थियो।

यद्यपि, निर्णय आउनुअघि केही मतदान केन्द्र बन्द भइसकेका थिए र विद्युतीय मतदान मेसिन बन्द गरिएका थिए। त्यसपछि मतदान केन्द्रमा रहेका कर्मचारी र मतदाताबीच अन्योल सिर्जना भयो। केही मतदातालाई मतदान गर्न नदिइएको विवरण पनि सार्वजनिक भयो। फ्लाभियोले मतदान अवधि थप्ने निर्णयलाई नियम परिवर्तनको संज्ञा दिँदै निर्वाचनको नतिजा स्वीकार गर्न नसकिने बताएका छन्। उनले सर्वोच्च अदालतका न्यायाधीशमाथि पनि आरोप लगाएका छन्।

चुनावी हस्तक्षेपको आरोप र कानुनी चुनौतीको सम्भावना

ब्राजिलको सङ्घीय पुलिसले पाँच राज्यमा निर्वाचनका क्रममा यातायात सेवामा अवरोध पुर्याइएको आरोपबारे अनुसन्धान गरिरहेको छ। साल्भाडोरमा अदालतले सार्वजनिक यातायात सेवामा कटौती गर्न निर्देशन दिएको आरोपमा सहरका यातायात सचिवलाई पक्राउ गर्न आदेश दिएको विवरण सार्वजनिक भएको छ। लुलाको पक्षले यस्ता घटनालाई न्यून आय भएका मतदाताको मतदान अधिकार प्रभावित पार्ने प्रयासका रूपमा व्याख्या गरेको छ। फ्लाभियोको पक्षले भने मतदान अवधि थप्ने निर्णयलाई नै निर्वाचन प्रक्रियामा हस्तक्षेप भएको आरोप लगाएको छ।

फ्लाभियोले नतिजा उल्ट्याउन अदालत जाने सङ्केत गरेका छन्। उनका समर्थकहरूले पनि निर्वाचनको प्रक्रियामाथि प्रश्न उठाएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका छोरा डोनाल्ड ट्रम्प जुनियरले सामाजिक सञ्जालमा मतदान अवधि थप्ने निर्णयको आलोचना गरेका छन्। यस विवादले ब्राजिलमा निर्वाचन व्यवस्थापन र न्यायपालिकाको भूमिकाबारे बहस बढ़ाएको छ। लुलाले सन् २०२३ मा जानिनलाई सर्वोच्च अदालतको न्यायाधीश नियुक्त गरेका थिए। जानिन यसअघि लुलाका वकिलसमेत थिए। यही पृष्ठभूमिलाई आधार बनाएर फ्लाभियोको पक्षले निर्णयमाथि प्रश्न उठाएको छ। तर न्यायाधीशको विगतको व्यावसायिक सम्बन्ध मात्रै निर्णय गलत भएको प्रमाण होइन। निर्वाचन प्रक्रियाबारे अन्तिम निष्कर्ष निकाल्न मतदान केन्द्रका अभिलेख, आधिकारिक तथ्य र अदालतको निर्णय महत्त्वपूर्ण हुनेछन्।

ट्रम्पको ल्याटिन अमेरिकी रणनीतिमा चुनौती

लुलाको जित अमेरिका र ल्याटिन अमेरिकाबीचको सम्बन्धका दृष्टिले पनि महत्त्वपूर्ण छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यस क्षेत्रका दक्षिणपन्थी राजनीतिक शक्तिसँग सम्बन्ध विस्तार गर्ने प्रयास गर्दै आएका छन्। बोल्सोनारो परिवारसँग उनको निकटता पनि सार्वजनिक छ। लुलाले आफ्नो चुनावी अभियानमा ब्राजिलको राष्ट्रिय सार्वभौमिकता र विदेशी हस्तक्षेपको विरोधलाई प्रमुख मुद्दा बनाएका थिए। उनले ट्रम्पको भन्सार शुल्कसम्बन्धी नीतिलाई ब्राजिलमाथिको दबाबका रूपमा प्रस्तुत गर्दै आएका छन्। पूर्वराष्ट्रपति जैर बोल्सोनारोमाथिको कानुनी कारबाहीलाई लिएर अमेरिकी पक्षबाट व्यक्त भएका टिप्पणीलाई पनि लुलाले आन्तरिक मामिलामा हस्तक्षेपको उदाहरणका रूपमा व्याख्या गरेका थिए।

विजयपछि लुलाले बाह्य हस्तक्षेपको सामना गर्नुपरेको उल्लेख गर्दै आफ्नो जितलाई लोकतन्त्रको जितका रूपमा प्रस्तुत गरे। उनले भने, 'यो निर्वाचन अस्वीकारवादको हार थियो। यो झुटको हार थियो।' उनले आफ्ना समर्थकलाई धन्यवाद दिँदै रूस, चीन वा अमेरिकासँग पनि ब्राजिलको लोकतन्त्रको पक्षमा उभिएका नागरिकको जस्तो विजयी शक्ति नभएको आशय व्यक्त गरे।

कम मतदानबाट फर्किएका मतदाता निर्णायक

लुलाको जितमा मतदान सहभागिता बढ्नु पनि एउटा महत्त्वपूर्ण पक्ष हुन सक्ने विश्लेषकहरूले बताएका छन्। मतदानसम्बन्धी विवरणअनुसार ४ अक्टोबरको पहिलो चरणमा करिब तीन करोड़ ३४ लाख ब्राजिलियन मतदाता मतदान गर्न गएका थिएनन्। यो कुल मतदाताको करिब २१ प्रतिशत थियो, जुन सन् १९९८ यताकै उच्च अनुपस्थितिमध्ये एक थियो। ब्राजिलमा अधिकांश वयस्कका लागि मतदान अनिवार्य छ। तैपनि पहिलो चरणमा ठूलो सङ्ख्यामा मतदाता अनुपस्थित रहनुले दोस्रो चरणको परिणाममा उनीहरूको भूमिका महत्त्वपूर्ण हुन सक्ने देखाएको थियो।

पुनः निर्वाचित लुलासामु पाँच आर्थिक चुनौती

ब्राजिलका पुनः निर्वाचित राष्ट्रपति लुइज इनासियो लुला मब सिल्भाले आगामी जनवरीदेखि चौथो कार्यकाल शुरु गर्दै छन्। पछिल्ला वर्षमा ब्राजिलको अर्थतन्त्रले अपेक्षाभन्दा राम्रो प्रदर्शन गरे पनि बढ्दो सार्वजनिक ऋण र संरचनागत समस्याले उनको नयाँ कार्यकालमा आर्थिक चुनौती थप्ने देखिएको छ। रोयटर्सका अनुसार लुलाले आगामी कार्यकालमा मुख्यतः पाँच आर्थिक चुनौतीको सामना गर्नुपर्नेछ। तीमध्ये सार्वजनिक ऋण नियन्त्रण, उच्च ब्याजदर र महँगी व्यवस्थापन, परिवार तथा व्यवसायको ऋणभार घटाउने, संसदबाट आर्थिक सुधारका कार्यक्रम पारित गराउने र कर सुधारलाई प्रभावकारी बनाउने विषय प्रमुख छन्।

बढ्दो सार्वजनिक ऋण

लुलाको वर्तमान कार्यकालमा ब्राजिलको सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को तुलनामा १० प्रतिशत भन्दा बढ़ीले बढ़ेर ८२ प्रतिशत नाघेको छ। यसले सरकारका लागि ऋण लिने लागतसमेत बढ़ाएको छ। सरकारको बजेटमा अनिवार्य खर्चको हिस्सा उच्च रहेकाले खर्च व्यवस्थापन कठिन बनेको छ। सङ्घीय बजेटको आठ प्रतिशतभन्दा कम हिस्सा मात्रै सरकारले आफ्नो प्राथमिकताअनुसार परिवर्तन गर्न सक्ने अवस्था छ।

लुलाले आर्थिक वृद्धिमार्फत ऋणसम्बन्धी समस्या समाधान गर्न सकिने तर्क गर्दै आएका छन्। तर उनको सरकारले खर्च वृद्धिमा सीमा तोक्ने र ब्याजबाहेकको बजेट सन्तुलन कायम गर्ने विद्यमान नियम पालना गर्ने प्रतिबद्धता जनाएको छ। यसबीच न्यूनतम ज्याला मुद्रास्फीतिभन्दा तीव्र गतिमा बढ़ाउने लुलाको प्रतिबद्धताले पेन्सनलगायत सरकारी खर्च थप बढ़ाउन सक्छ। यसअघि नै सामाजिक सुरक्षा तथा कल्याणकारी कार्यक्रममा खर्च बढ़ाएका कारण बजेट लक्ष्य पूरा गर्न सरकारलाई थप कठिन हुने देखिएको छ।

उच्च ब्याजदर र नियन्त्रणमा नआएको महँगी

ब्राजिलमा ब्याजदर १३.७५ प्रतिशत रहेको छ। वार्षिक मुद्रास्फीति दर ४.६ प्रतिशत पुगेको छ, जुन केन्द्रिय ब्याङ्कले तोकेको १.५ देखि ४.५ प्रतिशतको सहनशील सीमाभन्दा माथि हो। अर्थतन्त्र सुस्ताउन थालेको सङ्केत देखिएपछि केन्द्रिय ब्याङ्कले लगातार पाँचौँपटक ब्याजदर घटाएको थियो। तर बजार विश्लेषकहरूले मुद्रास्फीति सन् २०२९ सम्म पनि सरकारको तीन प्रतिशतको लक्ष्यभन्दा माथि रहन सक्ने अनुमान गरेका छन्।

लुलाले सामाजिक कार्यक्रममा कटौती नगरी वित्तीय अनुशासन कायम गरेर ब्याजदर घटाउने प्रतिबद्धता जनाएका छन्। तर अर्थशास्त्रीहरूको भनाइमा ब्याजदर तीव्र रूपमा घटाउन सरकारी खर्च नियन्त्रण आवश्यक हुन सक्छ। यसले सरकारसामु एकातिर सामाजिक कार्यक्रमलाई निरन्तरता दिनुपर्नेछ भने अर्कोतिर सरकारी खर्च नियन्त्रण गरेर महँगी घटाउनुपर्ने दबाब रहनेछ।

परिवार र व्यवसायमा बढ्दो ऋणभार

उच्च ब्याजदरका कारण ब्राजिलका परिवार र व्यवसाय ऋण तिर्न कठिनाइमा परेका छन्। क्रेडिट ब्युरो सेरासाका अनुसार करिब आठ करोड़ ४० लाख ब्राजिलेली नागरिक र ९३ लाख व्यवसाय ऋण भुक्तानीमा पछाड़ि परेका छन्। बेरोजगारी ऐतिहासिक रूपमा न्यून रहेको र ज्यालावृद्धि मुद्रास्फीतिभन्दा बढ़ी भएको अवस्थामा पनि सर्वसाधारणमा जीवनयापनको लागतप्रति असन्तुष्टि बढ़ेको छ।

लुलाले ऋणमा परेका परिवारलाई राहत दिन नयाँ कार्यक्रम ल्याउने योजना बनाएका छन्। यसअन्तर्गत ब्याङ्कबाट समस्याग्रस्त पारिवारिक ऋण छुटसहित खरिद गर्ने र केही साना व्यवसायीलाई कर ऋण मिनाहा गर्ने प्रस्ताव छन्। तर विश्लेषकहरूका अनुसार यस्ता कार्यक्रमले तत्काल राहत दिए पनि ऋण समस्याको दीर्घकालीन समाधान नदिन सक्छन्।

आर्थिक सुधारका लागि संसदमा सीमित समर्थन

लुलाका लागि अर्को चुनौती आर्थिक सुधारका कार्यक्रमलाई संसदबाट पारित गराउनु हुनेछ। सन् १९८० को दशकमा ब्राजिलमा प्रजातन्त्र पुनःस्थापना भएयताकै सबैभन्दा रूढ़ीवादी संसद् निर्वाचित भएको रोयटर्सले जनाएको छ। आइतवार भएको दोस्रो चरणको निर्वाचनमा दक्षिणपन्थी नेता फ्लाभियो बोल्सोनारोलाई पराजित गरे पनि लुलाको वर्कर्स पार्टीका लागि संसदबाट आर्थिक कार्यक्रम अघि बढ़ाउन सहज नहुने देखिएको छ। बोल्सोनारोको लिबरल पार्टी र उसका सहयोगीहरूको दुवै सदनमा प्रभाव रहनेछ।

लुलाको सरकारले कर छुट घटाउने प्रयासलाई निरन्तरता दिने सङ्केत गरेको छ। तर करको वास्तविक भार बढ़ाउने प्रस्तावलाई सांसदहरूले पटकपटक विरोध गर्दै आएका छन्। उनको वर्तमान कार्यकालमै सर्वोच्च अदालत, केन्द्रिय ब्याङ्क, धितोपत्र नियामक र प्रतिस्पर्धासम्बन्धी निकायमा नियुक्तिका लागि आवश्यक संसदीय समर्थन जुटाउन कठिनाइ भएको थियो। संसदमा दक्षिणपन्थी प्रभाव बढ़ेसँगै आगामी कार्यकालमा यस्ता नियुक्ति र सुधारका विषय थप जटिल हुन सक्छन्।

ब्राजिलले सन् २०२३ मा उपभोगमा आधारित कर प्रणाली व्यापक रूपमा परिवर्तन गर्ने सुधारलाई संसदीय स्वीकृति दिएको थियो। नयाँ मूल्य अभिवृद्धि कर (भ्याट) आगामी जनवरीदेखि लागू गर्ने तयारी छ। तर कर प्रणाली कार्यान्वयन हुन तीन महिनाभन्दा कम समय बाँकी रहँदा पनि सरकारले यसको वास्तविक दर सार्वजनिक गरेको छैन। स्वतन्त्र विश्लेषकहरूले नयाँ करको प्रभावकारी दर करिब २८ प्रतिशत हुन सक्ने अनुमान गरेका छन्।

त्यस्तै, स्वास्थ्य वा वातावरणलाई हानि पुऱ्याउने मानिएका चुरोट र मदिराजस्ता वस्तुमा नयाँ कर लगाउने व्यवस्थासम्बन्धी विधेयक सरकारले संसदमा पेस गर्न ढिलाइ गरेको छ। निर्वाचन अभियानका बेला सम्भावित अलोकप्रियताको चिन्ताले विधेयक अघि नबढ़ाइएको रोयटर्सको रिपोर्टमा उल्लेख छ। यस ढिलाइले नयाँ करबाट प्राप्त हुने राजस्व सङ्कलन पछाडि धकेलिन सक्छ। साथै, कर नीतिको कार्यान्वयनबारे सरकारको आलोचना पनि बढ़ाएको छ।

क्षेत्रीय सुरक्षा वार्ताका लागि तीन देशका अधिकारी तेहरान जाने

तेहरान, २६ अक्टोधबरः इरानले क्षेत्रीय सुरक्षाबारे छलफल गर्न साउदी अरेबिया, टर्की र पाकिस्तानका वरिष्ठ अधिकारी तेहरान आउने घोषणा गरेको छ। इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का उपसचिव अली बघेरी कानीले सोमबार जानकारी दिँदै बैठकको मिति भने खुलाएका छैनन्। कानीका अनुसार बैठकमा साउदी अरेबियाका रक्षामन्त्री खालिद बिन सलमान, पाकिस्तानका सेना प्रमुख जनरल असीम मुनीर र टर्कीका गुप्तचर प्रमुख इब्राहिम कालिन सहभागी हुनेछन्। उनीहरूले इरानका सुरक्षा प्रमुख मोहसेन रेजाईसँग छलफल गर्नुहुनेछ। इरानी राज्य टेलिभिजनसँगको अन्तर्वार्तामा कानीले चार देशको बैठकले स्थायी क्षेत्रीय सुरक्षा कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्ने बताए। उनले यस पहलले क्षेत्रमा स्थिरता स्थापना गर्न सहयोग पुग्ने आशा व्यक्त गरे। पाकिस्तानका सेना प्रमुख मुनीरले गत साता तेहरान भ्रमण गर्दा बैठकको प्रस्ताव गरिएको उनले जानकारी दिए।

फरवरीदेखि अमेरिका र इजरायलले इरानमाथि आक्रमण शुरु गरेपछि मध्यपूर्वमा युद्ध चर्किएको छ। त्यतिबेला वाशिङटन र तेहरानबीच इरानको आणविक कार्यक्रमबारे वार्ता चलिरहेको थियो। अप्रेलमा भएको युद्धविरामले तीव्र बमबारीको प्रारम्भिक चरण अन्त्य गरे पनि हर्मुज जलघाँटीको नियन्त्रणलाई लिएर तनाव कायम छ। विश्वको करिब पाँचौं भाग तेल तथा तरलीकृत प्राकृतिक ग्यास यही जलघाँटी हुँदै ओसारपसार हुने गरेको छ। इरानले जलघाँटीमाथि आफ्नो नियन्त्रण रहेको दाबी गर्दै अनुमति नलिई पार गर्न खोज्ने जहाजलाई नियमित रूपमा निशाना बनाएको छ। त्यसको जवाफमा अमेरिकाले इरानी बन्दरगाहमा नौसैनिक नाकाबन्दी लगाएको छ। अमेरिका र इरानबीचको कूटनीतिक प्रयास पनि अवरुद्ध भएको छ। द्वन्द्वको स्थायी समाधानका लागि मार्ग खोल्ने अपेक्षा गरिएको सम्झौता भङ्ग भएपछि वार्ता थप कठिन बनेको छ। यसैबीच, यमनमा साउदी अरेबिया र इरान समर्थित हुथीबीचको लडाइँले पनि क्षेत्रीय तनावलाई थप विस्तार गरेको छ।

ब्रेक्जिटपछि ईयूसँगको सम्बन्ध सुधार्ने विकल्प खोज्दै ब्रिटेन

लण्डन, २६ अक्टोधबरः ब्रिटेनका प्रधानमन्त्री एन्डी बर्नह्यामले ब्रिटेन र युरोपेली सङ्घ (ईयू) बीच स्वतन्त्र आवतजावत पुनःस्थापना गर्ने सम्भावनाबारे तथ्य र प्रमाणमा आधारित खुला छलफल गर्न आह्वान गरेका छन्। ईयूसँगको सम्बन्ध थप सुदृढ बनाउने विकल्पबारे उनको सरकारले विचार गरिरहेका बेला प्रधानमन्त्रीको यस्तो भनाइ आएको हो। 'द सन्डे टाइम्स' सँगको अन्तर्वार्तामा बर्नह्यामले यस विषयमा तथ्यपरक र प्रमाणमा आधारित बहस आवश्यक रहेको बताएका छन्। उनले ब्रेक्जिटअघि स्वतन्त्र आवतजावतका कारण ब्रिटेनले केही महत्वपूर्ण चुनौती सामना गर्नुपरेको स्वीकार गरे। तर, ब्रिटेनले ईयू छाडेयता आप्रवासनको स्वरूप परिवर्तन भएको उल्लेख गर्दै विगत र वर्तमानका अवस्थाबीचको भिन्नताबारे इमान्दार छलफल हुनुपर्नेमा जोड़ दिए।

बर्नह्यामले ब्रेक्जिटपछि ब्रिटेनले ईयूका केही आप्रवासनसम्बन्धी सूचना आदानप्रदान प्रणालीमा पहुँच गुमाएको विषय पनि उठाए। यसमा शरण आवेदन व्यवस्थापनमा सहयोग गर्ने ईयूको बायोमेट्रिक डाटाबेस 'युरोड्याक' पनि

समावेश छ। यद्यपि, प्रधानमन्त्रीले ब्रिटेनले युरो मुद्रा अपनाउने वा आन्तरिक सीमा जाँच हटाइएको शेन्जेन क्षेत्रमा सामेल हुने प्रस्ताव आफूले नगरेको स्पष्ट पारे। बर्नह्यामले आगामी नोभेम्बर २० मा ब्रसेल्समा ईयू नेताहरूसँग भेट गर्ने कार्यक्रम छ। उक्त बैठकमा उनले ईयूसँग ब्रिटेनको भावी सम्बन्धका सम्भावित विकल्पबारे छलफल गर्ने सङ्केत गरेका छन्। सन् २०२४ को आमनिर्वाचनमा लेबर पार्टीले प्रस्तुत गरेको घोषणापत्रमा स्वतन्त्र आवतजावत पुनःस्थापना गर्ने, ईयूको एकल बजारमा पुनः सामेल हुने वा भन्सार सङ्घमा प्रवेश गर्ने प्रतिबद्धता गरिएको थिएन। प्रधानमन्त्री बर्नह्यामले ती प्रतिबद्धता पालना गर्ने वाचा गर्दै आएका छन्। त्यसैले आगामी आमनिर्वाचनअघि ईयूसँगको सम्बन्धमा आधारभूत परिवर्तन हुने सम्भावना कम देखिएको छ। ब्रिटेनले सन् २०२० मा ईयूबाट औपचारिक रूपमा अलग भएपछि दुई पक्षबीच व्यापार, आप्रवासन र सुरक्षा सहकार्यमलगायत विषयमा सम्बन्ध पुनःपरिभाषित गर्ने प्रयास जारी राखेका छन्।

जापानका पूर्वप्रधानमन्त्री फुकुदाको निधन

टोक्यो, २६ अक्टोधबरः चीनसँग सम्बन्ध सुधार गर्ने प्रयासका लागि परिचित जापानका पूर्वप्रधानमन्त्री यासुओ फुकुदाको ९० वर्षको उमेरमा निधन भएको छ। उनको निधन अक्टोबर २२ मा भएको जापानको सत्तारूढ़ लिबरल डेमोक्रेटिक पार्टीका एक अधिकारीले एएफपीलाई बताएका छन्। फुकुदाले सन् २००७ सेप्टेम्बरदेखि एक वर्ष जापानको नेतृत्व गरेका थिए। उनले १२ महिनामै पहिलो कार्यकाल समाप्त गरेका तत्कालीन प्रधानमन्त्री सिन्जो आबेको स्थान लिएका थिए। प्रधानमन्त्री रहँदा फुकुदाले चीनसँगको सम्बन्ध सुधारलाई प्राथमिकता दिएका थिए। उनले तत्कालीन चिनियाँ राष्ट्रपति हु जिन्ताओलाई जापान भ्रमणको निमन्त्रणा दिएका थिए। सन् २००८ मेमा भएको उक्त भ्रमण एक दशकपछि जापान भ्रमण गर्ने पहिलो चिनियाँ राष्ट्रप्रमुखको भ्रमण थियो।

भ्रमणका क्रममा दुवै नेताले 'साझा रणनीतिक हितमा आधारित पारस्परिक लाभदायक सम्बन्ध' निर्माण गर्ने प्रतिबद्धतासहित संयुक्त वक्तव्य जारी गरेका थिए। लोकप्रियता घटेपछि फुकुदाले सन् २००८ सेप्टेम्बरमा प्रधानमन्त्री पदबाट राजीनामा दिएका थिए। उनले सन् २०१२ मा सक्रिय राजनीतिबाट अवकाश लिएका थिए। विवादित टापु र ऐतिहासिक मुद्दालाई लिएर जापान र चीनबीचको सम्बन्ध बिग्रँदै गएपछि फुकुदा सन् २०१४ मा चिनियाँ राष्ट्रपति सी जिनपिङसँग वार्ता गर्न चीन गएका थिए। उनको उक्त पहलले सी र आबेबीच शिखर बैठकका लागि मार्ग प्रशस्त गरेको थियो।

आईसीएआर-एनआरसीओ, पाकिमद्वारा सतर्कता जागरूकता सप्ताह पालन

गान्तोक, २६ अक्टोबर: सिक्किमको पाकिमस्थित आईसीएआर-नेशनल रिसर्च सेन्टर फर अर्किड्स (आईसीएआर-एनआरसीओ)-ले आफ्ना कर्मचारीहरूको सक्रिय सहभागितामा २६ अक्टोबरदेखि सतर्कता जागरूकता सप्ताह अन्तर्गत विभिन्न कार्यक्रम शुरु गरेको छ।

यस सप्ताहको शुरुआत केन्द्र परिसरमा सतर्कता शपथ ग्रहण समारोह र डिजिटल ब्यानरहरूको प्रदर्शनका साथ भयो, जसमा आईसीएआर-एनआरसीओ, पाकिमका पदाधिकारी तथा कर्मचारीहरूको उपस्थिति थियो।

सतर्कता जागरूकता सप्ताहको एक भागको रूपमा केन्द्रले भ्रष्टाचारविरोधी तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ। यसमा नैतिक अभ्यास, पारदर्शिता र जवाफदेहिता प्रक्रियाहरूबारे विशेष चर्चाका साथै आधिकारिक नियम र कार्यविधिहरूबारे जानकारी दिने कार्यहरू समावेश छन्।

यस अभियानका मुख्य उद्देश्यमा संस्थाको छवि सुधार्नु, इमानदारी र निष्ठाको संस्कृति प्रवर्द्धन गर्नु, स्रोतसाधनको अपव्यय र चुहावट घटाउनु, उत्पादकत्व बढ़ाउनु, जवाफदेहिता सुनिश्चित गर्नु, पारदर्शिता र निष्पक्षता अभिवृद्धि गर्नु, इमानदार कर्मचारीहरूको संरक्षण गर्नु, गलत काम गर्नेलाई कारबाहीको दायरामा ल्याउनु, भ्रष्टाचारप्रति शून्य सहनशीलता अपनाउनु, सुशासनका लागि असल नैतिक अभ्यासलाई प्रोत्साहन गर्नु तथा निष्ठा बढ़ाएर र भ्रष्टाचार न्यूनीकरण गरी संस्थाको आर्थिक विकास सुनिश्चित गर्नु रहेका छन्।

यो कार्यक्रम आईसीएआर-एनआरसीओका निर्देशक डा. एसपी दासको नेतृत्व तथा मुख्य वैज्ञानिक डा. एलसी डे तथा प्रशासनिक अधिकारी आरके मीनाको समन्वयमा आयोजन गरिएको हो। यसमा वैज्ञानिक, प्रशासनिक, वित्तीय तथा प्राविधिक कर्मचारी, सहयोगी कर्मचारी, युवा पेशेवर, एसआरएफ र अन्य करारका कर्मचारीहरूको सहयोग रहेको छ।

खेत बचाओ अभियान अन्तर्गत दामथाङमा आईसीएआर सिक्किम केन्द्रद्वारा किसान-वैज्ञानिक अन्तरक्रिया कार्यक्रम आयोजित

गान्तोक, २६ अक्टोबर: उत्तर-पूर्वी पहाड़ी क्षेत्रका लागि आईसीएआर अनुसन्धान परिसर, सिक्किम केन्द्रले शनिवार २४ अक्टोबरको दिन दक्षिण सिक्किमको तिमी ब्लक अन्तर्गत दामथाङमा खेत बचाओ अभियान कार्यक्रमको हिस्साका रूपमा एक किसान-वैज्ञानिक अन्तरक्रिया कार्यक्रम' आयोजन गऱ्यो।

यस कार्यक्रमले सिक्किम हिमालय क्षेत्रमा स्थानीय कृषि समस्याहरूलाई सम्बोधन गर्न तथा च्याउ खेतीका दिगो अभ्यासलाई प्रवर्द्धन गर्न वैज्ञानिक र किसानहरूबीच प्रत्यक्ष अन्तरक्रियाका लागि एक महत्त्वपूर्ण मञ्च प्रदान गऱ्यो। क्षेत्रीय केन्द्र प्रमुख डा. अशोक कुमारको नेतृत्वमा रहेको वैज्ञानिकहरूको टोलीद्वारा सञ्चालित यस कार्यक्रममा उक्त गाउँका २६ जना किसानहरू (१८ महिला र ८ पुरुष)-को सहभागिता थियो।

आफ्नो सम्बोधनमा डा. अशोक कुमारले कृषि आय र जीविकोपार्जनको सुरक्षा सुधार गर्न वैज्ञानिक विधि अपनाउने, कृषि उद्यमहरूमा विविधता ल्याउने र एकीकृत कृषि प्रणालीलाई सुदृढ़ पार्ने महत्त्वमाथि जोड़ दिए।

कार्यक्रमको शुरुमा आईसीएआर तादोङका वरिष्ठ वैज्ञानिक (बागवानी) डा. टीएल भोटियाले माटोको स्वास्थ्य र फसल उत्पादन बढ़ाउन जैविक मलको प्रयोगको महत्त्वबारे प्रकाश पारे। उनले किसानहरूको आय वृद्धि गर्न र स्वास्थ्य लाभ सुधार गर्न शिताके च्याउ खेतीको सम्भावनाबारे पनि जोड़ दिए।

वैज्ञानिक (कृषि-वन विज्ञान) डा. पेम्पा एल भोटियाले प्राकृतिक स्रोतहरूको संरक्षण, माटोको उर्वरतामा सुधार तथा किसानहरूको आयका स्रोत र दैनिक जीविकोपार्जनमा विविधता ल्याउन कृषि-वन प्रणालीको भूमिकाबारे विस्तृत रूपमा बताए। वैज्ञानिक (कृषि विज्ञान) डा. अमित कुमारले एकल फसल प्रणालीको सट्टा फसल सघनता बढ़ाएर तथा एकीकृत कृषि प्रणाली अपनाएर फसल उत्पादकत्व वृद्धि गर्नुपर्ने कुरामा जोड़ दिए।

नाम्ची जिल्लाको कृषि विभागका उपनिर्देशक तथा आत्माका परियोजना निर्देशक डा. नेशन चामलिङले किसानहरूलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुका साथै सरकारी योजनाहरूबाट लाभ लिन किसानहरूलाई प्रोत्साहित गरे। कार्यक्रम एक अन्तरक्रियात्मक चर्चाका साथ सम्पन्न भयो, जसमा किसानहरूले आफ्ना अनुभव साट्नुका साथै विभिन्न कृषि समस्याहरूबारे प्राविधिक सल्लाह लिए।

मन्त्री सामडुप लेप्चा मानुलमा आयोजित दशौँ खुल्ला पुरुष फुटबल प्रतियोगितामा सहभागी

मङ्गन, २६ अक्टोबर (हि.स.): राज्य सामाजिक कल्याण विभागका मन्त्री तथा लाचेन-मङ्गन निर्वाचन क्षेत्रका विधायक सामडुप लेप्चा आइतवार मानुल विद्यालयको खेलमैदानमा आयोजित दशौँ खुल्ला पुरुष फुटबल प्रतियोगितामा मुख्य अतिथिका रूपमा सहभागिता जनाए।

प्रतियोगिताले उत्साह, एकता र खेलभावनाले भरिएको माहोल सिर्जना गरेको थियो। यसले खेलाड़ीहरूलाई आफ्नो फुटबल कौशल प्रदर्शन गर्ने अवसर प्रदान गर्नुका साथै युवाहरूलाई खेलकुदमा सहभागी हुन प्रोत्साहित गरेको थियो। कार्यक्रमको विशेष आकर्षणका रूपमा प्रस्तुत गरिएको परम्परागत नृत्यले समारोहमा थप रौनक र सांस्कृतिक सौन्दर्य थपेको थियो। नृत्यमार्फत सिक्किमको समृद्ध संस्कृति, सम्पदा र परम्परालाई प्रस्तुत गरिएको थियो, जसले उपस्थित सबैमा गर्व र खुशीको भावना जगाएको थियो।

प्रतियोगिता भव्य रूपमा सम्पन्न भयो। यस अवसरमा मन्त्री लेप्चाले दशौँ खुल्ला पुरुष फुटबल प्रतियोगितालाई सफलतापूर्वक आयोजना गर्न योगदान पुऱ्याउने आयोजक समितिका सदस्यहरूलाई बधाई दिँदै उनीहरूको मेहनतको प्रशंसा गरेका थिए।

गेजिङमा 'खेत बचाओ अभियान' सफलतापूर्वक सम्पन्न

गेजिङ, २६ अक्टोबर (हि.स.): गेजिङ जिल्लाको कृषि विभागले उपनिर्देशक डा. कर्मा छेवाङ भोटियाको निर्देशन तथा मार्गदर्शनमा सोमवार 'खेत बचाओ अभियान' सफलतापूर्वक आयोजन गरेको छ। कार्यक्रममा गेजिङ जिल्ला कृषि विज्ञान केन्द्रका वरिष्ठ वैज्ञानिक तथा प्रमुख बिशन प्रधानका साथै विभिन्न ग्राम पञ्चायत एकाइका पञ्चायत प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

भारत सरकारको कृषि तथा किसान कल्याण मन्त्रालयले २२ अक्टोबरदेखि ३१ नोभेम्बरसम्म सञ्चालन गर्ने गरी यस राष्ट्रिय अभियानको औपचारिक शुरुआत गरेको जनाइएको छ। अभियानको मुख्य उद्देश्य कृषि भूमिको संरक्षण तथा उत्पादनमूलक उपयोगलाई प्रोत्साहन गर्नुका साथै किसानहरूलाई दिगो कृषि अभ्यास अपनाउन प्रेरित गर्नु हो।

कार्यक्रममा खेतीयोग्य जमिनको संरक्षण, कृषि उत्पादनमा वृद्धि तथा सुधारिएका खेती प्रविधिमार्फत खाद्य सुरक्षालाई सुदृढ़ बनाउने महत्त्वमाथि पनि जोड़ दिइएको थियो।

यस पहलमा सम्बन्धित विभागका स्रोतवक्ता, गेजिङ कृषि विज्ञान केन्द्रका विषयवस्तु विशेषज्ञ, स्थानीय किसान तथा गेजिङ खण्डअन्तर्गतका विभिन्न ग्राम पञ्चायत एकाइका सर्वसाधारणको सक्रिय सहभागिता रहेको थियो।

आरएसएसले धुमधामसितले मनायो 'कौमुदी महोत्सव'

कोलकाता, २६ अक्टोबर (हिस): राष्ट्रिय स्वयंसेवक सङ्घ (आरएसएस) को आलम बजार शाखा (अखण्डानन्द नगर) को तत्वावधानमा स्थानीय रामलोचन घाट परिसरमा गए आइतवार राती 'कौमुदी महोत्सव' र कोजागरी पूर्णिमा ठूलो उत्साहको साथमा मनाइयो। शरद पूर्णिमाको यस शुभ अवसरमा देवी महालक्ष्मी तथा चन्द्रदेवको पूजनसँगसँगै परम्परागत कबड्डी प्रतियोगिता एवं रङ्गारङ्ग सांस्कृतिक कार्यक्रम पनि आयोजना गरियो। समारोहमा करिब ५०० जना स्थानीय बासिन्दा अनि श्रद्धालुहरूले पूर्ण उत्साहको साथमा भाग लिए। कार्यक्रममा कोलकाता उत्तरका प्रभारी विकास सिंह मुख्य वक्ताका रूपमा थिए। उनले कोजागरी पूर्णिमाको आध्यात्मिक महत्त्व र 'अष्टलक्ष्मी' को अवधारणाबारे विस्तृत रूपमा चर्चा गरे। आफ्नो सम्बोधनमा उनले सन् १९४६ को ऐतिहासिक नोआखली नरसंहारको पीड़ादायी क्षणलाई पनि स्मरण गरे।

उपस्थित जनसमूहलाई सम्बोधन गर्दै विकास सिंहले भने, ''हामीले आफूलाई बाह्य कर्मकाण्डहरू तथा अनुष्ठानहरूसम्म मात्र सीमित राख्नु हुँदैन जबकि आफ्नो आध्यात्मिक र सामाजिक चेतनालाई पनि बलियो बनाउनु पर्छ। 'धैर्य एवं वीरलक्ष्मी'को आदर्शलाई अप्नाएर मात्र समाजलाई एकताबद्ध अनि सुरक्षित राख्न सकिन्छ।'' कार्यक्रमको अन्त्यमा उपस्थित सबै श्रद्धलु एवं अतिथिहरूमाझ परमान्न (खीर) तथा महाप्रसाद वितरण गरियो। राष्ट्रिय स्वयंसेवक सङ्घ (अखण्डानन्द नगर) का प्रतिनिधि कुन्दन प्रसाद सावले उक्त आयोजनको सम्बन्धमा विस्तृत जानकारी गराउँदै भने, भव्य व्यवस्थाबीच आयोजित यस कार्यक्रमले क्षेत्रमा सामाजिक समरसता तथा एकताको बलियो सन्देश दिएको छ।

एनएचपीसीमा सतर्कता जागरूकता सप्ताह शुभारम्भ

सिङ्ताम, २६ अक्टोबर: एनएचपीसी लिमिटेडको टिस्टा-V पावर स्टेशन एवं टिस्टा-VI जल विद्युत् परियोजनाद्वारा सोमवार संयुक्त रूपमा सतर्कता जागरूकता सप्ताह-२०२६ को शुभारम्भ गरियो। यो सप्ताह २६ अक्टोबरदेखि १ नोभेम्बरसम्म मनाइनेछ। यस वर्षको विषयवस्तु 'निष्ठादेखि समृद्धि' हो। यस अवसरमा जितेन्द्र कुमार, कार्यपालक निदेशक, क्षेत्रीय कार्यालय, सिलगढ़ी एवं टिस्टा-V पावर स्टेशन प्रमुखले उपस्थित अधिकारी एवं कर्मचारीलाई सत्यनिष्ठाको प्रतिज्ञा दिलाए।

जितेन्द्र कुमारले भने, ''सत्यनिष्ठा एवं पारदर्शिता सुशासनका प्रमुख स्तम्भ हुन्। प्रत्येक कर्मचारीको आफ्नो दायित्व पूर्ण इमानदारी एवं निष्ठाका साथ गर्दै सङ्गठन र राष्ट्रको प्रगति एवं समृद्धिमा योगदान दिनुपर्छ।''

मनोज कुमार लाकड़ा, टिस्टा-VI जल विद्युत् परियोजना प्रमुखले पनि आफ्नो सम्बोधनमा सत्यनिष्ठा एवं नैतिक आचरणको महत्त्वमाथि बोल्दै भने, ''प्रत्येक कर्मचारीलाई आफ्ना कार्यमा निष्पक्षता एवं नैतिक मूल्यलाई प्राथमिकता दिँदै एक जिम्मेवार र विश्वसनीय कार्यसंस्कृति विकसित गर्नुपर्छ।'' कार्यक्रममा टिस्टा-V पावर स्टेशन एवं टिस्टा-VI जल विद्युत् परियोजनाका वरिष्ठ अधिकारी एवं कर्मचारी उपस्थित रहेका थिए। इस अवसरमा दुवै परियोजनाले सङ्गठनमा इमानदारी, पारदर्शिता, जवाफदेही एवं सत्यनिष्ठाको संस्कृतिलाई बढ़ावा दिन आफ्नो सामूहिक प्रतिबद्धता दोहोऱ्याए।

कर्फेक्टारमा राज्य निजामति सेवा र...

प्रशिक्षार्थीहरूलाई प्रभावकारी सार्वजनिक सेवा प्रवाहका लागि आवश्यक प्रशासनिक ज्ञान, व्यावसायिक कौशल, नैतिक मूल्यमान्यता र व्यावहारिक समझले सुसज्जित गर्नु हो। व्यवस्थित शिक्षण र संस्थागत संलग्नताका माध्यमबाट यस कार्यक्रमले सिक्किममा पारदर्शी प्रशासन, जवाफदेही सुशासन र दिगो विकासमा योगदान पुऱ्याउन सक्ने उनीहरूको क्षमतालाई सुदृढ़ पार्ने लक्ष्य राखेको छ।

नवनियुक्त सहायता अभियन्ताहरूका...

निवारण ऐन (१९८८) र वित्तीय प्रशासनसम्बन्धी विषयहरू बुझ्न यस पाँचदिने तालिमको पूर्ण सदुपयोग गर्न प्रोत्साहित गरे। उनले राज्य सरकारले 'क्षमतामा आधारित दक्षता अभिवृद्धि'-माथि विशेष जोड़ दिइएको फलस्वरूप यस्ता तालिमहरू आयोजना गरिएको बताए।

ऊर्जा विभागका अतिरिक्त सचिव प्रेम कमल राईले छोटो सूचनामै तालिम आयोजना गरेकोमा प्रशासनिक तालिम संस्थानलाई धन्यवाद दिए साथै उनले प्राविधिक तालिमको निरन्तरता कायम राख्न सबै सत्रमा अनिवार्य रूपमा उपस्थित हुन सहभागी अधिकृतहरूलाई आग्रह गरे। उद्घाटन सत्रमा प्रशासनिक तालिम संस्थानका संयुक्त सचिव सीएल शर्मा तथा संस्थानका प्रशिक्षकहरूको पनि उपस्थिति रहेको थियो। यस तालिमको प्रायोजन सिक्किम सरकारको ऊर्जा विभागले गरेको हो।

जनसङ्ख्या गणना चरण-२ लाई लिएर...

प्रशिक्षकहरूलाई जनगणना २०२७ अन्तर्गत जनसङ्ख्या गणना कार्यलाई प्रभावकारी र व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक ज्ञान, प्राविधिक कौशल र प्रक्रियागत समझ प्रदान गर्नु हो। तालिमले जनगणना प्रक्रिया, गणनासम्बन्धी निर्देशिका, तथ्याङ्क सङ्कलन विधि, तोकिएका जनगणना उपकरणहरूको प्रयोग तथा जनगणना कार्यमा शुद्धता, पूर्णता र गोपनीयताको महत्त्वबारे सहभागीहरूको बुझाइलाई सुदृढ़ पार्नमा केन्द्रित छ। मुख्य प्रशिक्षकहरूले आ-आफ्ना जिल्लामा क्षेत्रस्तरका जनगणना कर्मचारीहरूलाई थप प्रशिक्षण प्रदान गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछन्। उनीहरूले जनगणनासम्बन्धी कार्यविधिहरूको कार्यान्वयनमा एकरूपता कायम गर्ने तथा तोकिएका निर्देशिका र समयसीमाहरूको पालना सुनिश्चित गर्ने कार्य गर्नेछन्। यस कार्यक्रमले कार्यसञ्चालन सम्बन्धी विषयहरू स्पष्ट पार्न, क्षेत्रस्तरका चुनौतीहरू सम्बोधन गर्न र जनगणना कार्यमा संलग्न अधिकारीबीच समन्वय सुदृढ़ पार्ने अवसर पनि प्रदान गर्दछ।

भारतको जनगणना एक महत्त्वपूर्ण राष्ट्रिय कार्य हो, जसले योजना तर्जुमा, नीति निर्माण र सार्वजनिक सेवाहरूको प्रभावकारी प्रवाहका लागि आवश्यक जनसाङ्ख्यिकीय तथा सामाजिक-आर्थिक तथ्याङ्क उपलब्ध गराउँछ। तसर्थ, यस प्रशिक्षण कार्यक्रमको सफल सम्पन्नता सिक्किम राज्यभरि जनसङ्ख्या गणना कार्यलाई सुचारु, सटीक र समयमै सम्पन्न गर्न सुनिश्चित गर्ने दिशामा एउटा महत्त्वपूर्ण कदम हो।

यस पहलमार्फत सम्बन्धित निकायहरूले जनगणना कर्मचारीहरूको क्षमता विकास गर्ने तथा सन् २०२७ को जनगणनाअन्तर्गत जनसङ्ख्या गणना चरण-२ लाई राज्यका सबै जिल्लामा व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा सञ्चालन गर्ने आफ्नो प्रतिबद्धतालाई पुष्टि गरेका छन्।

मिस्टर सिक्किमको २५औँ र मेन्स...

संस्करण एक ओपन प्रतियोगिता हो, जसमा देशका अन्य भागका साथै अन्य देशका खेलाड़ी तथा उत्साहीहरूले पनि भाग लिन सक्नेछन्। विगतमा पनि विभिन्न ठाउँका खेलाड़ीले यसमा सहभागिता जनाउँदै प्रतियोगितालाई भव्य सफलता दिलाएका थिए।

यसबाहेक, डेनिम जिन्स प्रतियोगिताको दोस्रो संस्करण र विमेन्स स्पोर्ट्स फिजिक्सफको दोस्रो संस्करण पनि आयोजना गरिनेछ साथै, यस वर्षदेखि बडी बिल्डिङमा रुचि राख्नेहरूलाई लक्षित गर्दै संस्थाले पहिलोपटक क्लासिक फिजिक्स प्रतियोगिता पनि समावेश गरेको छ। यस विधामा परम्परागत बडी बिल्डिङको तुलनामा मांसपेशीको आकारभन्दा पनि शरीरको सन्तुलन वा सममितिलाई बढ़ी महत्त्व दिइन्छ। प्राकृतिक शरीर भएका युवा उत्साहीहरूलाई यसमा सहभागी हुन प्रोत्साहित गरिएको छ। सहभागीहरूले भविष्यमा राष्ट्रियस्तरका साथै ओलम्पियाजस्ता अन्तरराष्ट्रिय मञ्चहरूमा पनि क्लासिक फिजिक्स विधामा प्रतिस्पर्धा गर्न सक्ने जानकारी दिइएको छ। एसएसबीबीएका अध्यक्ष गुरुङले अझ भने, ''एसएसबीबीए राज्यको सबैभन्दा पुरानो बडीबिल्डिङ सङ्घ हो, जसले गत ३० वर्षदेखि युवा तथा उदीयमान बडीबिल्डरहरूलाई यस खेलमा लाग्न प्रेरित गर्दै आएको छ। फिटनेशप्रति रुचि राख्नेहरूको सङ्ख्या बढ्दै गएसँगै प्रतियोगिताका विभिन्न विधा पनि थपिएका छन्, जसले नयाँ बडीबिल्डरहरूका लागि एउटा मञ्च प्रदान गरेको छ।''

मिस्टर सिक्किमको २५औँ संस्करण र मेन्स एण्ड विमेन्स फिजिक्स च्याम्पियनशिपको आठौँ संस्करण यसपालि पहिलोपटक गान्तोक बाहिर रानीपुलस्थित सरम्सा गार्डेनमा खुल्ला स्थानमा आयोजना गरिँदैछ।

यस वर्षको प्रतियोगिताका लागि पञ्जीकरण प्रक्रिया ३० अक्टोबरको दिन बिहान १०:०० बजीदेखि दिउँसो ३:०० बजीसम्म कार्यक्रम स्थलमै हुने जानकारी दिइएको छ। प्रतियोगिताका विजेताहरूलाई नगद पुरस्कार, ट्रफी र पदक प्रदान गरिनेछ। यस च्याम्पियनशिपका लागि कुल पाँच लाख रुपियाँ नगद पुरस्कार राशि छुट्याइएको छ।

सङ्घअनुसार गत च्याम्पियनशिपमा १५० जना खेलाड़ीले सहभागिता जनाएका थिए भने यस वर्ष पनि प्राप्त जिज्ञासा र चासोलाई हेर्दा १५० भन्दा बढ़ी खेलाड़ी सहभागी हुने अपेक्षा गरिएको छ। उक्त पत्रकार सम्मेलनलाई एसएसबीबीएका महासचिव सुमन तामाङ र उपाध्यक्ष राहुल शारदाले पनि सम्बोधन गरेका थिए।

अयोध्यादेखि परशुराम कुण्डसम्म आमन्त्रण रथयात्रा निकालिने

कोलकाता, २६ अक्टोबर (हिस): अरुणाचल प्रदेशस्थित श्री परशुराम कुण्डमा स्थापित भगवान् परशुरामको ५१ फिट अग्लो प्रतिमाको अनावरण समारोहको तयारीलाई तीव्रता दिन विप्र फाउन्डेसनले देशव्यापी आमन्त्रण रथयात्रा निकाल्ने भएको छ। यो यात्रा ४ दिसम्बर, २०२६ मा अयोध्याबाट शुरु भएर २४ दिसम्बरमा श्री परशुराम कुण्ड पुग्नेछ। यस यात्रामार्फत देशका विभिन्न भागका श्रद्धालुहरूलाई प्रतिमाको अनावरण समारोहमा सहभागी हुन निमन्त्रणा दिइनेछ। प्रतिमाको अनावरण जनवरी-फरवरी २०२७ मा गर्ने प्रस्ताव गरिएको छ। समारोहको अन्तिम मिति सम्बन्धित अधिकारीहरूसँग छलफल गरेपछि घोषणा गरिनेछ।

रथयात्रा र अनावरण समारोहको तयारीका विषयमा विप्र फाउन्डेसनको राष्ट्रिय कार्यकारिणी समितिको विशेष बैठक आइतवार कोलकाताको ईएम बाइपासस्थित स्प्रिङ क्लबमा सम्पन्न भयो। राष्ट्रिय अध्यक्ष सत्यनारायण श्रीमालीको अध्यक्षतामा आयोजित बैठकमा देशभरिबाट १५० भन्दा बढ़ी पदाधिकारी, कार्यकारिणी सदस्य तथा विशेष आमन्त्रित व्यक्तिहरू सहभागी भए। उपस्थिति पंजिकामा १४७ जना प्रतिनिधिको हस्ताक्षर दर्ता गरिएको थियो। बैठकको अनलाइन प्रसारणसमेत गरिएको थियो।

सङ्गठन महामन्त्री डा.सुनील शर्माले बैठक सञ्चालन गरेका थिए। बैठकमा संस्थापक सुशील ओझा, पूर्व राष्ट्रिय अध्यक्ष बनवारीलाल सोती, धर्मनारायण जोशी र राधेश्याम शर्मा 'गुरुजी' लगायत सङ्गठनका विभिन्न पदाधिकारी उपस्थित थिए। विप्र चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रीका राष्ट्रिय अध्यक्ष डा.विजय बसोतिया तथा इन्टरनेसनल सोसाइटी फर परशुराम कन्ससनेसकी अध्यक्ष डा.हर्षा त्रिवेदी पनि सहभागी भएका थिए। बैठकको आयोजना विप्र फाउन्डेसनको जोन-७ (कोलकाता) ले क्षेत्रीय अध्यक्ष किशन गोस्वामीको नेतृत्वमा गरेको थियो।

बैठकमा परशुराम मूर्ति स्थापना समितिको पुनर्गठन गर्दै धर्मनारायण जोशीलाई अध्यक्षमण्डलको चेयरम्यान, परमेश्वर शर्मालाई अध्यक्ष र रमेश शर्मालाई संयोजक मनोनयन गरिएको छ। समितिमा अन्य आठ जना पदाधिकारीलाई पनि समावेश गरिएको छ।

त्यसैगरी, सङ्गठनका काम तथा गतिविधिहरूको निगरानी गर्न अनुशासन उच्चाधिकार समिति गठन गरिएको छ। राधेश्याम शर्मालाई यसको अध्यक्ष र श्रीकान्त पाराशरलाई संयोजक बनाइएको छ। डा.विजय बसोतिया, अशोक पारीक, महावीर प्रसाद शर्मा, कुलदीप व्यास, जितेन्द्र कुमार भारङज, लोकेश शर्मा, बनवारीलाल सेवदा, रामनारायण भैरवलाल शर्मा र हरिनारायण व्यास समितिका सदस्य रहनेछन्।

दिसम्बरदेखि मार्चसम्म विभिन्न कार्यक्रम आयोजना गरिने

बैठकमा आगामी कार्यक्रमहरूको रूपरेखा पनि तय गरिएको छ। यसअन्तर्गत १७ देखि २३ दिसम्बर, २०२६ सम्म गुवाहाटीमा ब्रह्मपुत्र भागवत महोत्सव आयोजना गरिनेछ। परशुराम कुण्डमा १३ देखि १५ जनवरी, २०२७ सम्म मकर सङ्क्रान्ति मेलासँगै राहत शिविर सञ्चालन गरिनेछ। यसबाहेक, १४ मार्च २०२७ मा गणेश जीमण आयोजना गर्ने प्रस्ताव गरिएको छ।

राष्ट्रिय अध्यक्ष सत्यनारायण श्रीमालीले परशुराम कुण्डमा प्रतिमाको स्थापना देशभरिका समाजका सदस्यहरूको विश्वास र सहयोगको परिणाम भएको बताए। उनले आमन्त्रण रथयात्रामार्फत देशको प्रत्येक कुनासम्म अनावरण समारोहको निमन्त्रणा पुऱ्याइने बताए। अब सङ्गठनको सम्पूर्ण ध्यान समारोहको तयारीमा केन्द्रित रहने उनले स्पष्ट पारे। बैठकमा सङ्गठनको एकता र सामूहिक सहभागितामा जोड़ दिँदै यस्तो सन्देश दिइयो- प्रतिमा ठड़िएको छ, हामी सबै एकसाथ उभिएका छौँ।

मेदिनीपुर सेन्ट्रल बस स्ट्याण्डमा आगलागी

मेदिनीपुर, २८ अक्टोबर (हिस): पश्चिम बङ्गालको पश्चिम मेदिनीपुर जिल्लास्थित मेदिनीपुर सेन्ट्रल बस स्ट्याण्डमा गए आइतवार राती ठूलो आगलागी भयो। आगलागीमा चपेटेमा परेर धेरै वटा बसहरू जलेर खरानीमा परिणत भयो। यस घटनापछि सम्पूर्ण क्षेत्रमा आतङ्क फैलियो। ह्वार-ह्वारती आगो बल्न थालेपछि बस स्ट्याण्ड परिसरमा उपस्थित मानिसहरूमा आतङ्कित भए। स्थानीय सूत्र अनुसार बस स्ट्याण्ड परिसरमा अचानक आगलागी भयो। हेर्दा-हेर्दै आगोले विकराल रूप लियो अनि त्यहाँ पार्क गरिएका धेरै वटा बसहरूलाई आफ्नो चपेटमा लियो। आगो तीव्र गतिमा फैलिएको कारणले वरपरका क्षेत्रहरूमा पनि चिन्ता उत्पन्न भयो। घटनापछि घटनास्थलमा ठूलो सङ्ख्यामा मानिसहरू भेला भए। घटनाको सूचना पाउनसाथ घटनास्थलमा पुगेका दमकलकर्मीहरूले लामो प्रयास गरेपछि आगोलाई नियन्त्रण गरे। तर आगलागीमा धेरै वटा बसहरू जलेर नष्ट भएको छ।

हाल आगलागीको कारण थाहा लाग्न सकेको छ। यस अग्निकाण्डबाट भएको क्षय-क्षतिको आँकड़ा हाल सार्वजनिक गरिएको छैन। आगलागीको कारण पत्तो लगाउन तथा क्षतिको मूल्याङ्कन गर्नको लागि अनुसन्धान भइरहेको छ।

युरोपका जेन-जी किन आन्दोलन...

एउटा माध्यमिक विद्यालय कब्जामा लिँदा आफ्नो कदमको बचाउमा जारी गरेको वक्तव्यको पहिलो पङ्क्तिमै 'फ्रान्समा जस्तै' भन्ने शब्द लेखेका थिए। तर इटाली सरकारले आफ्नो देशको आन्दोलनलाई फ्रान्सको आन्दोलनसँग जोड्न अस्वीकार गरेको छ। इटालीका शिक्षामन्त्री ज्युसेप्पे भाल्दिताराले यसै महिनाको शुरुमा भनेका थिए, 'इटालीको अवस्था फ्रान्सको भन्दा निकै फरक छ।' उनले दक्षिणपन्थी वृत्तमा उठाइँदै आएको दाबीसमेत दोहोऱ्याएका थिए।उक्त दाबीअनुसार फ्रान्समा दोस्रो पुस्ताका आप्रवासीलाई विद्यालय प्रणालीमा समाहित गर्न कठिन भएकाले त्यहाँको आन्दोलन चर्किएको हो, जबकि इटालीमा त्यस्तो समस्या छैन।

आवासको समस्या पनि आन्दोलनको साझा मुद्दा

शिक्षाजस्तै आवासको समस्या पनि देशको सीमाभन्दा बाहिर फैलिएको छ। इटालीका प्रदर्शनकारीहरूले स्पेनमा भएको आवास आन्दोलनलाई नजिकबाट नियालिरहेका छन्। सेप्टेम्बरमा तीव्र बनेको उक्त आन्दोलनले अन्ततः स्पेन सरकारलाई समय अगावै निर्वाचन घोषणा गर्न बाध्य पारेको थियो। रोममा आन्दोलनका क्रममा बनाइएको शिविरमा रहेका विद्यार्थीहरूले सीएनएनसँग सस्तो आवास र गुणस्तरीय शिक्षा बिच प्रत्यक्ष सम्बन्ध रहेको बताए। विद्यार्थी एलिसा पास्तोरेले आफू र उनका भाइले इटालीको राजधानी रोममा विश्वविद्यालयमा पढ्दै एउटै कोठाको भाड़ा तिर्नसमेत मुस्किल भइरहेको बताइन्। भाइले विश्वविद्यालयमा पढ्न शुरु गर्नुअघि आफ्नो स्नातक अध्ययनको पहिलो आधा अवधिमा उनी खर्च बचाउन रोम बाहिरबाट १२० किलोमिटर (७५ माइल) यात्रा गरेर विश्वविद्यालय आउजाउ गर्थिन्।

एआईसीआरपीको २२औँ वार्षिक कार्यशालाको उद्घाटन

गान्तोक, २६ अक्टोबरः कृषि संरचना तथा पर्यावरण प्रबन्धनमा प्लास्टिक इञ्जिनियरिङ (पीईएएसईएम) सम्बन्धी अल इण्डिया कोअर्डिनेटेड रिसर्च प्रोजेक्ट (एआईसीआरपी)-को तीनदिने २२औँ वार्षिक कार्यशाला २६ अक्टोबरमा सिक्किमको रानीपुलस्थित कलेज अफ् एग्रिकल्चरल इञ्जिनियरिङ एण्ड पोस्ट हार्भेस्ट टेक्नोलोजी (सीएईपीएचटी)-मा शुरु भएको छ। यो कलेज इम्फालस्थित सेन्ट्रल एग्रिकल्चरल युनिभर्सिटी (सीएयू) अन्तर्गत पर्दछ। २६ देखि २८ अक्टोबरसम्म सञ्चालन हुने यस कार्यशालामा देशभरका विभिन्न आईसीएआर संस्थान र कृषि विश्वविद्यालयका प्रख्यात वैज्ञानिक, कृषि इञ्जिनियर, शोधकर्ता, विशेषज्ञ तथा प्रतिनिधिहरूको सहभागिता रहेको छ। यस कार्यशालाको उद्देश्य अनुसन्धानका उपलब्धिहरूको समीक्षा गर्नु, भविष्यका परियोजना प्रस्तावहरूबारे चर्चा गर्नु र कृषि संरचना तथा पर्यावरण प्रबन्धनमा प्लास्टिक इञ्जिनियरिङसँग सम्बन्धित दिगो कृषि विकासका लागि आवश्यक नयाँ प्राविधिक उपायहरूबारे विचार-विमर्श गर्नु हो।

उद्घाटन समारोहमा नयाँ दिल्लीस्थित आईसीएआरका उपमहानिर्देशक (इञ्जिनियरिङ) डा. राजवीर सिंह मुख्य अतिथि र जोबनेरस्थित करण नरेन्द्र एग्रिकल्चर युनिभर्सिटी (एसकेएनएयू)-का उपकुलपति डा. पीएस चौहान विशिष्ट अतिथिका रूपमा उपस्थित थिए। इम्फालस्थित सीएयूका अनुसन्धान निर्देशक डा. टीआर शर्मा यस कार्यक्रममा विशेष अतिथिका रूपमा सहभागी थिए। नयाँ दिल्लीस्थित आईसीएआरका सहायक महानिर्देशक (प्रक्रिया इञ्जिनियरिङ) डा. के नरसाइया र लुधियानास्थित आईसीएआर-सीआईपीएचईटीका निर्देशक डा. नचिकेत कोतवालीवाले उद्घाटन सत्रको सह-अध्यक्षता गरेका थिए।

कार्यक्रमको शुरुआत औपचारिक रूपमा दीप प्रज्ज्वलनका साथ भयो, जसपछि राष्ट्रिय गीत र आईसीएआर गीत प्रस्तुत गरियो। रानीपुलस्थित सीएईपीएचटीका डिन प्रा. एनएस चौहानले उपस्थित विशिष्ट अतिथि, वैज्ञानिक, शोधकर्ता र अन्य प्रतिनिधिहरूलाई स्वागत जनाए। उद्घाटन सत्रमा आमन्त्रित विशिष्ट अतिथिहरूलाई सम्मान जनाइयो।

लुधियानास्थित आईसीएआर-सीआईपीएचईटीका एआईसीआरबी अन पीईएएसईएम परियोजना संयोजक डा. राकेश शारदाले संयोजकको प्रतिवेदन प्रस्तुत गरे। उक्त प्रतिवेदनमा यस समन्वयात्मक अनुसन्धान परियोजना अन्तर्गत भएका प्रगति, अनुसन्धानका उपलब्धि र हाल सञ्चालनमा रहेका गतिविधिहरूको विवरण समेटिएको थियो। यस कार्यक्रमले किसानहरूलाई कृषि इञ्जिनियरिङ प्रविधिहरूको व्यावहारिक प्रयोगको सम्बन्धमा आफ्ना दृष्टिकोणहरू राख्ने अवसर पनि प्रदान गऱ्यो।

उद्घाटन सत्रमा प्रतिष्ठित विशेषज्ञहरूले मन्तव्य राखे, जसमा नयाँ दिल्लीस्थित आईसीएआर-आईएआरआईको वाटर टेक्नोलोजी सेन्टरका पूर्व परियोजना निर्देशक डा. टीबीएस राजपुत र भोपालस्थित आईसीएआर-सीआईएईका पूर्व निर्देशक डा. पितम चन्द्र सामेल थिए। विशिष्ट अतिथिहरूले कृषिमा प्लास्टिक इञ्जिनियरिङ प्रविधिहरूको प्रयोगलाई अघि बढाउन अनुसन्धान, नवाचार र समन्वयात्मक प्रयासहरूको महत्त्वबारे चर्चा गरे। यसमा विशेष गरी संरक्षित खेती, कुशल जल प्रबन्धन, कृषि संरचना र दिगो उत्पादन प्रणालीहरूको सन्दर्भमा जोड़ दिइयो।

यो कार्यशालाले सहभागी केन्द्रहरूको कार्यसम्पादनको समीक्षा गर्न, अनुसन्धानका अनुभव आदान-प्रदान गर्न, प्राविधिक कमी-कमजोरी पहिचान गर्न र भविष्यका अनुसन्धान प्राथमिकता तय गर्न एक राष्ट्रिय मञ्च प्रदान गर्दछ। यसमा स्थान-विशेष प्रविधिहरूलाई सुदृढ़ पार्ने, स्रोतको उपयोग दक्षतामा सुधार गर्ने तथा कृषि उत्पादकत्व, कृषि व्यवसायको नाफा र पर्यावरणीय दिगोपन बढ़ाउन सक्ने इञ्जिनियरिङ हस्तक्षेपहरूलाई प्रवर्द्धन गर्ने कुरामा विशेष जोड़ दिइएको छ।

तीनदिने कार्यशालाको क्रममा सहभागी आईसीएआर संस्थान र राज्य कृषि विश्वविद्यालयका वैज्ञानिकहरूले आफ्ना अनुसन्धान उपलब्धि प्रस्तुत गर्नेछन्, नयाँ परियोजना प्रस्तावहरूबारे चर्चा गर्नेछन् र भविष्यका अनुसन्धान कार्यक्रमहरूबारे विचार-विमर्श गर्नेछन्। कार्यक्रममा प्राविधिक सत्र, उद्योगसम्बन्धी प्रस्तुतीकरण, प्रशासनिक तथा वित्तीय विषयहरूमा चर्चा र फिल्ड तथा प्रयोगशाला भ्रमण पनि सामेल छन्।

यी चर्चाहरूले सहयोगात्मक अनुसन्धान प्रयासलाई बलियो बनाउने अपेक्षा गरिएको छ। साथै, यसले भारतका विभिन्न कृषि-जलवायु क्षेत्रहरू (उत्तर-पूर्वी हिमालय क्षेत्रसहित)-का लागि उपयुक्त, नवीन, किफायती र किसान-मैत्री प्रविधिहरूको विकास तथा प्रसारमा सहयोग पुऱ्याउनेछ। उद्घाटन सत्रको समापनमा सीएईपीएचटी, रानीपुलस्थित एआईसीआरबी अन पीईएएसईएमका मुख्य अन्वेषक डा. दीपक झाझरियाले धन्यवाद ज्ञापन गरे। यो कार्यशाला लुधियानास्थित आईसीएआर-सीआईपीएचईटीको तत्त्वावधानमा सीएईपीएचटी, रानीपुलद्वारा आयोजन गरिएको हो।

केरुङ कृषि कार्यालयमा खेत बचाओ अभियान आयोजित

याङ्गाङ, २६ अक्टोबरः कृषि विभागले सोमवार श्रीपताम गाग्योङ जीपीयू अन्तर्गतको केरुङ कृषि कार्यालयमा 'खेत बचाओ अभियान' आयोजन गऱ्यो। कार्यक्रममा पञ्चायत सभापति डीआर गुरुङ, पञ्चायत सदस्य निमु लेप्चा, कृषि विज्ञान केन्द्र (केभीके) नामथाङका वरिष्ठ वैज्ञानिक तथा प्रमुख इन्द्र प्रसाद शिवाकोटी, बागवानी उपनिर्देशक डा. हेमन्त घिमिरे, कृषि विकास अधिकारी (एडीओ) फ्लोरेञ्ज भोटिया, कृषि प्रविधि प्रबन्धक (एटीएम) सुरेन्द्र लिम्बू तथा विभागका अन्य पदाधिकारीहरूको उपस्थिति थियो।

कार्यक्रमको शुरुआत सुरेन्द्र लिम्बूको स्वागत मन्तव्यबाट भयो। सहभागीहरूलाई सम्बोधन गर्दै फ्लोरेञ्ज भोटियाले खेत बचाओ अभियानको उद्देश्य र महत्त्वबारे प्रकाश पारिन्। उनले माटोको स्वास्थ्य कायम राख्नुपर्ने र दिगो कृषि अभ्यासलाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिइन्। उनले एकीकृत पेस्ट प्रबन्धन (आईपीएम) र एकीकृत पोषक तत्त्व प्रबन्धन (आईएनएम)-को अवधारणाबारे विस्तृत चर्चा गर्दै पारिस्थितिक सन्तुलन कायम राख्न र दिगो फसल उत्पादन सुनिश्चित गर्न यी विधिहरूको सान्दर्भिकता प्रस्ट पारिन्। साथै, उनले कृषकहरूलाई विभागद्वारा सञ्चालित विभिन्न योजना, जैविक मल र कृषि कार्यमा सहयोग पुऱ्याउने अन्य कृषि सामग्रीहरूबारे जानकारी दिइन्।

कृषि विज्ञान केन्द्र नामथाङका वरिष्ठ वैज्ञानिक तथा प्रमुख इन्द्र प्रसाद शिवाकोटीले वैज्ञानिक कृषि प्रविधिहरूको प्रसार र कृषक समुदायलाई आवश्यकतामा आधारित प्राविधिक सहयोग उपलब्ध गराउने केभीकेको जिम्मेवारी र भूमिकाबारे विस्तृत रूपमा बताए। उनले कृषि उत्पादकत्व बढ़ाउन र दीर्घकालीन कृषि दिगोपन सुनिश्चित गर्न माटोको स्वास्थ्य प्रबन्धन, जलस्रोतको कुशल उपयोग तथा वैज्ञानिक एवं दिगो कृषि अभ्यास अपनाउनुपर्ने कुरामा जोड़ दिए।

बागवानी उपनिर्देशक डा. हेमन्त घिमिरेले कृषकहरूलाई सहयोग पुऱ्याउन विभागले चालेका विभिन्न कदमबारे जानकारी दिए। उनले सहभागीहरूसँग अन्तरक्रिया गर्दै उनीहरूको जिज्ञासालाई सम्बोधन गर्नुका साथै कृषि अभ्यास तथा विभागका कार्यक्रम सम्बन्धी उनीहरूका चासो स्पष्ट पारे।

पञ्चायत सभापति डीआर गुरुङले कृषि क्षेत्रलाई मजबुत बनाउने उद्देश्यले सञ्चालित पहलहरूमा सक्रिय रूपमा सहभागी हुन कृषक समुदायलाई प्रोत्साहित गरे। कार्यक्रमको अन्त्यमा मार्केटिङ सहायक तार छिरिङ लेप्चाले धन्यवाद ज्ञापन गरे। कार्यक्रमपछि कृषकहरूलाई कृषि सामग्री वितरण गरियो। कार्यक्रमको सञ्चालन मार्केटिङ सहायक सुकरानी लिम्बूले गरेकी थिइन्।

गोर्खाल्याण्ड राष्ट्रिय मञ्चको तेस्रो राष्ट्रिय अधिवेशन नागाल्याण्डको डिमापुरमा सम्पन्न

डिमापुर, २६ अक्टोबरः गोर्खाल्याण्डको मुद्दा दार्जीलिङ, तराई र डुवर्समा बसोबास गर्ने गोर्खाहरूको मात्र नभएर भारतका हरेक राज्यमा बसोबास गर्ने गोर्खाहरूको मुद्दा हो र यो मुद्दालाई टुङ्गोमा पुऱ्याउन प्रत्येक राज्यमा बसोबास गर्ने गोर्खाहरूको सहभागिता आवश्यक रहेको धारणा राख्दै हरेक राज्यका गोर्खाहरूलाई गोर्खाल्याण्डको मुद्दामा आबद्ध गराउन गठन गरिएको गोर्खाल्याण्ड राष्ट्रिय मञ्चको तेस्रो राष्ट्रिय अधिवेशन नागाल्याण्डको डिमापुरमा सम्पन्न भएको छ। गोरामले गत ७ सेप्टेम्बरको दिन 'ह्वाई नट गोर्खाल्याण्ड' विषय राखेर दार्जीलिङमा आयोजित गरेको राष्ट्रिय मञ्चको कार्यक्रमको लगत्तैपछि नागाल्याण्डमा यसरी अर्को अधिवेशन सम्पन्न गरेको हो।

अधिवेशनमा वक्ताहरूले गोर्खाल्याण्डको निम्ति राष्ट्रिय मञ्चले गरेको र गर्नाका निम्ति तयार पारेको योजनाबारे बताए। गोरामका सह-संयोजक किशोर प्रधानले उत्तरपूर्वी राज्यका गोर्खाहरूको पीड़ा देखेको कारण नै गोर्खाल्याण्डको निम्ति राष्ट्रिय स्तरको सङ्घर्ष हुनुपर्ने विचार लिएको बताए।

गोर्खाल्याण्डको सङ्घर्षमा भारतीय गोर्खाहरूको सहयोग मात्र होइन, सहभागिता हुनुपर्ने धारणा राख्दै उनले भने, ''विगतमा भएको गोर्खाल्याण्ड आन्दोलनमा उत्तरपूर्वी राज्यका गोर्खाहरूले सघाए अनि आफ्नो दायित्व पूरा गरे, तर अधिकार मागेनन्, त्यो गल्ती भयो अनि हामीले यो गल्तीलाई शुरुमै सच्याएर उत्तरपूर्वी राज्यबाटै एलएन सुब्बालाई संयोजक बनाइसकेका छौँ। त्यो बेला तपाईँहरूले सुन्ने काम गर्नुभयो, अब तपाईँहरू अर्डर दिने ठाउँमा हुनुहुन्छ। यो तपाईँहरूको लागि अथवा राष्ट्रिय हिसाबले गोर्खाल्याण्डको सङ्घर्षको लागि सुनौलो पल हो। बौद्धिक, भौतिक र आर्थिक रूपमा गोर्खाल्याण्ड सङ्घर्षलाई भारतीय गोर्खाहरूले मेरो भन्नुपर्छ, जात, धर्म अनि पेशाभन्दा माथिको सवाल हो गोर्खाल्याण्ड, जीविकाको होइन जीवनसँग जोड़िएको सवाल हो गोर्खाल्याण्ड। राजनीतिक जीवनलाई त्यागेर जातीय सङ्घर्षमा लागेका मानिसहरू न लोभसँग आकर्षित हुन्छन्, न त डर देखाउँदा डराउँछन्।'' व्यक्तिगत सम्बन्ध भए पनि आजसम्मको सङ्घर्षमा सांसद राजु विष्टलाई कार्यक्रममा आइदिने निमन्त्रण बाहेक अरू केही कुराको सहयोग नमागेको र माग्न नपरोस् भन्दै उनले जोससँग स्वाभिमान छैन उसले स्वाभिमानको सङ्घर्ष गर्न नसक्ने कुरा थपे।

अर्का वक्ताको रूपमा संयोजक एलएन सुब्बाले गोराम गठनदेखि लगातार रूपमा गर्दै आएका विभिन्न कार्यक्रमबारे बताउँदै दिल्ली धर्नादेखि दार्जीलिङको अधिवेशनसम्म गरेको कार्यक्रम र कार्यक्रमको उद्देश्यबारे विवरण प्रस्तुत गरे। उनले देशको संसदमा गोर्खाल्याण्डको चर्चा गराउनुपर्ने वा बील ल्याउनुपर्ने उद्देश्य राखेर गोरामले तयार पारेको योजनाअनुसार जन्तर मन्तरमा गरिएको धर्ना प्रदर्शन, केन्द्रिय मन्त्रीहरूलाई गरिएको पत्राचार, विभिन्न सांसदसँग गरिएको भेटघाट र चर्चा तथा केन्द्र सरकारद्वारा नै नियुक्त गरिएको इन्टरलोक्युटरसँग भएको बातचितबारे विस्तृत जानकारी साझा गरे। विशेष गरी दार्जीलिङका सांसद राजु विष्ट, सिक्किम सांसद इन्द्रहाङ सुब्बा र इन्टरलोक्युटरसँग भएको बातचित साझा गर्दै उनले देशका गृहमन्त्रीलगायत विभिन्न क्षेत्रका सांसदहरूसँगै विभिन्न राजनैतिक दल र विपक्षका नेताहरूलाई गोरामले दिएको मेमोरेण्डममा गोर्खाल्याण्डको मुद्दा दार्जीलिङ, तराई र डुवर्सको मात्र मुद्दा नभएर देशको प्रत्येक राज्यमा बसोबास गर्ने सर्वभारतीय गोर्खाहरूको मुद्दा हो कुरा उल्लेख गरेको पनि उनले बताए।

आफ्नो सम्बोधनलाई अघि बढ़ाउँदै उनले थपे, ''१९०७ देखि अहिलेसम्म चलिरहेको गोर्खाल्याण्ड मागको आन्दोलन भारतीय गोर्खाहरूको राष्ट्रिय पहिचान तथा राष्ट्रिय चिह्नारीसँग सम्बन्धित छ, जुन कुरालाई नै हामीले आफ्नो मेमोरेण्डममा उल्लेख गरेका छौँ।''

भारतीय गोर्खाहरूको विषयमा इन्टरलोक्युटरसँग एक घण्टा लामो चर्चा र बहस अवधि आफूहरूले राखेको कुरा उल्लेख गर्दै उनले अघि भने, ''हामीले भन्यौँ उत्तरपूर्वी राज्यमा बसोबास गर्ने गोर्खाहरूको भूमिको अधिकार, नोकरीको अधिकार बिस्तारै खोसिँदै जाँदैछ अनि विभिन्न राज्यमा भएको एकर्डले ती राज्य र प्रशासनिक एकाइहरूलाई जुन व्यवस्था तथा क्षमता दिएको छ, त्यसले अझै यहाँका रैथाने गोर्खाहरूको नागरिक अधिकार सम्पन्न पनि खोसिँदै जाँदैछ। यसरी राज्य र अरू काउन्सिलजस्ता पक्षहरूलाई सरकारले दिएको व्यवस्था तथा क्षमताको कारण अर्को पक्षलाई जुन असर पर्छ त्यसको कुनै पनि सुनवाइ भएको छैन। यसले गर्दा उत्तरपूर्वी राज्यका गोर्खाहरूको आर्थिक, सामाजिक र राजनैतिक अधिकार हनन भएको छ। सरकारले कुनै राज्य, काउन्सिल वा आन्दोलनकारी समूहसँग सम्झौता गर्दा त्यो सम्झौताले जुन तेस्रो पक्षलाई असर गर्छ त्यो पक्षसँग कुनै चर्चा वा अन्तरक्रिया गरेको छैन। जसरी असम एकर्डले असमको असमिज र अन्य जनजातिहरूको सुरक्षाको निम्ति त काम गरेको छ तर असमकै अन्य समुदायमा त्यसको कति असर परेको छ, न त त्यो केन्द्र सरकारले बुझेको छ न त राज्य सरकारले बुझेको छ। कुनै ठाउँका जनजातिलाई अधिकार दिँदा त्यहीँठाउँका रैथाने अन्य समुदायको जुन अधिकार खोसिँदैछ त्यो त सरकारले हेरेको छैन। यसकारण केन्द्र सरकारले क्रमबद्ध रूपमा जुन प्रकारको शासन प्रणाली चलाएर आएको छ त्यसले हामीलाई धेरै नोक्सान पुऱ्याएको छ। यो विषयमा सरकार डिबेट नै गर्न चाहन्छ भने पनि हामी तयार छौँ। यतापट्टि भारतीय गोर्खाहरूको नाममा केन्द्र सरकारले जतिपल्ट समाधान खोज्यो कहिले दार्जीलिङ हिल काउन्सिल दिने, कहिले जीटीए दिने जुन चाँहि फ्लप भएको छ।''

यसरी इन्टरलोक्युटरसँग राखेको कुरालाई सुनेपछि इन्टरलोक्युटरले गोर्खा नेताहरूले नै हिल काउन्सिल र जीटीएमा साइन गरेको, सरकारले जबर्जस्ती गर्न लगाएको होइन भन्ने कुरा बताएको कुरा पनि साझा गरे। गोर्खाल्याण्डको सन्दर्भमा बोल्दै उनले भारत स्वाधीन भएपछि भारतीय संविधानअन्तर्गत नै विभिन्न राज्य बन्दै आएको सबैलाई थाहा भएकै कुरा हो भने गोर्खाल्याण्ड गठनमा के आपत्ति हुन्छ भन्ने प्रश्न उठाए।

अधिवेशनमा विगतको गोर्खाल्याण्ड आन्दोलनमा सहभागिता जनाउने नागाल्याण्डका दुई वयोवृद्ध जातीय सङ्ग्रामी कुमार सुब्बा रन ऋणकुमार छेत्रीलाई सम्मान जनाइयो भने गोर्खाल्याण्ड राष्ट्रिय मञ्चको नागाल्याण्ड राज्य कमिटी गठनको निम्ति नाम पनि प्रस्तावित गरियो, जसको पूर्णिङ्ग कमिटी आउँदो नोभेम्बर पहिलो हप्ता गठन हुने बताइएको छ। प्रस्तावित नामहरूमा उपस्थित सदस्यहरू क्रमैले यम राई, नानु थापा, दानियल राई, टीकाराम छेत्री, उमा छेत्री, सञ्जय छेत्री, कमल राणा, जीवन गिरी, आनन्द गुरुङ, हर्बु राई, रबिन छेत्री, श्याम तामाङ, महेन्द्र लामा र गिरीश छेत्रीलाई गोर्खाल्याण्ड राष्ट्रिय मञ्चको राज्य समितिमा मनोनीत गरिएको छ।

अधिवेशनपछि मञ्चका प्रतिनिधिहरूको एउटा कार्यकारिणी सभा बसेको थियो, जसमा नोभेम्बरमा करुणाचल प्रदेश राज्य समिति र मणिपुर राज्य समिति पनि गठन गर्ने निर्णय लिइएको छ भने संसदको शीतकालीन अधिवेशनलाई केन्द्र गरेर संसदमा गोर्खाल्याण्डको आवाज पुऱ्याउन दिल्लीमुखी कार्यक्रम गर्ने पनि निर्णय लिइएको छ। सभाले केही नयाँ सदस्यलाई राष्ट्रिय मञ्चको कार्यकारी समितिमा मनोनीत गर्ने निर्णय लिँदै जीवन गिरीलाई नागाल्याण्डबाट मनोनीत गरिएको छ। कार्यकारी सदस्य शिबु सोनारको सञ्चालनमा चलेको अधिवेशनमा गोराम सहसंयोजक सानु तामाङ, नारी प्रभारी अधिवक्ता अरुणा राई, विद्यार्थी प्रभारी आदर्श मगर, कार्यकारी सदस्य विक्रम छेत्री र कुमार सुब्बाले पनि वक्तव्य राखे भने मञ्चका युवा प्रभारी जयकुमार राई, कार्यकारी सदस्य राजेन दर्जी, कोषाध्यक्ष तिलक रिजाल, मणिपुरबाट मञ्चका कार्यकारी सदस्य मोतिराम छेत्री, कार्बीआङ्लोङ गोर्खा छात्र सङ्घका अध्यक्ष चन्दन प्रधान, नेपाली साहित्य तथा सांस्कृतिक मञ्चका प्रमुख सल्लाहकार ध्रुव रिमाल, डिमापुर गोर्खा युनियनका अध्यक्ष कुमार सुब्बा, डिमापुर गोर्खा युनियनका उपाध्यक्ष चन्द्र सुब्बा, हाम्रो स्वाभिमानका अध्यक्ष शिवकुमार विश्वकर्मा, दीपक छेत्री, समाजसेवी प्रेम कुमार र ओमबहादुर राणा लगायत कार्बीआङ्लोङ गोर्खा छात्र सङ्घ, नेपाली साहित्य एवं सांस्कृतिक मञ्च, डिमापुर गोर्खा युथ क्लब, नागाल्याण्ड गोर्खा युनियनका प्रतिनिधि, सदस्य साथै नागाल्याण्डका नारी, विद्यार्थी, युवा र वरिष्ठ नागरिकहरूको उपस्थिति रहेको थियो।

एनजेपी स्टेशनमा हतियारसहित बिहारका दुई युवक पक्राउ

सिलगढ़ी, २६ अक्टोबर (हिस): रेलमार्गबाट हतियार तस्करी गर्ने प्रयासलाई एनजेपी स्टेशनमा रेलवे पुलिसले विफल पारेको छ। संयुक्त अभियान सञ्चालन गरी पुलिसले विवेक एक्सप्रेसको साधारण डिब्बामा तलासी लिने क्रममा बिहारका दुई युवकलाई आग्नेयास्त्रसहित पक्राउ गरेको छ। पक्रा परेका युवकहरूको पहिचान रोहन कुमार (२०) र गुड्डु कुमार (१९)-का रूपमा भएको छ।

पुलिस सूत्रअनुसार, आइतवार अबेर राति सिलगढ़ी जीआरपीको विशेष अपरेशन समूह (एसओजी) र एनजेपी जीआरपी पुलिसले संयुक्त अभियान सञ्चालन गरेका थिए। यसै क्रममा प्लेटफर्म नम्बर ६ मा आइपुगेको डाउन विवेक एक्सप्रेसको साधारण डिब्बामा तलासी लिइएको थियो। शङ्काको आधारमा दुवै युवकलाई नियन्त्रणमा लिएर उनीहरूको स्कूल ब्याग जाँच गर्दा आग्नेयास्त्र जफत भयो। एनजेपी जीआरपीले आज दुवै आरोपीलाई जलपाइगढ़ी अदालतमा पेश गरी पुलिस हिरासतमा राख्न अनुमति माग्नेछ।

STATE BANK OF SIKKIM

AUCTION NOTICE

In terms of Proclamation of Sale order dated 23.09.2026 by the Court of the Certificate Officer, Gyalshing District under the Sikkim Public Demands Recovery Act, 2006, bids are invited from the public in general for the following property:

Name of Bank	Name of account	Description of property	Date of Auction	Reserve price	Earnest Money Deposit
State Bank of Sikkim	Mr. Anand Gazmer	Immovable property comprise of Land and skeleton structure located at Singyang block, below old helipad, Pelling, under Gyalshing District, covered under Khatiyan no. 85, plot no. 591/655, 591/656 having an area of 0.0320 hectare recorded in the name of Mr. Anand Gazmer.	17.11.2026 at 11 am	Rs. 1,37,60,000/-	Rs. 20,64,000/-

For further query and inspection of the property, please contact:

9434022144/ 9614870313, 9832347932

FORM VI
See Rule 11(1)

Proclamation of Sale

Mr. Anand Gazmer and Ors. (Certificate Debtor)

The Managing Director, State Bank Of Sikkim (Certificate Holder)

SCHEDULE

Immovable property covered under Khatiyan No: 85, Plot No. 591/655 and 656 having a total area of 0.0320 hectare located at Singyang block, under Gyalshing District, Sikkim recorded in the name of Respondent No.1 Mr. Anand Gazmer.

1. Amount of Certificate Debt Rs.**11,93,58,436/-** with further interest till date.

2. Upset price fixed by the Certificate Officer Rs. **1,37,60,000 /-**

3. The above mentioned property will be sold by public auction on 17/11/2026 **at the Premises of District Administrative Centre, Gyalshing District from 11 a.m onwards.**

4. At the said sale the public in general are invited to bid either personally of by duly authorize agent. No bid by or on behalf of the Certificate Debtor above mentioned, however, will be accepted nor will any sale to him be valid without the express permission of the Certificate Officer.

5. **Conditions of sale:**

i. The particulars specified given above have been stated to the best of the information available with the Certificate Officer and he will not be answerable for any error, mis-statement or omission in this Proclamation.

ii. The higher bidder shall be declared to be the purchaser of the said property described in the Schedule.

iii. Every bidder shall make an advance deposit of 15% (percent) of the upset price so fixed before he commences his bid.

iv. For reasons recorded it shall be in the discretion of the Officer conducting the sale to adjourn it to secure better price.

v. Full amount of the purchase money shall be paid before the Officer conducting the sale either on the day of the sale or within 7(seven) days from the date of sale as is to be fixed by the Certificate Officer.

vi. In default of payment of the purchase money within the period allowed, the property shall be resold after the issue of a fresh Proclamation and the advance so made by him shall be forfeited.

All sales under these rules shall be subject to local laws for the time being enforced in the State of Sikkim.

Sd/-
District Magistrate-cum-Certificate Officer,
Gyalshing District

Dated:23/09/26

Printed, Published and owned by Mrs. Padam Maya Kharka and printed at Choices International, Daragaon, Tadong, Gangtok -737102, Sikkim and published at Kashiraj Pradhan Road, Nam Nam, Gangtok-737101, Sikkim. Associate Editor: Rajendra Pradhan, Editor: Mrs. Mala Rana Patro. Phone No. (03592) 231265, 7001336001, Fax: 231265. E-mail: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386

मुद्रण, प्रकाशन तथा स्वामित्व श्रीमती पदम माया खड्का, चोइसेस इन्टरनेशनल, डाँड़ागाउँ, तादोङ, गान्तोक-737102, सिक्किममा मुद्रित तथा काशीराज प्रधान रोड, नामनाम, गान्तोक-737101, सिक्किमबाट प्रकाशित। एसोसिएट सम्पादक: राजेन्द्र प्रधान, सम्पादक: श्रीमती माला राणा पात्रो। फोन नम्बर (03592) 231265, 7001336001, फ्याक्स: 231265। ईमेल: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386